२०८२, असार

https://gorkhapatraonline.com/yuba-manch

मूल्य रू. २५

युवामञ्च

समृद्धिमै खुसी

क्यान्सरमा
बहुऔषधि उपचार

विवाहको वैदिक रीति

गोरखापत्र संस्थानका प्रकाशनमा विज्ञापन प्रकाशित गर्न तथा ग्राहक बन्नका लागि निम्नानुसारका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ
सम्पर्क नं. : ०१-५३२७४९३, ५३३१३९४ (विज्ञापन शाखा)/ ५३२०६३८ (ग्राहक सेवा शाखा)/टोल फ्री नं. १६६००१९४४४४
इ-मेल : mgorkhapatra@gmail.com

पूर्व क्षेत्र प्रकाशन कार्यालय, विराटनगर
विराटनगर-१९, मोरङ, कोशी प्रदेश
सम्पर्क नं. : ०२१-५९१००३, ५९१००४
इ-मेल : biratnagar.regional@gorkhapatra.org.np

पश्चिम क्षेत्र प्रकाशन कार्यालय, कोहलपुर
सम्पर्क नं. : ०८१-५३१६२२, ५३१६२३
इ-मेल : kohalpur.regional@gorkhapatra.org.np

मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ०४१-५९०४२९
इ-मेल : janakpur.regional@gorkhapatra.org.np

बागमती प्रदेश कार्यालय, हेटौँडा, मकवानपुर
सम्पर्क नं. : ०५७-५९०६५१
इ-मेल : hetauda.regional@gorkhapatra.org.np

गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की
सम्पर्क नं. : ०६१-५३१८२७, ९८६५०२२६६६
इ-मेल : pokhara.regional@gorkhapatra.org.np

लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही
सम्पर्क नं. : ०७१-५४३३७६
इ-मेल : butwal.regional@gorkhapatra.org.np

कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
सम्पर्क नं. : ०८३-५९००६०
इ-मेल : karnali.regional@gorkhapatra.org.np

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
सम्पर्क नं. : ०९१-४१२०४३, ९८५८४२१८०१
इ-मेल : dhangadi.regional@gorkhapatra.org.np

हाम्रा प्रकाशनहरू

गोरखापत्र THE RISING NEPAL

gorkhapatraonline.com मधुपर्क युवामञ्च मुना

बिहानको चियासँगै
गोरखापत्र र THE RISING NEPAL
तपाईंको शहरमा
लमजुङ-बेशीशहर, दमौली हुँदै पोखरा
बिहान ६:३० बजे
विदुर र धादिङबेशी
बिहान ६:०० बजे
नारायणगढ, भरतपुर
बिहान ५:३० बजे
हेटौंडा
बिहान ४:३० बजे
पथलैया
बिहान ५:०० बजे
चन्द्रनिगाहपुर
बिहान ५:३० बजे
वीरगञ्ज
बिहान ६:०० बजे
बारा, कलैया र निजगढ
बिहान ६:१५ बजे
गौर
बिहान ६:३० बजे
मलंगवा र लालबन्दी
बिहान ७:०० बजे
बर्दिबास
बिहान ७:४५ बजे
गोरखापत्र
THE RISING NEPAL
१२४
पहिलो राष्ट्रिय दैनिक
मासिक प्रकाशनहरू
मधुपर्क युवामञ्च मुना
टोल फ्रि नं. १६६०-०१-९४४४४

मुद्रक : गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं ।

वर्ष ३८, अङ्क १, २०८२ साल असार
June-July 2025
Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र

६ ओझेलमा परेका अश्वारोही सालिक

१० दोलखा चिनाउने सुरेल

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत ६० (२०७७ मा रानाथारु थप गरिएको) जातिमध्ये लोपोन्मुख समूहमा सुरेल पर्दछन् ।

१४ शारीरिक सुगठन एक कलात्मक खेल

शरीरको रक्षा इच्छा मात्र राखेर त हुने होइन त्यसका लागि पोषणयुक्त भोजन, संयमित जीवन तथा आवश्यक शारीरिक क्रियाकलाप वा नियमित व्यायाम गर्नै पर्‍यो ।

प्रमुख तीर्थस्थल

यस क्षेत्र वरपर समस्त जीवलाई सांसारिक बन्धनबाट मुक्ति दिने समर्थवान् देवादि देवा त्रिदेव महादेव पशुपतिनाथको ज्योतिर्लिङ्ग भएको मूल मन्दिर छ । गुह्येश्वरी जस्तो शक्तिपीठ र बागमती जस्तो पवित्र नदी रहेको छ ।

२६

३१

विवाहको वैदिक रीति

वर्तमान समाजमा विवाह करार वा संस्कार भन्ने विवाद पनि व्याप्त छ । मानव सभ्यताको आरम्भ भएसँगै मानिसले सामाजिक तथा सांस्कृतिक विधि, पद्धति एवं सांस्कृतिक आयाम निर्माण गर्दै आयो ।

४०

आदर्श वचनको व्यङ्ग्योक्ति

'नागरिक बिनाबर्दीको प्रहरी' यो कुरा व्यवहारमा लागू हुन सकेको छैन। सूचना प्रविधिको विकाससँगै हात हातमा मोबाइल फोन र सामाजिक सञ्जालमा चुर्लुम्म जनमानसमा पनि भाइरल बन्ने उत्कण्ठा हाबी देखिएको छ ।

६६

क्यान्सरमा बहुऔषधि उपचार

केमोथेरापीले अन्य कोषलाई बनाउन, बढ्न र विभाजित गर्नबाट रोकेर काम गर्छ । किनभने क्यान्सरका कोष आमरुपमा सामान्य कोषको तुलनामा तीव्र रुपमा बढ्छ र विभाजित हुन्छ ।

७१

मौलिक सम्पदा फेरी प्रथा

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

सम्पादन सहयोगी
देवबहादुर कुँवर

उत्पादन विभाग
ओम भुसाल

व्यापार
गङ्गबहादुर पन्थी

वितरण विभाग
बबिता कार्की

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान
पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१-४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१-५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१-५९०४२९
हेटौँडा : ०५७-५९०६५१
पोखरा : ०६१-५३८५२२
बुटवल : ०७१-५४१४३८
सुर्खेत : ०८३-५९००६०
धनगढी : ०९१-४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-

सम्पादकीय

पोसिलो र स्वच्छ खाना

आरोग्य रहनका लागि स्वस्थ खाना, नियमित व्यायाम, योग मात्र पर्याप्त नहुन सक्छ। स्वस्थ जीवनशैली हुँदाहुँदै पनि निरोगी र ओजस्वी रहन हामीले के र कस्तो खाना खाने गरेका छौँ त्यसले समेत महत्त्व राख्दछ। हामीले देखेको वा सुनेको हुनु पर्छ स्वस्थ जीवन अपनाएका, दैनिक नियमित व्यायाम वा योग गर्ने, संयमित जीवनमा बाँधिएका कतिपय मानिससमेत अनायास बिरामी परेको। "फलानो त स्वस्थ थियो, खेल्दा खेल्दै ढल्यो र बित्यो।" यस्ता कुरासमेत सुनिन्छन्। बिरामी पर्ने वा मृत्यु हुने कारण अनेक हुन्छन् तर स्वच्छ र शुद्ध आहाराको कमी एक प्रमुख कारण बन्न थालेको छ।

आधुनिक समाजमा व्यस्त जीवन तथा आर्थिक उपार्जनको आवश्यकता र प्रतिस्पर्धाले भोजनग्रहणको प्राथमिकता समेत फेरिएको छ। घरको भान्साभन्दा बजारमा उपलब्ध वा प्रशोधित खाद्यवस्तुमा आकर्षण र निर्भरता बढ्नुले मानिसमा असाध्य रोगको दरसमेत वृद्धि भएको तथ्य कसैबाट लुकेको छैन। क्यान्सर, उच्च रक्तचाप वा मधुमेह घरघरको रोग बन्दै छ। नियमित व्यायाम, योगप्रति चेतना नबढेको होइन तर रोगीको दर बढ्दो क्रममा छ। प्रश्न उठ्छ अचेल भोकै पर्ने अवस्था छैन, खाद्यवस्तु तुलनात्मक रूपमा पोसिला छन् र स्वास्थ्यप्रति सचेतना व्यापक छ तैपनि अस्पतालमा रोगीको चाप थेगी नसक्नुको कारण के होला ? स्पष्ट रूपमा भन्न सकिन्छ बजारका तयारी खाद्यवस्तुको बहुतायत उपभोग यसमा दोषी छ।

केही वर्षपहिले एउटा चाउचाउको विज्ञापनमा भनिएको थियो, "झुक्याउने कुरै छैन !" यस उत्पादनले कति झुक्यायो त्यो अनुसन्धानको विषय होला तर चाउचाउमा हुने एडिटिभ मोनोसोडियम ग्लुटामेट (एमएसजी) स्पष्ट रूपमा स्वास्थ्यलाई अहितकर छ। खाना भान्सामै तयार किन नगरिएको होस् त्यसमा यदि रासायनिक अवयव हालिएका बजारी वस्तु प्रयोग गरिएको छ भने त्यो पनि स्वस्थकर हुँदैन, चाउचाउ जस्तै। ताजा, पकाएको तथा ब्याक्टेरियालगायतका अन्य रोगाणु वृद्धि हुन नसक्ने गरी आहारा स्वच्छ हुनु पर्छ। बासी, बट्टाबन्द अन्य प्रशोधित तयारी खाद्यवस्तु समग्रमा हितकर हुँदैनन्। एक पटक तयार पार्‍यो महिनौँपछि पनि खान सकिने खाद्यवस्तु कस्ता होलान् ? घरमा तयार बिहान पकाएको खाद्यवस्तु त बेलुकीसम्म खान नहुने हुन सक्छन्, कतिपयमा त गन्ध आउन थाल्छ। महिनौँ टिक्ने र स्वाद अनुसारका खाद्यवस्तु त्यत्तिकै तयार गरिएका हुँदैनन्- विज्ञान/प्रविधिको जटिल प्रक्रिया र बजारतन्त्र प्रेरित हुन्छन्। अनेक खालका रसायन हालेर ती खाद्यवस्तु सुरक्षित र स्वादिलो बनाएको तथ्य कसैबाट लुकेको छैन। तिनबाट हाम्रो स्वास्थ्यमा पर्न सक्ने दुष्प्रभाव सतहमा आइसकेका छन्।

अचेल हरेक पसलमा प्रशोधित खाद्यवस्तु जसरी प्राथमिकता दिएर सजाइएका हुन्छन् र उपभोगतामाझ तिनको लोकप्रियतालाई हेर्दा खाद्यवस्तुबाट आउने रसायनको प्रभावबाट पृथक् रहन सकिएला जस्तो लाग्दैन। तथापि स्वास्थ्य दूषित पार्ने प्रशोधित खाद्यवस्तु र रसायनका बारेमा जागरूक हुनुले धेरै महत्त्व राख्दछ। यसो हुन सकेमा बिस्तारै प्रशोधित खाद्यवस्तुप्रति एक खालको यस्तो नकारात्मक भावना जागृत हुने छ जसबाट अन्ततोगत्वा स्वास्थ्य सकारात्मक हुने छ। ■

विश्वास लिएको छु

युवामञ्चको जेठ अङ्क समयमै पढ्ने अवसर मिल्यो। रामप्रसाद घितालले लेखेको 'पञ्चाङ्ग यसरी बन्छ' शीर्षकको सामग्री निकै राम्रो लाग्यो। 'बगैँचा मासेर बनाइएको मार्ग' शीर्षकको लेख पढेपछि बगैँचा जस्तो सुन्दर स्थान मास्न हुन्थेन भन्न चाहन्छु। दीपक श्रेष्ठले लेखेको 'नाच्न हुरुक्कै मेचे' शीर्षकको लेख निकै राम्रो लाग्यो।

'खानामा प्रिजर्भेटिभ्स कत्तिको सुरक्षित' शीर्षकको सामग्री सबैले पढ्नै पर्ने रहेछ। 'वकिल र डाक्टरको कोट' को कथा शीर्षक लेख निकै मन पर्‍यो। डा. हेमराज कोइरालाले लेखेको 'प्राकृतिक चिकित्सा विज्ञानका आधार' शीर्षकको लेख ज्यादै नै पढ्नयोग्य रहेछ।

यमबहादुर दुराले लेखेको 'भन्ज्याङ गाथा' शीर्षकको सामग्री सुन्दर छ। निर्मलकुमार आचार्यले लेखेको 'कतै फालाफाल कोही मालामाल' शीर्षकको सामग्री पढ्दा मेरो मन खुसी भयो। 'जिब्रो रसाउने सङ्खुवासभाको सखर' शीर्षकको लेख पढेपछि मेरो जिब्रो रसाउन पुग्यो। मेरो पुस्तकालय अन्तर्गत वियोगी बुढाथोकी दाजुका बारेमा पढ्ने अवसर मिल्यो। डा. भागवत आचार्यले लेखेको 'लगानीमा ध्यान दिनुपर्ने विषय' शीर्षकको आर्थिक लेख निकै राम्रो रहेछ।



यस पटकको युवामञ्च मा समेटिएका लेख, रचना तथा समसामयिक सामग्री सान्दर्भिक नै लागे। यसमा युवा वर्गको विषयलाई बढी नै प्राथमिकतामा राखेर लेख, रचना तथा आवश्यक सूचना, सामग्री प्रकाशित गर्दा राम्रो हुन्छ कि भन्ने सुझाव छ। युवामञ्चको नियमित पाठक भएको नाताले यत्तिको सुझाव दिँदा झर्को लाग्ने छैन भन्ने विश्वास लिएको छु।

अरुणबहादुर खत्री 'नदी'
बूढानीलकण्ठ, पासिकोट, उज्यालो बस्ती, काठमाडौँ

गजबको पुनर्जन्म

युवामञ्चको जेठ अङ्कमा 'एक पुनर्जन्मले ल्याएको सनसनी' शीर्षकको लेख पढ्ने अवसर मिल्यो। घटना हाम्रै छिमेकी देश भारतको रहेछ। यो लेखमा सुरेश बर्मा नाम गरेका व्यापारीको गोली हानी हत्या भएपछि उनको पुनर्जन्म लिएर टिटु अर्थात् तोरण सिंहले हत्याराको नाम सार्वजनिक गरेको कथावस्तु निकै पठनीय लाग्यो।

पुनर्जन्म हुन्छ भन्ने कुरा सुनेको थिएँ तर पत्यार लागेको थिएन। यस पटक युवामञ्चले प्रकाशित गरेको खोजमूलक लेख पढ्ने अवसर मिलेपछि सत्य रहेछ भन्ने लाग्यो। यो घटना त करिब ४२ वर्षपहिलेको रहेछ। टिटु नाम गरेका व्यक्ति अहिले कहाँ के गर्दै होलान् त्यस विषयमा पनि थप खोजमूलक लेख पढ्ने अवसर पाएमा आभारी हुन्थेँ।

सूर्य चन्द
महेन्द्रनगर, कञ्चनपुर

पढ्न पाइएन

युवामञ्च पढ्न नपाएको धेरै भयो। केही वर्षपहिलेसम्म युवामञ्च पत्रिका विमान र बस चढेर झापासम्म आइपुग्थ्यो। स्थानीय स्टेसनरी पसलबाहिर सेतो प्लास्टिकको कभरभित्र हेर्न मिल्ने तर खोल्न नमिल्ने गरी राखिएको अवस्थामा भेटिन्थ्यो।

त्यहीँबाट पत्रिका किनेर पढ्ने बानी थियो मेरो। अचेल कहीँ कतैको पत्रिका पसलमा युवामञ्च बिक्रीका लागि राखेको भेटिँदैन। हाम्रै बिर्तामोडको एक जना स्टेसनरीवाला भाइलाई युवामञ्च मगाइदेउन भनेको तर त्यो भाइले युवामञ्च पत्रिकाको नाम सुनेको भने तर उनले पनि देखेकै रहेन छन्। कृपया झापासम्म युवामञ्च पत्रिका पुग्ने वातावरण मिलाइदिनु पर्‍यो। युवामञ्च उपलब्ध नहुँदा हामी पाठकलाई मर्का पर्‍यो।

दीपक पोखरेल
बिर्तामोड, झापा

खाडीको पीडा

युवामञ्च जेठ अङ्कको आवरण पृष्ठमा नै उल्लेख 'विप्रेषणसँगै भित्रिँदै दीर्घरोग' पढ्दा वैदेशिक रोजगारका लागि खाडी मुलुकमा जाने मेरो योजना एकाएक परिवर्तन भएको छ।

यो लेख पढ्दै जाँदा वैदेशिक रोजगारमा पैसा कमाउन नै जाने हो, त्यो पैसा घरपरिवार पाल्न, छोराछोरी पढाउन, घर बनाउन र जग्गा जमिन जोड्नकै लागि न हो ठान्दछौँ तर आफ्नो स्वास्थ्यका बारेमा कहिलै ख्याल गर्दैनौँ भन्ने थाहा भयो। आफू नै रहेन र स्वास्थ्य राम्रो भएन भने पैसा कमाएर पनि के काम रहेछ।

खाडी मुलुकको चर्को गर्मी, शुद्ध पिउने पानीको अभाव र पैसा कमाउने लोभका कारण धेरै नेपाली मिर्गौलाले काम गर्न छोडेपछि घर न घाटको हुने अवस्था रहेछ। मिर्गौला रोगले थलिएर जीवन र मरणको दोसाँधमा बाँचेकाहरू स्वदेश फर्किनेको चाप पनि निकै रहेछ। लेख पढ्दा धेरै कुरा जान्ने र सिक्ने अवसर पाइयो।

राजेन्द्र बराल
रामकोट, काठमाडौँ

उपयोगी लाग्यो

२०८२ साल जेठ महिनाको युवामञ्च समयमै पढ्न पाइयो। यस पत्रिकाबाट विभिन्न प्रकारका बौद्धिक तथा ज्ञानगुनका कुरा थाहा पाउन सकियो। प्राकृतिक चिकित्सा विज्ञानका लेखरचनाबाट स्वस्थ जीवनशैली हाम्रो स्वास्थ्यको मूल आधार हो तथा जीवनशैली स्वस्थ नहुँदा हामीलाई अनेकौँ असाध्य रोगले गाँज्न सक्ने जानकारी मिल्यो। यसका विभिन्न सिद्धान्तबारे लेखिएको लेख एकदमै उपयोगी लाग्यो।

यस अङ्कको पृष्ठ नं. ५५ मा एक पुनर्जन्मले ल्याएको सनसनी शीर्षकमा लेखिएको लेख बालक टिटु तथा पुनर्जन्मको जीवनका बारेमा उनले व्यक्त गरेका कुरा र घटनाक्रम एकदमै चाखलाग्दो छ। साथै लगानी गर्दा ध्यान दिनुपर्ने विषयबाट लगानीका बारे ज्ञान आर्जन गरी आफूले गर्ने लगानीलाई सुरक्षित बनाउन सकिने प्रभावकारी उपाय अवलम्बन गर्न सकिने थाहा पाइयो।

यसमै प्रकाशित कतै फालाफाल कतै मालामाल शीर्षकमा लेखिएको रुद्राक्षको महत्त्व र नेपालको रुद्राक्षको भारतमा महत्त्व तथा त्यसबाट गरिने आयआर्जनबारे पढ्न पाउँदा मूल्यवान् रुद्राक्षको खेती गरी नेपाललाई आर्थिक रूपमा सबल बनाउन सकिने सम्भावना मैले देखेँ।

यस अङ्कमा प्रकाशित भएका सामान्य ज्ञान, कोठेपद, अङ्कजाल प्रतियोगिता, तपाईंको प्रश्न ज्योतिषीको उत्तर र राशिफलसमेत रोचक र उपयोगी नै छन्। यो मासिक पत्रिका युवाका लागि तथा समसामयिक विविध विषयमा जानकारी राख्न चाहनेका लागि एकदमै प्रभावकारी र उपयोगी रहेको छ।

साथै लोकसेवा आयोग तथा अन्य प्रतिस्पर्धात्मक परीक्षाको तयारी गर्नेका लागिसमेत नभई नहुने अति आवश्यक पत्रिकाका रूपमा यसले स्थान बनाउन सफल भएको देखिन्छ।

सुशान्त पन्त
विनायक शान्ति निकेतन
बबरमहल, काठमाडौँ

ओझेलमा परेका
अश्वारोही सालिक

■ रमेश खनाल

बिहान, दिउँसो, साँझ टुँडिखेल चौर घुम्नेले टुँडिखेल वरपरका अश्वारोही सालिक देखेकै हुनु पर्छ तर ती अजङ्गका सालिक कस कसका हुन् भन्ने कुरा धेरैलाई थाहा नहुन पनि सक्छ।

ती सालिक २०१७ सालअघिसम्म राजधानीका मुख्य मुख्य चौबाटोमा जस्तै रत्नपार्कबाट बागबजार जाने चोक, टुँडिखेलबाट न्युरोड जाने चोक, सहिदगेटबाट सुन्धारा जाने चोक, जमलको रानीपोखरी चोक, विशालबजार अगाडि र जावलाखेल चिडियाखानाअगाडि राखिएका थिए। राजधानीका सडक सुधार गर्ने क्रममा यी सालिक टुँडिखेलभित्र विभिन्न स्थानमा स्थानान्तर गरिएका हुन्।

शहरका मुख्य मुख्य चोकमा सालिक राखेर शहरको शोभा बढाउने काम युरोपमा प्रशस्त देख्न सकिन्छ। भनिन्छ जङ्गबहादुर राणा पनि

लन्डन र फ्रान्सका सालिकबाट प्रभावित भएर नै काठमाडौँका विभिन्न चोकमा सालिक स्थापना गर्न प्रेरित भएका थिए।

काठमाडौँमा भएका अश्वारोही सालिक विश्वस्तरका छन्। यिनीहरूको निर्माण बेलायत र फ्रान्समा भएको थियो। यी सालिकको कलाकृतिले हेर्नेलाई मुग्ध बनाउँछ। यी सालिक विभिन्न भावभङ्गीमा छन्। कुनै सालिकमा वीरत्वको शान देखिन्छ। कुनै सालिक खुट्टा उठाएर अगाडि बढ्ने हाँक दिइरहेको प्रतीत हुन्छ। अन्य केही सालिकले प्रभुत्वको शान देखाएझैँ लाग्दछ। जेहोस् सालिक बनाउने मूर्तिकारहरूले आफ्नो सबै सिप पोखेर विश्वस्तरीय सालिक निर्माण गरेका छन्।

टुँडिखेल वरपर विद्यमान सालिकबारे केही जानकारी यस प्रकार छ :

जङ्गबहादुर राणाको अश्वारोही सालिक

यो सालिक काठमाडौँको नागस्थान पछाडि छ। घोडामाथि चढेर पछिल्तिर फर्किएको जङ्गबहादुरको एक आकर्षक सालिक हो। यो सालिक युरोप भ्रमणका बेला विसं १९०७ भदौ १० गते फ्रान्सको सेन्टरी मैदानमा सैनिक परेड (मार्चपास) हेर्न घोडचढी अगाडि बढ्दा घोडालाई नियन्त्रणमा ल्याई परेड कति पछि पऱ्यो भनी जङ्गबहादुरले परेडलाई फर्की हेरेको स्मरण गरी बनाउन लगाइएको थियो।

जङ्गबहादुरको यो सालिक लन्डनका प्रसिद्ध मूर्तिकार सर थोमस ब्रमे.क. एसले इसं १८८१ मा बनाएका हुन्। यिनले थुप्रै अन्य ठूला ठूला मूर्ति बनाएका छन्। लिड्स शहरको स्क्वाएरमा यिनले बनाएको एडुवार्ड दी ब्लाक प्रिन्स, अल्बर्ट मेमोरियलमा भएको प्रिन्स अल्बर्ट, बकिङघम प्यालेसअगाडि उभिएको भिक्टोरियन मेमोरियल मूर्ति पनि सर थोमसले नै बनाएका हुन्। यिनले अन्य थुप्रै मूर्ति देश विदेशमा बनाएका छन्। यिनको जन्म सन् १८४७ मा इङ्ग्ल्यान्डको बर्सेस्टरमा भएको थियो। सन् १९२२ मा ७५ वर्षको उमेरमा लन्डनमा यिनको मृत्यु भयो। खासगरी यिनी मूर्तिकार र मुद्रा डिजाइनमा प्रसिद्ध मानिन्थे।

प्रधानमन्त्री रणोद्विप सिंहको अश्वारोही सालिक

जङ्गबहादुरको सालिकको हाराहारीमा उत्तरपट्टि प्रधानमन्त्री रणोद्विप सिंहको अश्वारोही घोडाले दुवै खुट्टा उचालेको निकै नै स्तरीय सालिक छ। श्री ३ हरूको तथ्य वृत्तान्त भन्ने पुस्तकका अनुसार सन् १८५७ मा घेरेको गदरको युद्धमा रणोद्विप सिंहले देखाएको वीरतालाई संस्मरण गर्ने अभिप्रायले सालिकको मुनि भाँचिएको तोप र तोपका पाङ्ग्रा राखेर युद्ध मैदानको झलक देखाउने प्रयास गरिएको छ। हाल यो सालिक सदर टुँडिखेलको दक्षिण पश्चिम कुनामा छ। आफ्नो कान्छो भाइ धीरशमशेरका महत्त्वाकाङ्क्षी छोराको हातबाट विसं १९४२ मा यिनको हत्या गरिएको थियो।

कमान्डर इन चिफ जनरल धीरशमशेरको अश्वारोही सालिक

सदर टुँडिखेलको पश्चिम उत्तर कुनामा महाँकाल भैरव मन्दिरको उत्तरपट्टि राणा प्रधानमन्त्री जङ्गबहादुरको कान्छो भाइ धीरशमशेरको सालिक छ। दुर्भाग्यवश धीरशमशेर प्रधानमन्त्री हुन नपाउँदै मृत्यु भयो। तत्पश्चात् धीरशमशेरका जेठा छोरा वीरशमशेर नेपालको प्रधानमन्त्री एवं कमान्डर इन चिफ भएपछि यिनले आफ्ना पिता धीरशमशेरको संस्मरणमा यो सालिक स्थापना गराएका हुन्।

प्रधानमन्त्री वीरशमशेरको सालिक

नेपाल विद्युत् प्राधिकरणको अगाडि भएको अश्वारोही सालिक राणा प्रधानमन्त्री वीरशमशेरको हो। वीर अस्पतालको दोबाटोको चोकबाट स्थानान्तर गरेर टुँडिखेलभित्र यसलाई राखिएको हो। नेपालको इतिहासमा वीरशमशेरको प्रधानमन्त्रीकाललाई राष्ट्रिय शोषणको नयाँ परम्परा थालनी भएको कालमा गनिने हुँदा त्यति राम्रो मानिँदैन। यिनको मृत्यु विसं १९५७ फागुन २३ गते भएको थियो।

चन्द्रशमशेरको अश्वारोही सालिक

चन्द्रशमशेरको अश्वारोही सालिक पनि बेलायतमा नै बनाइएको थियो। यो सालिक बेलायतबाट बनाएर पानीजहाजबाट ल्याउँदा जहाज समुद्रमा पल्टियो। चन्द्रशमशेर जीवित हुँदासम्म उनको सालिक स्थापना हुन सकेन तर त्यसबेला सालिकको बिमा गरिएको हुँदा बिमा कम्पनीले क्षतिपूर्ति दिएपछि पुनः सालिक बनाएर ल्याउँदासम्म चन्द्रशमशेर मरिसकेका थिए। उनको मृत्युपछि प्रधानमन्त्री भीमशमशेरले उक्त सालिक अनावरण गरेका थिए। हाल यो सालिक सदर टुँडिखेलको दक्षिण पूर्व अर्थात् भद्रकाली देवी पीठको दायाँपट्टि छ।

जुद्धशमशेरको अश्वारोही सालिक

पहिले यो सालिक जावलाखेल चिडियाखाना अगाडि थियो। २०१७ सालपछि यो सालिकलाई स्थानान्तर गरेर सैनिक मुख्यालय भद्रकालीको बायाँपट्टि राखियो। प्रधानमन्त्री जुद्धशमशेरको यो सालिक शालीन छ। जुद्धशमशेरले शिरमा श्रीपेच होइन हेल्मेट रूपी टोपी लगाएका छन्। यो अश्वारोही सालिकको अनावरण २००५ साल जेठ ३१ गते प्रधानमन्त्री मोहनशमशेरबाट भएको थियो। यो सालिक निर्माण गर्नमा निजका पुत्र लेफ्टिनेन्ट जनरल नारायणशमशेर जबराको योगदान छ।

श्री ५ पृथ्वी वीरविक्रम शाहको अश्वारोही सालिक

स्व. राजा श्री ५ पृथ्वी वीरविक्रम शाहको अश्वारोही सालिक भद्रकालीको पूर्वपट्टि छ। विसं १९८६ फागुन २ गते राजा त्रिभुवनले यसको अनावरण गरेका थिए।

शहरका विभिन्न चोकबाट स्थानान्तर गरेर सदर टुँडिखेलभित्र राखिएका अश्वारोही सालिक कलात्मक छन्। सिपजन्य छन्। भावप्रिय छन्। सन्देशमूलक छन् तर यस्ता अश्वारोही सालिकलाई कलात्मक ढङ्गबाट राखिएको छैन। यस सन्दर्भमा जङ्गबहादुरको सालिकलाई भने सानो बगैँचाभित्र सजाएर राखिएको छ। यसरी नै अन्य सालिकलाई पनि व्यवस्थित गरिनु पर्छ। सालिकको छेउमा उभिएर तस्बिर खिच्न पाइयोस्। यी सालिकबाहेक अन्य कुनै अश्वारोही सालिक बनेका छैनन् र बनाउने अग्रसरता पनि कहीँकतैबाट भएको छैन।

यी अश्वारोही सालिक हाम्रा सम्पदा हुन्। यी सालिकले राणाहरूमा मूर्तिकलाप्रतिको सोख धेरै थियो भन्ने दर्साउँछ। अतः यी अश्वारोही सालिकका फेदीमा सानो बगैँचा बनाइदिने तथा सालिकको विवरण लेखेर छेवैमा देखिने गरी राखिदिने र सुरक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ। ■

काजीको कलम

सधैं गुल्जार नयाँ सडक

नयाँ सडक अर्थात् न्युरोड काठमाडौँ शहरको व्यापारिक केन्द्र मानिन्छ। यो सडक बनेपछि नेपालमा आधुनिकताको सुरुवात भएको थियो। जुद्ध सडक नामकरण गरिएको नयाँ सडकमा मोटर, कार र साइकल दौडिन थालेसँगै व्यापारिक चहलपहलले त्यो क्षेत्र गुल्जार बन्न पुग्यो।

नयाँ सडक निर्माणको इतिहास करिब ९० वर्ष पुरानो छ। यो नेपालको पहिलो कालोपत्रे सडक हो र व्यापारिक केन्द्र बनेपछि आधुनिक जीवनशैलीमा रमाउनेहरूका लागि प्रमुख गन्तव्य बन्यो। अहिले पनि न्युरोड क्षेत्र सवारीसाधनको बाक्लो चाप, सर्वसाधारणको भिडभाड र व्यापारिक चहलपहलले गुल्जार नै रहन्छ। उपभोक्ताका लागि आवश्यक सबै वस्तु उपलब्ध हुने स्थानका रूपमा न्युरोड परिचित छ।

१९९० सालअघि पाको, पुखुलद्यः र फसिकेव गरी तीन टोल थिए। तिनै टोलको बीच भाग चिरेर नयाँ सडक बनाइयो। तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमशेरले ९० सालमा भूकम्प गएपछि नयाँ शहर बसाउने योजना अनुरूप फराकिलो सडक बनाएका थिए। "सडकको एकपट्टिको भाग पक्की (पिच) र अर्कोपट्टि ग्राभेल थियो।" पाकोका स्थानीय निरग मानन्धर भन्छन्, घोडचढी तथा बग्गी ग्राभेलमा तथा कार, मोटर र साइकल पिचमा कुद्थे।

पहिलो पिच सडक भएकाले अनुभवको अभावमा घोडा दौडाउँदा चिप्लिन्छ कि भन्ने भ्रम थियो। सडकको दुवैतिर सर्वसाधारणलाई हिँड्न फराकिलो फुटपाथ (सडकपेटी) बनाइएको थियो । उनका अनुसार त्यो बेला युरोपेली शैलीको सडक बनेको देख्दा जो कोही प्रधानमन्त्री जुद्धशमशेर बौलाए कि भन्थे। सडकमा गुड्न आजको जस्तो पर्याप्त गाडी, मोटर थिएनन्। फुटपाथमा हिँड्नलाई न मान्छे नै थिए।

भूकम्पपीडितको उद्धार, उपचार र राहतमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै स्थानीय नागरिकले नै चन्दा उठाएर सम्मानस्वरूप जुद्धशमशेरको सालिकसमेत बनाएका थिए। भूकम्पले भत्काएका घर पुनर्निर्माण गर्ने शर्तमा वसन्तपुरदेखि न्युरोड गेटसम्म जुद्ध सडक बनेपछि सालिकलाई मध्यमा पारेर उत्तरमा इन्द्रचोक, दक्षिणमा पुरानो भन्सार (टेवहाल) सम्म अर्को फराकिलो सडक बनाइयो।

जुद्ध सालिकको चारै दिशामा सिधा र फुटपाथ भएको फराकिलो सडक अझै देख्न सकिन्छ। सडकको दायाँबायाँ पसल तथा कवल राख्न मिल्ने गरी एकै किसिमको घर बनाउन लगाइएको थियो। यस्तो घर बनाउनेको ऋण मिनाहा गरिएको लेखक एवं साहित्यकार नरेन्द्रबहादुर श्रेष्ठ बताउँछन्। दरबारमा आउने विदेशी पाहुनालाई नेपालको चिनोस्वरूप केही सामान किनमेल गराउन यिनै पसल तथा कवलमा लैजाने चलन थियो।

सुरु सुरुमा जुद्धमार्ग नामकरण गरिए पनि विदेशी ग्राहक र मारवाडी व्यापारीको उपस्थितिसँगै नयाँ सडकको नाम न्युरोडमा रूपान्तरण हुन पुग्यो। अचेल सबैले न्युरोड नै भन्ने गर्छन्। न्युरोड क्षेत्रमा फुटपाथ पार्किङ त्यो बेलादेखि नै थियो। साहित्यकार श्रेष्ठका अनुसार विशाल बजार बनेपछि मात्र व्यवस्थित पार्किङ सञ्चालनमा आएको हो। कार, मोटर न्युरोड सडक र पिपलबोट वरिपरि नै पार्किङ गरिएका हुन्थे।

थोक तथा खुद्रा पसल, अन्तर्राष्ट्रिय ब्रान्डको गुणस्तरीय सामानको व्यापार, नेपाली हस्तकलाका पसल, सुन, चाँदी तथा हिरामोतीका कलात्मक गरगहनाको उत्पादन र बिक्री गर्ने परम्पराको विकास पनि यहीँ न्युरोडबाट भएको थियो। त्यस्तै गाडी, मोटर र साइकल खरिद बिक्री, भाडामा लिएर चढ्ने संस्कृति, रातबिरात सुत्नलाई होटेल र खाजा, नास्ता खान रेस्टुरेन्ट जाने परम्पराको थालनी पनि न्युरोडबाट सुरु भएको मानिन्छ।

केही फोटो स्टुडियो, चलचित्र घर, बैङ्क, छापाखाना, पब्लिक स्कुल (हालको जुद्धोदय), दमकल, नगरपालिका कार्यालय, असरल्ल पत्रपत्रिका पसल, जुत्ता चप्पल सिलाइ जस्ता अनौठो र नौलो व्यवसायका कारण पनि न्युरोड त्यो बेलादेखि चलायमान बन्दै आयो। नयाँ सडक बने पनि नेवार समुदायको बाक्लो बस्ती रहेको पाको, पुखुलद्यः र फसिकेव टोल हराएका छैनन्। हाल यी टोलमा नेवार समुदायको बाक्लो बसोबास नभए पनि टोलको नाम भने सुन्न पाइन्छ।

नेपाल भाषा पाः को अर्थ मुनि र क्यः (को) अर्थ स्थित हुन्छ। त्यस्तै पुखुलद्यः भिरालो जमिन र पोखरी भन्ने अर्थ हुन्छ। पाको पुखुलद्यः भिरालो जमिनमुनिको पोखरी रहेको स्थान हाल नेपाल बैङ्क लिमिटेडको भवन बनेको ठाउँ हो। न्युरोड गेट भने राजा त्रिभुवनको राज्याभिषेकका अवसरमा दुइटा हात्ती छिर्न मिल्ने गरी बनाइएको थियो। हाल इन्द्रचोकसम्मको सडकलाई शुक्रपथ र टेबहालसम्मको सडकलाई धर्मपथ नामकरण गरिएको छ।

राणा शासकहरूले भित्र्याएको आधुनिक जीवनशैलीका कारण न्युरोड गुल्जार बन्दै गर्दा रैथाने नेवार समुदाय विस्थापित हुन पुगे। यस क्षेत्रमा व्यापार व्यवसायका लागि बाह्य व्यापारीले प्रवेश पाए। परापूर्वकालदेखि असन–इन्द्रचोक क्षेत्रमा चल्दै आएको आकाशमुनिको व्यापार न्युरोडका कारण पसल, कवल र सटरमा व्यवस्थित भएको थियो। परम्परागत व्यापार सुपरमार्केटमा सरेसँगै सडकको अगाडिको भागमा सुनचाँदीको व्यापार फस्टाएको छ। अचेल न्युरोड गेटदेखि इन्द्रचोकसम्म जताततै सुनचाँदी पसल देख्न सकिन्छ। नेपालको पहिलो सुपरमार्केट विशाल बजार पनि न्युरोडमै निर्माण भएको थियो। ▪

–देवबहादुर कुँवर

फूलबारी

समग्र रूपमा नियाल्दा सुरेल भाषा भोट चिनियाँ भाषा अन्तर्गत राईकिराँती भाषामा पर्ने भाषाका रूपमा देखिन्छ भने भाषिक सन्निकटताका कारण यो भाषाको स्वर/ध्वनि तामाङसँग मिल्दो तथा नेपालीकरण भएको पाइन्छ ।

दोलखा चिनाउने सुरेल

■ दीपक श्रेष्ठ

दोलखा जिल्लाको चरीकोटबाट उत्तरतिर ३५ किलोमिटर दूरी तय गरेपछि तामाकोशी किनार पुगिन्छ– सिङ्गटी । त्यहाँबाट करिब १० किलोमिटर पूर्व अघि बढेर सुरीखोला पछ्याउँदै जाँदा पुगिन्छ सुरी । जहाँ सुरेल जातिको बसोबास रहेको छ ।

दोलखा जिल्लाको गौरीशङ्कर गाउँपालिका–५ मा सुरेल जातिको मुख्य बसोबास छ । गौरीशङ्कर गाउँपालिका–८, खारेखोलामा समेत चार घर सुरेल छन् । सुनुवार र सुरेलको भाषामा धेरै मतक्य छ । लोपोन्मुख जातिलाई राज्यले २०६५ सालबाट सामाजिक सुरक्षा भत्ता दिन थालेपछि नागरिकतामा सुनुवार थर लेख्दै आएका सुरेलले आफ्नै थर लेख्न थालेको पाइन्छ ।

सुरेललाई बेग्लै समुदायका रूपमा परिभाषित गर्दै सामाजिक सुरक्षा भत्ता प्रदान गर्न दोलखाका तत्कालीन प्रमुख जिल्ला अधिकारी श्रीकृष्ण श्रेष्ठको महत्त्वपूर्ण पहल रहेको छ ।

'नेपाली र सुरेल भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन' शीर्षक साधुराम पोखरेलको सोध (२०७२) मा "सुनुवारसँग मेल खाने सुरेलहरूले सुनुवार भनेर आफ्नो थर बदल्दा विभिन्न जनगणना (२०३८,४८, ५८) मा र अन्य तथ्याङ्कमा पनि सुनुवारभित्रै गाभिन पुगेका छन् । यसको परिणामस्वरूप सुरेलहरू आफ्नो भाषा, संस्कृति, चालचलन छोडेर स्थानीय वा नेपाली ब्राह्मण क्षेत्रीका संस्कार ग्रहण गर्ने क्रममा छन्," भनिएको छ ।

साधुरामले आफ्नो सोधमा "विविध भाषाको परिचय दिने क्रममा नेपाली साहित्यको इतिहास नामक पुस्तकमा सम्पादक प्राडा चूडामणि बन्धुले सुनुवार भाषालाई अलग्गै राखेर दोलखा जिल्लाको सुरीखोलाका किनारामा बसोबास गर्ने दुई सय जति सुरेलको पनि आफ्नै सुरेल भाषा छ। यस भाषाका विषयमा धेरै कुरा थाहा छैन। त्यस्तै नगेन्द्र शर्माले नेपाली जनजीवन नामक पुस्तकमा विविध जातिको परिचय दिने क्रममा सुरले शीर्षक दिएर सुरेल जातिको परिचय खुलाएका छन्। उनले सुरेल भाषालाई तिब्बती भाषा समुदायको सदस्य भनेर उल्लेख गरेका छन्," भनी उल्लेख गरेको पाइन्छ।

आफ्नो सोधको निष्कर्षमा साधुरामले लेखेका छन्, "समग्र रूपमा नियाल्दा सुरेल भाषा भोट चिनियाँ भाषा अन्तर्गत राईकिराँती भाषामा पर्ने भाषाका रूपमा देखिन्छ भने भाषिक सन्निकटताका कारण यो भाषाको स्वर/ध्वनि तामाङसँग मिल्दो तथा नेपालीकरण भएको पाइन्छ।"

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत ६० (२०७७ मा रानाथारू थप गरिएको) जातिमध्ये लोपोन्मुख समूहमा सुरेल पर्दछन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार सुरेलको जनसङ्ख्या ३१८ छ। न्यून जनसङ्ख्या त्यसमा पनि अन्तरजातीय विवाहका कारण सुरेल भाषा सङ्कटमा पर्दै गएको छ। तथापि भाषा संरक्षणकै लागि गौरीशङ्कर गाउँपालिका-५ को विष्णुश्वरी प्राथमिक विद्यालयमा सुरेल भाषाको स्थानीय पाठ्यक्रम निर्माण गरी पढाउन थालिएको छ।

डा. तारामणि राई, दिवस राई र सुवास सुरेलले 'सुरेल जातिको चिनारी (२०७९)' मा "सुरेल भाषा चिनियाँ-तिब्बती महाभाषा परिवार अन्तर्गत तिब्बती-बर्मेली भाषा परिवार अन्तर्गत पर्ने हिमाली समूहमा पर्ने भाषा हो। एथ्नोलग (सन् २०१२) ले सुरेल भाषालाई सुनुवारको भाषिका भनेको छ तर यसअघि ब्राडले (सन् १९९७) ले चाहिँ सुरेल भाषा स्वतन्त्र भाषा नै हो भनेर उल्लेख गर्दै यो भाषा दक्षिण पश्चिमी किराँती भाषाहरू हायु, बायुङ, सुनुवार र सुरेल हुन सक्ने भनी, उल्लेख गरेका छन्।"

उनीहरूले "यो भाषा किराँती भाषासँग नजिकको सम्बन्ध राख्ने भाषा हो। सुरेल शब्दले जाति र भाषा दुवैलाई बुझाउँछ," भनेका छन्। नेपाल प्राध्यापक सङ्घको जर्नलका लागि लोकनाथ दुलाल र सुरज भट्टराईले लेखेको, 'सुरेल जातिका लोक देवीदेवता एवं पूजा-उपासना विधि' मा सुरेल जातिलाई "मूलतः हिन्दु धर्म मान्ने यो जातिका सांस्कृतिक परम्परा धार्मिक मूल्यमान्यता र विश्वासबाटै निर्देशित छन्," भनिएको छ।

उनीहरूमा लोक देवीदेवता एवं पूजा-उपासना विधि पनि आफ्नै प्रकारको रहेको उल्लेख छ। शोध लेखमा, "भूमे, इवी, बम्बु, श्रीढोल, श्रीचन्द, जसिढोल, इतितढोल, आइतबारे, रेल, गङ्गा, किर्गिस्तानी, सेलीभूमे, सेतीदेवी, सेतीनाग, कोमलामाई, बासी जस्ता देवीदेवतालाई यिनीहरू कुलदेवता, पितृदेवता तथा स्थानीय देउदेउताका रूपमा भक्तिभावका साथ पूजा-उपासना गर्ने गर्छन्," भनिएको छ। सुरेल जातिमा विशेषतः वर्षको दुई पटक उँभौली र उँधौलीमा ती देउदेउताको पूजा-उपासना धुमधामसाथ गर्ने परम्परा रहेको छ। उनीहरू जस्तोसुकै प्रतिकूल अवस्थामा पनि कुलदेवता, पितृदेवता तथा स्थानीय देउदेउताप्रति श्रद्धाभक्तिसहित पूजा-उपासना गर्दछन्।

सूचना विभागले प्रकाशन (२०३१) गरेको 'मेचीदेखि महाकाली' भाग २ मा "सुरेलहरू आफूलाई किराँती वा

सुनुवार हौँ भन्छन् र सुनुवारहरूले बोल्ने पुरानो स्थानीय भाषा बोल्दछन्," भनिएको छ । सो पुस्तकमा "सुरेलहरू मङ्गोल समुदायका पूर्वी नेपालका बासिन्दा हुन् । यिनीहरू पूर्वी नेपाल, दोलखा जिल्ला, सुरी-तिनेखु हलेश्वर अन्तर्गत सुरीखोलाको बायाँ किनारमा अवस्थित ससाना सुरी दोभान र खहरे गाउँमा बसोबास गर्दछन् । यिनीहरूको जम्मा ३२ घरपरिवार र १४६ जनसङ्ख्या छ," उल्लेख छ ।

श्रीमतीले छाड्दा एक घैँटो रक्सी

सुरेल जातिको मुख्य पेशा खेती नै हो । शिक्षामा कमी, गरिबी र खेतीयोग्य जग्गाजमिनको कमीले सुरेल जाति गरिबीको मारमा छ । सुरेल जातिको चिनारीमा उल्लेख भए अनुसार सुरेलहरू आफूलाई बासे र वीरबलका सन्तान ठान्छन् ।

उनीहरू आफ्ना पुर्खा सिमङ्गढीबाट आएको विश्वास गर्दछन् । यो जातिमा मागी विवाह र चोरी विवाह दुवै उत्तिकै चलनचल्तीमा रहेको छ । खर्चका हिसाबले समेत मागीभन्दा चोरी विवाह कम खर्चिलो हुन्छ । चोरी विवाह गरे पनि सामाजिक मान्यता प्राप्तिका लागि पुनः मागी जस्तै विवाहको प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । यो जातिमा बहुविवाहको चलन चाहिँ पाइन्न । आफ्नो श्रीमान्सँग असन्तुष्ट श्रीमतीले आफूखुशी श्रीमान् छाड्न सक्ने सामाजिक अधिकार रहेको छ । यस्तो अवस्थामा छाडेर जाने श्रीमतीलाई केही रकम र उनको बाबुआमालाई एक घैँटो रक्सीसमेत केटा पक्षले दिनुपर्ने हुन्छ तर श्रीमती अर्के केटा खोजेर पोइल गएमा जारी लिने चलनसमेत सुरेल जातिमा छ ।

सुरेल जातिमा विवाहपूर्व नै कुनै युवती गर्भवती भएमा त्यसको जानकारी कुलकी बूढीपाकी महिलालाई दिनुपर्ने हुन्छ । उनैले त्यो हल्ला गाउँमा फिजाउँछिन् । त्यसपछि जसको गर्भ हो उसैसँग युवतीको विवाह गराइहाल्ने चलन सुरेल समुदायमा रहेको पाइन्छ ।

शवलाई नुहाइधुवाई

सुरेल जातिमा मृत्यु पर्नासाथ घरको बाहिर पिँढीको दाहिनेपट्टि गुन्द्रीमा शव राखिन्छ । मृत्यु परेको घरभित्र तुरन्तै लिपपोत गरिएपछि मृतकलाई नुहाई धुवाई गरी नयाँ लुगा लगाएर मुखमा पैसा राखिदिने चलन छ । यो जातिमा शव जलाउने परम्परा छ ।

मृतकको उमेर अनुसार त्यति नै दाउराको चिता बनाउने गरिन्छ । तथापि एक महिनादेखि १० वर्षसम्मका बालबालिकालाई गाड्ने गरिन्छ । मृतकको आँखीभौँ र जुङ्गा जलाउनु हुन्न भन्ने मान्यता यो जातिमा छ । गर्भवती तथा सुत्केरी महिलाको मृत्यु भएमा शिशुसँगै जलाइन्छ ।

सुरेल जातिमा १२ दिनसम्म जुठो बारिन्छ । जुठो बार्दा किरियापुत्रीले खाना पकाउने गर्दैनन् । आफ्नो भातभान्सा भित्रका मानिसले पकाएको खाना नै किरियापुत्रीले खानु पर्दछ । जुठो बार्दा उसिनेको वा घिउ, नुन परेको चिजबिज खान हुँदैन । श्रीमान्को मृत्यु भएमा श्रीमतीले दुई छाक र श्रीमतीको मृत्यु भएमा श्रीमान्ले दिनको एक छाक मात्र खाएर जुठो बार्ने चलन छ । बाबुको मृत्यु भएमा सबैभन्दा कान्छा छोराले मृतकको भागको श्रीसम्पत्ति पाउँछ । उसले आमा एवं अविवाहिता दिदीबहिनीको पालनपोषण गर्नु पर्दछ ।

तारामणि राई, दिवस राई र सुवास सुरेलको पुस्तक 'सुरेल जातिको चिनारी (२०७९)' मा उल्लेख गरिए अनुसार "धेरै पहिले लास पोल्ने दुई जना हुन्थे भने किरिया नाक्सोले गरिदिन्थे । मृतकको घरमा गच्छे अनुसार चामल वा कोदोको जाँड पकाई बाख्रो काटी घेवा गर्नुपर्थ्यो भने लास पोल्ने दुई जनालाई चाहिँ आँगनमा पूर्व

फर्काई बाख्रोको टाउको सिँगै बाँडेर खाने गरी दिइन्थ्यो। त्यसबेला उनीहरूलाई भरपुर खानेकुरा दिनु पर्दथ्यो।"

उनीहरूको सामाजिक संस्कार हिन्दुकृत हुँदै गएको पाइन्छ। यसो हुनुमा सुरेल जातिमा धामीझाँक्रीको कमी हुनु नै हो भन्ने ठम्याइ उनीहरूको छ।

"सुरेलमा वर्षदिनसम्म नै बरखी बार्ने चलन रहेको पाइन्छ। त्यसो त वार्षिक श्राद्ध गर्नका लागि पनि ब्राह्मणलाई बोलाई गर्ने चलन छ। यस्तो श्राद्ध सोह्र श्राद्धको तिथिमा पर्ने गर्दछ तर हिन्दु संस्कारले नगाँजुन्जेल त बरखी पुगेपछि मान पास्यो (घेवा) नै गर्ने चलन रहेको थियो। यो बेला त गोरु नै काट्ने चलन थियो। तीर्थबहादुर सुरेलले दिएको सूचना अनुसार २०१९ सालदेखि पूर्ण रूपले बाहुन प्रयोग गर्न थालियो।" 'सुरेल जातिको चिनारी' पुस्तकमा उल्लेख गरिएको छ।

गर्ने किकि-तानी देवता हो र यसलाई उनीहरूले ठूलो आदरका साथ मान्दछन्।

यसबारे पनि एउटा घतलाग्दो कथन यस प्रकार छ, उहिले सुरी गाउँको एक जना सुरेलको घरमा एक जना दनुवार हली रहन्थ्यो। सुरेलको घरमा गोरु जोतिरहन इच्छा नभएकाले गोरु जोत्दाजोत्दै फालीको फलाम भाँच्दै झिक्ने गर्दो रहेछ र ढुङ्गामा ठक्कर खाएकाले फाली भाँचियो भनी मालिकलाई भन्दो रहेछ। हलीको कुरामा पत्यार नगरी सुरेलले चेवा गर्दा पुनः फालीको फलाम भाँच्दै गरेको फेला परेपछि किन त्यसो गरेको भन्दा केही उत्तर नदिई त्यो हली दनुवार रोई मात्र बसेछ।

त्यसपछि आफ्ना सरसामान रुखको टोड्काभित्र राखी सुरीखोलामा हामफालेर हलीले आत्महत्या गरेछ। मेरो गल्तीका लागि मलाई माफ गरिदिनु, सुरेलहरूको रक्षा

सुरेलहरू मङ्सिर पूर्णिमा र जेठ पूर्णिमामा देवी थान, भूमे थान, श्री बाम्बु थान, चन्द थान र द्वादली शिकारी थान इत्यादिमा सिन्दूर, धूप, कपुर, फूल, अक्षता, तोर्मा आदिले पूजा गरी पशुपन्छीको बलि चढाउँछन्।

संस्कृतिमा झाँक्री प्रभाव

सुरेल जातिमा हिन्दु र बौद्ध धर्मको सांस्कृतिक प्रभाव पाइन्छ। तथापि जन्मदेखि मृत्यु संस्कारमा उनीहरूको आफ्नै ढङ्गका रीतिथिति र संस्कार छन्। उनीहरूमा झाँक्री वा झाँक्रिनी (पोयम्बो वा गियामिनी), नाक्सो (पुजारी), पोके नाक्सो, दुमा नाक्सो इत्यादि नामका देवारी, पुजारी, पुरोहितमार्फत जातीय संस्कार गर्ने गराउने चलन छ। झाँक्रीले सेतो जामा र पगरी लगाई ढ्याङ्ग्रो बजाउँदै सुरेलहरूको देवीदेवता, भूतप्रेत, कुलपितृलाई मनाउने, विभिन्न चाडपर्वमा पूजा एवं जातीय संस्कारसमेत सम्पन्न गराउने गर्दछन्। बिरामी पर्दा पनि यिनै झाँक्रीले व्यथा छुट्याउने, दशाग्रह हेर्ने र दरदबाई गर्ने काम पनि गर्दछन्।

मेचीदेखि महाकाली पुस्तकमा उल्लेख गरिए अनुसार सुरेलहरूले श्री बाम्बुलाई संसारको सृष्टिकर्ताका रूपमा सबैभन्दा ठूलो देवता मान्दछन् र आफ्नो रक्षा होस् भन्नाका लागि यिनलाई बलि चढाउने पनि गर्दछन्। यिनीहरू श्रीढोल, श्रीचन्द, जसिढोल इतितढोल (दुमाढोल) इत्यादिलाई पनि मान्ने गर्दछन्। उनीहरूको घरको रखवारी गर्नेछु भनी दुई/तीन वर्षपछि सो हली वायु भएर झाँक्रीको जिउमा चढेकाले प्रत्येक सुरेलको घरमा ढुकुटीको दाहिने कुनामा सो हली दनुवारको सम्झनामा किकि-तानीको स्थापना गरी पूजा गर्न थालेको भनाइ छ। त्यसैले सुरेलहरूमा जुनसुकै नयाँ चिजबिज खान परेमा र नयाँ कार्य भएमा किकि-तानीलाई चढाउने वा पुज्ने चलन छ।

सुरेलहरूले मान्ने धन्य देवीदेवतामा सेती भूमे (वन भूमे), सेती देवी (वनदेवी), सेती नाग (वन नाग), आइतबारे (गोठको रक्षक), गङ्गा, नोकन्दे, कोमेला माई (स्वास्थ्य रक्षक), इबी, रेल र बासी (इन्द्र धनु) इत्यादि हुन्। सुरेलहरू मसाने, वन, झाँक्री र कालो भूत इत्यादिमा विश्वास राख्दछन्।

सुरेलहरू मङ्सिर पूर्णिमा र जेठ पूर्णिमामा देवीथान, भूमेथान, श्री बाम्बुथान, चन्दथान र द्वादली शिकारी थान इत्यादिमा सिन्दूर, धूप, कपुर, फूल, अक्षता, तोर्मा आदिले पूजा गरी पशुपन्छीको बलि चढाउँछन्। बिउबिजन छर्नुअघि र नयाँ बाली भित्र्याएपछि पनि सुरेलहरूले विभिन्न देवीदेवता पुज्छन् र नयाँ चिजबिज खानुअघि न्वागी खाने परम्परा रहिआएको छ। ■

शारीरिक सुगठन
एक कलात्मक खेल

■ शिवलाल श्रेष्ठ
(प्रथम मी. नेपाल)

भोजनबारे एउटा दृष्टान्त छ, महाभारतमा पाण्डवको गुप्तवासका बेला भिक्षामा पाएको जेजस्तो भोजन, अन्न आदि सबैभन्दा बढी बलिष्ठ भीमलाई पस्कने गरिन्थ्यो। भन्न खोजेको के भने बढी बलपूर्ण कार्य गर्न त्यही अनुरूपको भोजन लिनु आवश्यक छ। यो कुरा आधुनिक स्ट्रेन्थ ट्रेनिङ र हाइपरट्रोफिक अर्थात् मांसपेशी विकासको सिद्धान्तसँग मेल खान्छ।

के बडिबिल्डिङलाई खेल मानिनु पर्छ ? बोलीचालीको भाषामा यस खेललाई बडिबिल्डिङ स्पोर्ट्स र बडिबिल्डरलाई बडिबिल्डिङ खेलाडी भन्ने गरिन्छ तर ओलम्पिकका दृष्टिले भन्नु पर्दा यसको अन्तर्यमा जानु जरुरी छ।

शारीरिक सुगठनको शाब्दिक अर्थ शरीरलाई सुगठित अर्थात् विकसित मांसपेशीसहित सुष्ठु बनाउनु हो। जसरी एउटा शिलालाई आकार दिन छेना, हतौडा तथा रचनात्मक शिल्पी हात चाहिन्छ त्यस्तै शारीरिक सुगठक बन्न कोसिस, मनोभाव, विश्राम र पोषण आवश्यक पर्दछ।

पुराण र धार्मिक ग्रन्थहरूमा भनिएको छ, गुरुकुलमा पठनपाठन गर्ने राजपरिवारका कुमार, सम्भ्रान्त तथा कुलीन वर्गका किशोरले ज्ञान आर्जन गर्नु साथै शस्त्रास्त्र विद्याको तालिमसमेत लिन्छन्। उनीहरू अध्ययनका साथै शस्त्र लिएर दैनिक अभ्यास गर्छन्। भोजनबारे एउटा दृष्टान्त छ, महाभारतमा पाण्डवको गुप्तवासका बेला भिक्षामा पाएको जेजस्तो भोजन, अन्न आदि सबैभन्दा बढी बलिष्ठ भीमलाई पस्कने गरिन्थ्यो। भन्न खोजेको के भने बढी बलपूर्ण कार्य गर्न त्यही अनुरूपको भोजन लिनु आवश्यक छ। यो कुरा आधुनिक स्ट्रेन्थ ट्रेनिङ र हाइपरट्रोफिक अर्थात् मांसपेशी विकासको सिद्धान्तसँग मेल खान्छ।

त्यस्तै पश्चिमेली सभ्यताको कुरा गर्ने हो भने प्राचीन ग्रिसमा मांसपेशी बनाउने परम्परा रहेको इतिहास छ। उनीहरू सुडौल शरीरमा ईश्वरको बास हुन्छ भन्ने मान्दथे। काठमाडौँका रैथाने नेवारले समेत शरीरमा ईश्वर हुने भनी म्हः पूजा गर्छन्। यसै सन्दर्भमा महाकवि कालिदासले आफ्नो महाकाव्य 'कुमारसंभवम्' मा उपनिषद्लाई उद्धृत गर्दै 'शरीरमाद्यं खलु धर्मसाधनम्' लेखेका छन्।

जस अनुसार शरीर नै सबै धर्म (कर्तव्य) पूरा गर्ने साधन हो । अर्थात्: शरीर स्वास्थ्य बनाई राख्नु पर्दछ किनकि यही शरीर नै मूल हो । अतः शरीरको रक्षा गरी निरोगी हुनु पर्छ । शरीरको रक्षा इच्छा मात्र राखेर त हुने होइन त्यसका लागि पोषणयुक्त भोजन, संयमित जीवन तथा आवश्यक शारीरिक क्रियाकलाप वा नियमित व्यायाम गर्नै पर्‍यो ।

पौराणिक उल्लेख तथा उपनिषद्को ज्ञानबाट हटेर शारीरिक सुगठन खेललाई केलाउँदा ११ औं शताब्दीतिर भारतीय उपमहाद्वीपमा युवा 'नल' नामक ढुङ्गालाई डम्बेलका रूपमा प्रयोग गरेर व्यायाम गर्थे । १६ औं शताब्दीतिर त्यहाँ भारोत्तोलन लोकप्रिय भयो ।

आधुनिक शारीरिक सुगठनको सूत्रपात भने सन् १८६७ अप्रिल २ मा जर्मनीका फ्रेड्रिच विल्हम म्युलरले गरेको भन्न सकिन्छ । पछि गएर उनी युजिन स्यान्डो नामबाट आधुनिक बडिबिल्डिङका पिता कहलिए । उनी १० वर्षे उमेरमा इटाली गए र शारीरिक सुगठन खेलमा आकर्षित भई प्रोग्रेसिभ रेसिस्ट्यान्स एक्सरसाइज तथा वेट ट्रेनिङ गर्न थाले । सन् १८८९ मा उनी लन्डन पुगे । त्यस बेलाको समाजमा शारीरिक सुगठन श्रमजीवीहरूको खेल हो भन्ने धारणा व्याप्त थियो र यस खेललाई हेय दृष्टिले हेरिन्थ्यो । त्यसबेलाका व्यायामशाला पनि हावाको प्रवाहसमेत राम्रो नभएका चिसो छिँडी जस्ता ठाउँमा बनाइएका हुन्थे ।

युजिन स्यान्डोले लन्डनमा उच्च वर्गीयको बसोबास रहने ३२ सेन्ट जेम्स, पिकाडीले सर्कसमा आधुनिक सुविधायुक्त शानदार व्यायामशाला स्थापना गरे । जहाँ हेल्थ फुड बार, सङ्गीत पार्लर, लाइब्रेरी, कन्सल्टेन्सी रुम तथा व्यायामशालाका भित्तामा व्यायामकर्ताले आफ्नो पूर्ण कदको छवि देख्न सक्ने ऐना जडान गरिएको थियो । स्यान्डो इन्स्टिच्युट नामक फिजिकल कल्चर र स्ट्रेन्थ ट्रेनिङ सेन्टर सञ्चालन गरेर बडिबिल्डिङ श्रमजीवीको खेल भन्ने धारणालाई मिथ्या साबित गरिदिए ।

युजिन स्यान्डोले लन्डनमा उच्च वर्गीयको बसोबास रहने ३२ सेन्ट जेम्स, पिकाडीले सर्कसमा आधुनिक सुविधायुक्त शानदार व्यायामशाला स्थापना गरे ।

उनको उक्त जिममा उच्च र सम्भ्रान्त वर्गका व्यक्तिलाई आकर्षित गर्ने शानदार वातावरण उपलब्ध थियो । त्यहाँ चाँडै सम्भ्रान्त वर्गका मानिसको उल्लेख्य उपस्थिति हुन थाल्यो । उनले विश्वमा पहिलो पटक बडिबिल्डिङ पत्रिका 'स्यान्डोज म्यागजिन फर फिजिकल कल्चर' पत्रिका प्रकाशित गरे । उनैले सन् १९०१ सेप्टेम्बर १४ मा 'दी ग्रेट कम्पिटिसन' नामबाट लन्डनको



अल्बर्ट हलमा बडिबिल्डिङ प्रतियोगिता आयोजना गरेका थिए। यसको विजेता बने नइटिङ्घमका विलियम एल मुरे।

दी ग्रेट कम्पिटिसनदेखि बडिबिल्डिङ प्रतियोगितामा प्रचलित केवल लिफ्टिङ वा बलको प्रदर्शनबाट हटेर एस्थेटिक फिजिक्ससहितको आधुनिक बडिबिल्डिङ प्रतियोगिता हुन थालेको हो। बडिबिल्डिङमा यस्तै अनेक क्रान्तिकारी कार्यबाट प्रभावित भएर सन् १९११ मा इङ्ग्ल्यान्डका राजा जर्ज भी ले उनलाई 'प्रोफेसर अफ साइन्टिफिक एन्ड फिजिकल कल्चर टु हिज मेजेस्ट्री' सम्मान प्रदान गरेका थिए।

त्यस्तै सन् १९१४ सेप्टेम्बर २६ मा अमेरिकाको सान फ्रान्सिस्कोमा जन्मेका फ्याँकोइस हेनरी लालान फिटनेस र न्युट्रिसन क्षेत्रका महान् हस्ती थिए तर फिटनेसका अनुयायी उनलाई ज्याक लालान भन्न रुचाउँथे। बाल्यकालमा उनलाई औधि गुलियो खाने लत लागेको थियो। एकदिन उनलाई एक स्वास्थ्य अनुमोदक पाउल ब्याग्रले कटु वाक्य भने, "तिमी त हिँडडुल गर्ने फोहोरको एक ढ्वाङ हौ।" किशोर ज्याकलाई ब्याग्रको कटु वाणी मनमा बिझ्यो। उनले गएर घरको पछाडि एउटा जिमखाना निर्माण गरे। जहाँ उनी दिनहुँ २ घण्टा भारोत्तोलन र पोखरीमा एक घण्टा पौडी खेलमा बिताउन थाले। उनी अमेरिकी फिटनेस तथा न्युट्रिसन गुरु थिए।

सन् १९३६ मा जब उनी मात्र २१ वर्षका थिए तब उनले अकल्याक्ड, क्यालिफोर्नियामा पहिलो राष्ट्रिय हेल्थ स्टुडियो स्थापना गरे। जसले जिम व्यवसायमा एक किसिमले क्रान्ति नै ल्यायो। त्यसबेला जिमखाना अन्य खेलका खेलाडी वा महिलाका लागि उपयुक्त मानिँदैनथ्यो। उनले खेलाडी तथा महिलालाई जिमखाना आउन उत्प्रेरित गरे। उनले विश्वमा सबैभन्दा पहिला leg extension, pulley, weight selector machines आविष्कार गरे।

विश्वका लागि उनी हरकुलस र शारीरिक सौष्ठवको धनी, मोहक र सुदर्शनीय व्यक्ति थिए। शारीरिक सुगठन खेल जगत्का लागि भने उनी सधैंका लागि 'दी परफेक्ट फिजिक्स' हुन्।

ज्याकले अमेरिकी टेलिभिजन सो मा सन् १९५१ देखि १९८५ सम्म लगातार 'The Jack LaLanne show' आयोजना गरेका थिए।

त्यस्तै बडिबिल्डिङ खेललाई उचाइमा पुऱ्याउने अर्का महान् व्यक्तिका बारेमा भन्नु पर्दा अमेरिकाको मोन्टानामा स्कोबीको डानियल काउन्टी सेमेट्रीमा रहेका चिहानमध्ये

एउटाको हेडस्टोनमा यस्तो लेखिएको छ, ए म्यान अफ भ्याल्यु स्टेफेन एल रिम्ज जनवरी २१, १९२६ – मे १, २००० । उक्त चिहान विश्व प्रसिद्ध शारीरिक सुगठक, युरोपका तत्कालीन सबैभन्दा महँगा सिने कलाकार, रेन्चर तथा सफल व्यापारी स्टिभ रिभ्जको हो । विश्वका लागि उनी हरकुलस र शारीरिक सौष्ठवको धनी, मोहक र सुदर्शनीय व्यक्ति थिए । शारीरिक सुगठन खेल जगत्का लागि भने उनी सधैँका लागि 'दी परफेक्ट फिजिक्स' हुन् ।

बाल्यकालमा स्टेफेन लास्टर रिभ्ज र पछि स्टिभ रिभ्ज नामले प्रख्यात उनले शारीरिक सुगठन खेल जगत्मा प्रवेश गर्नुपूर्व यस खेलका च्याम्पियनलाई विश्व समाजले खासै भाउ दिँदैनथ्यो र कसैले गन्दैनथे ।

उनी प्रख्यात ज्याक लालानबाट प्रभावित भएर कम्मर सानो कायम राखेर आफूलाई मस्कुलर फिजिक्स विकसित गर्ने प्रेरणा मिलेको भन्ने गर्थे । महान् शारीरिक सुगठक तथा सात पटकका मिस्टर ओलम्पिया, आर्नोल्डले समेत उनलाई आफूभन्दा पर्फेक्ट बडिबिल्डर मान्छन् ।

अरू पनि थुप्रै महान् हस्तीको योगदान रहेको छ यसको विकासमा ।

सन् १९३० देखि १९७० यस खेलको विकासमा स्वर्ण काल मानिन्छ । एमेच्योर एथलेटिक युनियनले सन् १९३९ मा 'मि. अमेरिका' प्रतियोगिता आयोजना गर्‍यो । शारीरिक सुगठन खेल जगत्मा विश्व प्रख्यात जोन ग्रीमिकले लगातार दुई पटक उक्त पदवी हासिल गरे ।

सन् १९४६ मा क्यानडाका दाजुभाइ वेन वाइडर र जो वाइडरले इन्टरनेसनल फेडरेसन अफ बडिबिल्डर्स स्थापना गरे । स्थापना गर्दा केवल दुई राष्ट्र संयुक्त राज्य अमेरिका र क्यानडा मात्र यसका सदस्य थिए । अहिले दुई सयको हाराहारीमा यसका सदस्य राष्ट्र रहेका छन् ।

समयसँगै यस संस्थाको दायरा फैलिँदै गएर शारीरिक सुगठनबाहेक विभिन्न फिटनेस प्रतियोगिता पनि थपिँदै गए । यसरी दायरा फैलिएसँगै इन्टरनेसनल फेडरेसन अफ बडिबिल्डर्स परिवर्तन भएर इन्टरनेसनल फिटनेस एन्ड बडिबिल्डिङ फेडरेसन बन्न गयो ।

सन् १९५० मा स्थापित नेसनल एमेच्योर बडिबिल्डर्स एसोसिएसन ब्रिटेनमा स्थापना भएलगत्तै अर्को मि. युनिभर्स बडिबिल्डिङ च्याम्पियनसिप आयोजना गरियो र स्टिभ रिभ्जले उक्त प्रतियोगिता जिते ।

मि. युनिभर्स बडिबिल्डिङ च्याम्पियनसिप नामबाट दुई वटा प्रतियोगिता आयोजना हुन थालेपछि फेडरेसनले सन् १९७६ देखि आफूले आयोजना गर्दै आएको मि. युनिभर्स पविर्तन गरी मि. वर्ल्ड बडिबिल्डिङ च्याम्पियनसिप आयोजना गर्न थाल्यो तर विभिन्न राष्ट्रमा फेडरेसन अन्तर्गत मि. युनिभर्स आयोजना भइरहेको छ । प्रथम मि. वर्ल्ड बडिबिल्डिङ च्याम्पियनसिपदेखि मात्र शारीरिक सुगठन प्रातियोगितामा खेलाडीको शारीरिक तौल समूह स्थापित भएको हो ।

सन् १९५९ देखि १९६९ सम्म प्रतियोगिताहरू

खुला अर्थात् वेट डिभिजनरहित हुन्थ्यो। सन् १९७० देखि १९७५ सम्म हाइट डिभिजनमा प्रतियोगिता हुन्थ्यो। जसमा अप टु एन्ड इन्क्लुडिङ पाँच फिट पाँच इन्च होचो समूह, सोभन्दामाथि अप टु एन्ड इन्क्लुडिङ पाँच फिट आठ इन्च मझौला समूह र सोभन्दामाथि अग्लो समूह गरी कुल तीन समूह थियो। त्यसबेला तीन समूहका विजेताबीच ओभर अल प्रतियोगिता गरिन्थ्यो।

शारीरिक सुगठन खेलको सबैभन्दा ठूलो प्रतियोगिता प्रख्यात मि. ओलम्पियाको स्थापना उनै दाजुभाइ वेन र जो वाइडरले गरेका थिए। सन् १९६५ सेप्टेम्बर १८ मा प्रथम पटक यो प्रतियोगिता आयोजना गरियो। ल्यारी स्कट प्रथम मि. ओलम्पिया भए। ली हेनी र रोनी कोलम्यान आठ आठ पटक मि. ओलम्पिया बनेका थिए। वर्ल्ड च्याम्पियन बडिबिल्डर तथा हलिउड एक्सन हिरो आर्नोल्ड स्वार्जेनगर र फली हिथ सात सात पटक मि. ओलम्पिया बने। हाल यो प्रतियोगिताका विजेतालाई छ लाख अमेरिकी डलर पुरस्कार प्रदान गरिन्छ।

शारीरिक सुगठन खेलको कुम्भ मेल आर्नोल्ड क्लासिकको स्थापना आर्नोल्ड र कोलम्बियाका लोरिमेरको संयुक्त प्रयासबाट भएको हो। यो एक मल्टी स्पोर्ट फेस्टिभल हो। सबैभन्दा पहिला यसमा मार्सल आर्ट र जिम्न्यास्टिक खेल संलग्न गरिएको थियो। अहिलेसम्म ५० भन्दा बढी खेल सम्मिलित गरिसकिएका छन्। जसमध्ये १४ वटा ओलम्पिकमा खेलिने खेल छन् भने सात IFBB professional league मा खेलिने खेल छन्। साथै दी आर्नोल्ड स्ट्रङ्गम्यान क्लासिक र विश्व प्रसिद्ध एमेच्योर शारीरिक सुगठन प्रतियोगिता पनि आयोजना गरिन्छन्। यिनमा ८० राष्ट्रका १८ हजारभन्दा बढी खेलाडीको सहभागिता हुने गर्दछ।

बडिबिल्डिङलाई खेल मानिनु पर्छ। सन् १९७० को दशकतिर फेडरेसनका संस्थापक अध्यक्ष वेन वाइडरको अथक मेहनत र प्रयासका कारण यस खेललाई ओलम्पिक मेडल स्पोर्टमा सम्मिलित गरिनै लागेको थियो तर विभिन्न कारणले यसलाई ओलम्पिक स्पोर्टको मान्यता दिन नमिल्ने आवाज उठ्यो।

यसका लागि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीलगायतले प्रमुख तीन कारण दर्साए। पहिलो कारण मानियो यस खेलका खेलाडीले औधि स्टेऱ्वाइड प्रयोग गर्छन्, दोस्रोमा यो खेलमा खेल भावना नहुनु र तेस्रोमा यो खेलको निर्णायक व्यक्तिपरक हुनु हो। ■

समृद्धिमै खुसी

■ डा. प्रेमराज सिलवाल
अधिवक्ता

मानिस कसरी सुखी हुन सक्छ भन्ने बारेमा विश्व चर्चित दार्शनिक तथा विद्वान्हरूले लामो अध्ययन गरेका छन् । इसापूर्व ३८० मा दार्शनिक अरिस्टोटलले 'निकोम्यान इथिक्स' मा 'मानव चाहनाको पूर्ति र आनन्दको अवस्था' लाई सुखी भने । रिपब्लिकामा दार्शनिक प्लेटोले 'जो नैतिकवान् हुन्छ, उही खुसी र सुखी हुने' तर्क गरे ।

यस्तै गौतम बुद्धले 'मनको शान्ति' नै मानव सुखी हुने आधार माने । अक्सफोर्ड अङ्ग्रेजी डिक्सनरीमा 'सुखी मानसिक उत्तेजनाको त्यो अवस्था हो जसमा जीवनको खुसी, आनन्द प्राप्त हुन्छ' उल्लेख गरिएको छ । निजी स्वतन्त्रता, विधिको शासन, प्रजातन्त्र, मानव अधिकार, जनउत्तरदायी र जवाफदेही शासन तथा सरकार, संविधानवाद, नागरिक अधिकार, कानुनी शासन जस्ता मूल्य मान्यता अँगाल्ने मुलुकमा सुखीको स्तर उच्च देखिएको छ । यसले मानिसको निजी चाहना, स्वतन्त्रता र सम्मान सर्वाधिक प्रमुख विषय भएकोतर्फ सङ्केत गर्दछ ।

खुसी हुनु र सुखी हुनुमा धेरै फरक हुन्छ । मानिस सानो कुरा र कार्य सम्पन्न भए पनि खुसी हुन सक्छ । खुसी क्षणिक र अस्थायी हुन्छ । सुखी हुनुचाहिँ मानव जीवनका अनेकौं मापदण्ड पूरा हुनु, सेवा र सुविधा

उपलब्ध हुनुदेखि लिएर राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विषयका सबै स्थापित मूल्यका आधारमा समृद्ध हुनुलाई मानिन्छ ।

आधुनिक युगको चर्चा गर्दा सन् १७७६ को अमेरिकी स्वतन्त्रता सङ्ग्रामको घोषणामा थोमस जेफरसन (इस्वी संवत् १७४३–१८२६) ले 'परस्युइट अफ ह्याप्पिनेस' लाई मानिसको स्वतन्त्रता जस्तै महत्त्व दिए । बेलायतका विधिशास्त्री जेरेमी बेन्थम (इस्वी संवत् १७४८–१८३२) ले 'युटिलिटी' (उपयोगिता) को पक्षलाई स्थान दिनुपर्ने उल्लेख गरे । उनले 'ग्रेटेस्ट ह्याप्पिनेस अफ दी ग्रेटेस्ट नम्बर अफ दी पिपुल' अर्थात् बहुसङ्ख्यक जनताको खुसीलाई विधिशास्त्र र कानुनको प्रमुख आधार माने । कानुनले 'पेन' लाई 'एभ्वाइट' गरेर 'प्लेजर' लाई बढाउन सक्नुपर्ने उनको मत रह्यो ।

मानिस स्वस्थ भएर बाँच्ने, परिवार, मानवीय आवश्यकताको परिपूर्तिसहित मानव इच्छा र चाहनाको पूर्ति हुन सक्ने अवस्थामा सुख प्राप्त हुने सुनिश्चित हुन्छ । जर्मनीका दार्शनिक हेगेल (इस्वी संवत् १७७०–१८३१) ले 'आइडालिज्जम' (आदर्शवाद) बाट मानवको सबै आवश्यकता पूर्ति हुने भनेका छन् । उनले धनी–गरिब हुने कुरालाई धर्म र पापसँग जोडे । जर्मनीका अर्का दार्शनिक कार्ल मार्क्स (इस्वी संवत् १८१८–१८८३) ले आइडालिज्जमको ठाउँमा 'मेटरालिज्जम' को वकालत गरे । उनले द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तको प्रतिपादन गरी धर्मलाई अफिमसँग तुलना गरिदिए । धनी र गरिब हुने कुरा वर्गीय शोषण हो भन्ने तर्क मार्क्सको रह्यो ।

त्यसपछि खुसीको व्याख्या, परिभाषा र बुझाइमा परिवर्तन आयो । भौतिकवाद र विज्ञानवाद, स्वतन्त्रता र प्रगतिको वकालत विश्वभर हुन थाल्यो । विज्ञानवादले आर्थिक र भौतिक सम्पन्नतालाई सुखीको आधार मान्यो । आर्थिक, भौतिक सुविधा, जीवनको सन्तुष्टि, सामाजिक र मनोवैज्ञानिक विषयका साथै नवीन विचारका रूपमा 'फ्रिडम एन्ड सेल्फ कन्ट्रोल' जस्तो अवधारणलाई 'ह्याप्पिनेस' को आधार मान्न थालियो ।

मानिस स्वस्थ भएर बाँच्ने, परिवार, मानवीय आवश्यकताको परिपूर्तिसहित मानव इच्छा र चाहनाको पूर्ति हुन सक्ने अवस्थामा सुख प्राप्त हुने सुनिश्चित हुन्छ ।

पुँजीवादी दर्शनका अनुयायी म्याक्स वेभरले मार्क्सलगायतको सिद्धान्तको चर्को आलोचना गरे । उनले मानिसको समृद्धिको आधार 'वेस्टन सिभिलाइजेसन' हो भने । दार्शनिकले समृद्धिका लागि आर्थिक पक्षमा मात्र जोड नदिई व्यक्तिको निजी स्वतन्त्रता, चाहना तथा अधिकारको सुरक्षा र संरक्षण गर्नुपर्ने भने ।

दिगो विकासको आधुनिक मान्यताले समृद्धिका लागि आर्थिक वृद्धिलाई मात्र जोड दिन नहुने कुरा अघि सारेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), विश्व बैङ्क, संयुक्त राष्ट्रसङ्घ जस्ता अन्तर्राष्ट्रिय संस्थाले समृद्धिको विश्वव्यापी अनुसन्धान गर्दै आएका छन् । समृद्धिका प्रमुख आधारमा आर्थिक वृद्धि, नागरिक र व्यक्तिको समग्र विकास, जीवनको स्तर आदिलाई मानिएको छ ।

विश्व बैङ्कको सन् २०२४ को प्रतिवेदनले प्रतिव्यक्ति आय बढी भएका मुलुकमा अमेरिकीको सर्वाधिक धेरै (७६,३७० अमेरिकी डलर) रहेको देखाएको छ । अधिक प्रतिव्यक्ति आय भएका मुलुकमा बेलायत, जापान, नर्वे, आयरल्यान्ड, आइसल्यान्ड, फ्रान्स, सिङ्गापुर, स्विडेन, स्विट्जरल्यान्डलगायतका पश्चिमा मुलुक रहेका छन् । सबैभन्दा न्यून आय भएका देशमा अफगानिस्तान (प्रतिव्यक्ति आय ३९० अमेरिकी डलर) बुरुन्डी, चाड, कङ्गो, इथियोपिया, लाइबेरिया, माली, रुवान्डा, युगान्डा, यमन आदि छन् ।

विकास र समृद्धिमा अमेरिका पछि दोस्रो चीनको प्रतिव्यक्ति आय चाहिँ १२ हजार ८५० डलर रहेको छ। भारत उच्च मध्यम प्रतिव्यक्ति आय भएको मुलुकमा पर्दछ। जसको प्रतिव्यक्ति आय २३८० डलर रहेको छ। नेपाल पनि यही समूहमा देखिन्छ। नेपालको प्रतिव्यक्ति आय १३४० अमेरिकी डलर रहेको छ।

सम्पन्न, विकसित र धनी हुँदैमा सुखी हुने ग्यारेन्टी छैन। सुखीको विश्वसूचीमा माथिल्ला पङ्क्तिमा युरोपेली प्रजातान्त्रिक मुलुक अगाडि छन्। सन् २०२४ मा प्रकाशित 'वर्ड पपुलेसन रिभ्यु' को प्रतिवेदन अनुसार फिनल्यान्ड विश्वको सर्वाधिक सुखी मुलुकमा पर्‍यो। डेनमार्क, आइसल्यान्ड, स्विडेन, नेदरल्यान्ड, नर्वे, लक्जेम्बर्ग, अस्ट्रेलिया र स्विट्जरल्यान्ड विश्वका प्रमुख १० सुखी हुने मुलुकको सूचीमा देखिए।

खुसीलाई नाप्ने र व्याख्या गर्ने आआफ्नै सामाजिक तरिका भए पनि विश्वमा यो बढी विवादित पनि रहेको छ। अन्तर्राष्ट्रिय संस्थाले यसमा लामो अध्ययन र स्विट्जरल्यान्ड त्यसपछि देखिएका थिए। सुखी हुने मुलुकमा सबैभन्दा माथि युरोपेली मुलुकहरू देखिनुले विकास, समृद्धि र खुसीको सम्बन्ध हुने कुरालाई सङ्केत गरिरहेको छ।

सन् २०१७ को प्रतिवेदनमा भने नर्वे विश्वको नम्बर एक सुखी देश थियो। डेनमार्क, आइसल्यान्ड, स्विट्जरल्यान्ड, फिनल्यान्ड त्यसपछि थिए। नेपालको स्थान भने ९९ औँ थियो। नेपाल एक वर्षपछि सन् २०१८ मा दुई स्थान तल झरेर १०१ औँ भयो। सन् २०२४ को प्रतिवेदनमा नेपाल ९३ औँ स्थानमा पुगेको छ। जबकि भारतको १२६ औँ स्थान रहेको देखिन्छ।

खुसीमा महत्त्वपूर्ण पूर्ण विषय समृद्धि हो। चिल्ला सडक, ठूला ठूला भवन, उद्योग–व्यापार र धनसम्पत्ति समृद्धिका सूचक हुन्। तापनि सम्पूर्ण सूचक होइनन्। क्याम्ब्रिज बिजनेस डिक्सनेरीले समृद्धिका लागि भनेको छ, त्यस्तो अवस्था जहाँ जनतासँग सफलता तथा पर्याप्त आर्थिक साधन–स्रोत होस्। आजको आधुनिक समाज र

अनुसन्धान गरेका छन्। दार्शनिकहरूले निजी स्वतन्त्रता, सुरक्षा, सम्पत्ति र जिउधनको सुरक्षा तथा सम्मानको महत्त्व दर्साएको पाइन्छ । ज्याँ ज्याक रुसो, इम्युनल कान्ट, जेरेमी बेन्थम, जोन लक, रोनाल्ड डोर्किन, एचएलए हार्ट, जोन रावल, अमर्त्य सेन जस्ता विधिशास्त्रीले मानिसको स्वतन्त्रता, न्याय, प्रजातन्त्र, विधिको शासन, मानव अधिकार र सहभागितामूलक प्रणालीको वकालत गरेको देखिन्छ।

विगतका प्रतिवेदनमा पनि सुखीमा पश्चिमा र युरोपेली मुलुकको अवस्था उच्च देखिन्थ्यो। 'वर्ड ह्याप्पी रिपोर्ट' (सन् २०१८) को प्रतिवेदन अनुसार फिनल्यान्ड सबैभन्दा बढी सुखी मुलुक थियो। नर्वे, डेनमार्क, आयसल्यान्ड, मान्यताले पनि मानिसको निजी स्वतन्त्रलाई समृद्धिका लागि अनिवार्य तत्त्व मानेको छ।

विगतमा मानिसले धनसम्पत्तिलाई बढी महत्त्व दिएका कारण धेरै धन हुने व्यक्तिलाई मूल्याङ्कन गरियो। वर्तमानमा त्यो विचार खण्डित हुँदैछ। धेरै धन आर्जन गर्नका लागि धेरै समय काम गर्नु आवश्यक पर्दछ भन्न सकिन्न। सूचना प्रविधिको बढी प्रयोग गरेर अमेरिका सर्वाधिक सम्पन्न भयो। आत्माको सन्तुष्टि र चैन नभई थुपारेको धनको अर्थ हुन्न। 'बुद्धिजम' मा समेत आत्मिक समृद्धिलाई जोड दिइएको पाइन्छ। समृद्धिबिनाको सुखीको औचित्य छैन। सुखी हुन समृद्धि आवश्यक पर्दछ। ■

समाजमा अपहेलित शूद्र

■ शीतल गिरी

शूद्र आर्य समाजभन्दा बाहिरको थियो होला भनी इस्वी संवत् १८४७ मा रौथले सङ्केत गरेका थिए। त्यस समयदेखि सामान्यतया यस्तो विचारधारा चल्दै आएको छ, ब्राह्मणकालीन समाजको चौथो वर्ण मुख्यतया आर्येतर मानिसको थियो, आर्य विजेताहरूले तिनलाई शूद्र बनाएका थिए।

अथर्ववेदमा पनि आर्यका देवता इन्द्रलाई दासको विजेताका रूपमा चित्रित गरिएको छ। वेदमा इन्द्रले दास वर्णलाई गुफामा बस्न बाध्य पारे भनी भनिएको छ। वेदमा दासको अपेक्षा दस्युको विनाश र तिनीहरूलाई पराधीन बनाउने चर्चा धेरै छ। दस्युहरूलाई मारेर इन्द्रले आर्य वर्णको रक्षा गरेको भनिएको छ। स्तुतिहरूमा इन्द्रले आर्यको शक्ति बढाउन दस्युसँग युद्ध गरेको उल्लेख छ।

घुमक्कड आर्यहरूको नजर शत्रुका बस्तीमा सञ्चित सम्पत्तिमा लोभिन्थ्यो र त्यो लुट्नका लागि दुवैमा निरन्तर सङ्घर्ष हुने गरेको थाहा हुन्छ। दस्युहरूलाई सम्पत्तिशाली हुँदा पनि यज्ञ नगर्ने भनिएको

मुनिसँग एउटा परम शक्तिशाली रक्षाकवच (जन्तर) थियो जसबाट उनले दस्युहरूको किल्ला ध्वस्त पार्न सक्दथे भन्ने गरिन्छ ।

ऋग्वैदिक युगमा आर्यहरूले जुन लडाइँ लडेका थिए सोही कारण अथर्ववेदमा दस्युहरूलाई दुष्टात्माका रूपमा चित्रित गरिएको छ । अथर्ववेदमा ईश्वरका निन्दक दस्युहरूलाई बलिवेदीमा चढाउनु पर्छ भनिएको छ ।

आर्य र दस्युको रहनसहनमा जुन फरक छ त्यसबाट दस्युको आर्यप्रति र आर्यको दस्युप्रति कस्तो दृष्टि थियो भन्ने थाहा हुन्छ । व्रत र व्रात जसको अर्थ जनजातीय दल या समूह हुन्छ । व्रत शब्दको अर्थ जनजातीय कानुनको प्रथा पनि हो भने दासका लागि यस किसिमको विशेषण प्रयोग भएको छैन । यसबाट थाहा हुन्छ दास दस्युहरूको अपेक्षा आर्यले रीतिथिति धेरै मन पराउँदथे ।

आर्य, जसलाई मानव (मानुषी प्रजा) भनिन्थ्यो र अग्नि वैश्वानरको पूजा गर्दथे । कहिलेकाहीँ यिनले कालो रङ भएका मानिस (असिक्नीविशः) का बस्तीमा आगो लगाइदिन्थे र ती मानिस सङ्घर्ष नगरेर आफ्नो सर्वस्व छाडेर भाग्दथे । इन्द्रको एउटा वीरतापूर्ण कार्य जसको केही ऐतिहासिक आधार हुन सक्छ, कृष्ण नामक योद्धासँग उनको युद्ध भएछ । यसो भनिएको छ, जब कृष्णले आफ्ना दस हजार सैनिकका साथ अंशुमती या यमुनामा शिविर

ऋग्वेदमा आर्य शब्दको प्रयोग ३५ पटक भएको छ । जसमध्ये नौ ठाउँमा आर्यबीच मतभेद रहेको भनिएको छ । आर्यको आपसी सङ्घर्षमा दास स्वभावतः आर्यका मित्र र सहयोगी थिए । यस कारण आर्य समाजको जनजातीय आधार विस्तारै क्षीण हुन थाल्यो र आर्य तथा दास विलयनको क्रियाले मान्यता पायो ।

छ । दुइटा यस्ता दास मालिकको उल्लेख गरिएको छ जसलाई धनलोलुप मानिएको छ ।

दस्युहरूको रहनसहनको तरिकाबाट पनि आर्य उनीहरूको बैरी बने । पशुपालनमा आधारित जनजाति र अस्थायी जीवनक्रम देशीय संस्कृतिको स्थायी एवं शहरी जीवनबाट आर्य टाढा थिए । अथर्ववेदमा इन्द्रका बारेमा भनिएको छ, उनी दास र आर्यलाई विभेद गर्दै यज्ञ स्थलमा आउँथे । ऋग्वेदको सातौँ मण्डलको एउटा सम्पूर्ण सूक्त अक्रतुन, अश्रद्धान, अयज्ञान र अयज्वानः विशेषणको शृङ्खला छ । दस्युहरूलाई यज्ञ मन पर्दैन यो सिद्ध गर्नका लागि यसको प्रयोग गरिएको पाइएको छ ।

यज्ञपरायण आर्य र यज्ञविमुख दस्युहरूका बीचको अन्तर 'अनिन्द्र' (इन्द्रलाई नमान्ने) अर्थमा लिइएको छ । अनुमानतः यसबाट दस्यु, दास र सम्भवतः केही फरक मतावलम्बी आर्यको बोध हुन्छ । 'अङ्गिरस' राखे तब इन्द्रले मरुत (आर्यविश) लाई सङ्गठित गरे र पुरोहित देव बृहस्पतिको सहायताले अदेवीः विशः का साथ युद्ध गरे । अदेवीः विशः को अर्थ सायणले कालो रङको असुर भनेको छ (कृष्णरूपाः असुरसेनाः) । यसै गरी इन्द्रद्वारा कृष्णयोनीः दासीः को विनाशको पनि उल्लेख छ । सायणको उर्वर कल्पनाले उनलाई निकृष्ट जातिको आसुरी सेना (निकृष्ट जातिः...आसुरीसेनाः) मानेको छ तर विल्सन कृष्णलाई श्याम वर्णको द्योतक मान्दछन् ।

यदि विल्सनको अर्थ सत्य मान्ने हो भने त दास कालो रङका हुन्थे स्पष्ट हुन्छ । अग्नि र सोमका उपासक आर्यले भारतका काला मानिससँग युद्ध गर्नु परेको प्रस्ट हुन्छ । ऋग्देवमा एउटा प्रसङ्ग छ जसमा 'पुरुकुत्स' को छोरा 'त्रसदस्यु' नामक वैदिक योद्धा कालो रङका मानिसको नेताका रूपमा वर्णित छन् ।

आफ्नो विस्तारको आरम्भिक अवस्थामा आर्यलाई

जीविकोपार्जनका लागि पशुधनको आकाङ्क्षा रहन्थ्यो। यस कारण स्वभावतः उनीहरूले नगर जीवन र सङ्गठित कृषिको महत्त्व बुझे। आर्य आउनुभन्दा पहिलेका नगर बस्ती पूर्णतः ध्वस्त भएको थाहा हुन्छ। युद्धमा शत्रुहरूबाट अपहरित वस्तु खासगरी पाल्तु जनावरका कारण सरदार र पुरोहितको शक्ति बढ्यो होला र ती 'विश' बाट माथि उठे होलान्। ऋग्वेदको एक ठाउँमा इन्द्र र वरुणले सुदासका विरोधी दास र आर्यको संहार गरेर उनको रक्षा गरे भनिएको छ। सज्जन र धर्मपरायण मानिसका तर्फबाट दुइटा मुख्य ऋग्वैदिक देवता अग्नि र इन्द्रसँग प्रार्थना गरिएको छ। तिनीहरूले आर्य र दासका दुष्टतापूर्ण कार्य र अत्याचारको शमन गरे। आर्य स्वयम् मानव जातिका मुख्य शत्रु थिए अतः आश्चर्य मान्नु पर्दैन इन्द्रले दासका साथसाथै आर्यको पनि विनाश गरेका होलान्।

विल्सनले ऋग्वेदको एउटा परिच्छेदको गरेको अनुवादलाई स्वीकार गर्ने हो भने त त्यसमा इन्द्रको धेरै प्रशंसा गरिएको छ। किनभने उनले सप्तसिन्धुको किनारमा राक्षस र आर्यबाट मानिसको रक्षा गरेका थिए।

ऋग्वेदमा आर्य शब्दको प्रयोग ३५ पटक भएको छ। जसमध्ये नौ ठाउँमा आर्यबीच मतभेद रहेको भनिएको छ। आर्यको आपसी सङ्घर्षमा दास स्वभावतः आर्यका मित्र र सहयोगी थिए। यस कारण आर्य समाजको जनजातीय आधार विस्तारै क्षीण हुन थाल्यो र आर्य तथा दास विलयनको क्रियाले मान्यता पायो। गेल्डनरका अनुसार ऋग्वेद, मन्डल ७ को ३३ सौं सूक्त जसमा दासराज्ञ युद्धको चर्चा गरिएको छ, प्रारभिक युगसँग सम्बन्धित थियो।

युद्ध मुख्यतः ऋग्वेदकालीन आर्यको दुई मुख्य शाखा 'पुरु' र 'भरत' बीचमा भयो। जसमा आर्येत्तर मानिस पनि सहायकका रूपमा सहभागी भए होलान्। ऋग्वेदका सुविख्यात नायक सुदास भरतका नेता थिए र पुरोहित वसिष्ठ उनका सहायक थिए। यस युद्धमा आर्यका ससाना जनजातिले आफ्नो अलग अस्तित्व बनाइराख्न स्मरणीय र अतुलनीय प्रयास गरेको प्रतीत हुन्छ तर सुदासको नेतृत्वमा भरतले परुष्वि (रावी) को किनारमा उनीहरूलाई पूर्ण रूपले हराए। पराजित आर्यहरूलाई कस्तो व्यवहार गरियो यसको कुनै सङ्केत पाइँदैन तर उनीहरूलाई पनि त्यस्तै व्यवहार गरियो होला जस्तो आर्येत्तर मानिसलाई गरिएको थियो, अनुमान त्यस्तै छ।

पणिहरूमा विख्यात मानिसप्रति सामान्यः शत्रुतापूर्ण भाव वेदमा प्रशस्त देख्न पाइन्छ। म्युरले उनीहरूलाई कन्जुस भनेका छन्। वैदिक इन्डेक्सका प्रणेताहरूका अनुसार ऋग्वेदमा 'पणि' शब्द त्यस व्यक्तिको द्योतक हो जो सम्पत्तिशाली छ तर न त ईश्वरलाई हव्य अर्पित गर्दछ, न पुरोहितलाई नै दक्षिणा दिन्छ। फलस्वरूप संहिताका रचयिताको घृणापात्र बन्न पुग्छ। एउटा अनुच्छेदमा उनीहरूलाई 'बेकनाट' या सूददोर भनिएको छ। जसलाई इन्द्रले पराजित गरेका थिए।

जुन परिच्छेदमा पणिलाई कन्जुस भनिएको छ र साधारणतः अनुदार व्यक्तिको निन्दा गरिएको छ, त्यसमध्ये केही लोभी पुरोहितहरूको इशारामा लेखिएको जस्तो लाग्छ तर यसबाट सामान्यतया थाहा हुन्छ आफ्ना बान्धवलाई मारेर पनि सम्पत्ति जम्मा गर्ने प्रवृत्ति केही आर्यमा पाइन्थ्यो।

यस्ता मानिससँग कस्तो अपेक्षा गरिन्थ्यो भने तिनीहरूले सङ्ग्रह गरेको सम्पत्तिबाट इन्द्र तथा अन्य देवताको यज्ञमा धनराशि अर्पित गरिनु पर्छ। जसबाट यस धनमा पुनः अरूको पनि केही भाग लाग्न सकोस् र जनसमुदायले बारम्बार सहभोजको अवसर पाऊन् तर लुटको धनको धेरैजसो अंश जब तिनीहरू आफूसँग राख्न थाले तब आर्थिक र सामाजिक विषमताको जन्म भयो। आर्यको अन्य जनजातिसँग अन्तरजनजातीय सङ्घर्षका कारण समाज विशृङ्खल हुँदै गयो र जसै जसै पशुपालनको अपेक्षा कृषि फस्टाउँदै गयो सामाजिक वर्गको स्थापना भयो।

हडप्पा समुदायको शहरी आवादीमा जुन आर्थिक विषमता थियो त्यो लगभग वर्गभेद जस्तो थियो, यसमा शङ्का छैन। हडप्पाको शहरी आवादीको विकास नजिकको गाउँका किसानका अतिरिक्त कृषि उत्पादनको आपूर्तिबिना हुन सक्दैनथ्यो, यो मान्नु युक्तिसङ्गत हुने छ। सिन्धुघाटीको राजनीतिक स्वरूप सुमेरको राजनीतिक स्वरूप जस्तो मानिएको छ। जहाँ पुरोहित राजा आज्ञाशील प्रजामा सुगठित कर्मचारीका माध्यमले शासन चलाउँथे। गङ्गाघाटीमा आर्य जसै जसै पूर्वतर्फ बढ्दै गए सम्भवतः लामा हतियार राख्ने मानिससँग उनीहरूले मुकाबिला गर्नुपर्‍यो। जो त्यस क्षेत्रका प्राचीन निवासी थिए।

ऋग्वेदमा रथमा जाँदै गरेको एउटा यजमानलाई 'धनवान्, दाता र सभाहरूमा संस्तुत' का रूपमा चित्रित गरिएको छ। आर्यले पहिले बस्ती र दस्यु जस्ता मानिसको विनाश निकै धेरै गरेका कारण नयाँ समाजमा आर्यमा विलयन हेतु एकदम थोरै मानिस बचेका थिए होला।

बाँचेका मानिसले दासता स्वीकार गर्नु पर्‍यो होला। त्यस्तै आर्य पुरोहित र योद्धाहरूको प्रवृत्ति प्राचीन समाजको उच्च वर्गसँग मिल्ने थियो होला। यसबाट यस्तो अनुमान अवश्य लगाउन सकिन्छ केही दस्युलाई आर्यको हैसियत दिइयो। शत्रुको बचेका पुरोहित र प्रमुखलाई आर्यको नयाँ समाजमा उपयुक्त स्थान (सम्भवतः निम्नतर कोटिको) दिइयो होला। किनभने ब्राह्मणवादलाई आर्य आर्यावर्त आउनुभन्दा पहिलेको संस्था भनिएको छ। ■

पोल्यान्डको बिल्स्कमा सन् १८९० मा जन्मिएका स्टेफन बाइब्रोस्कीमा उत्पन्न शारीरिक विकारका कारण उनको सम्पूर्ण शरीर भुत्लैभुत्लाले ढाकेको थियो।

स्टेफनको रूपरङ देखेर उनकी आमा स्तब्ध भइन् र कुरूपता उनलाई सह्य भएन। आमाले छोरालाई एक व्यवसायीको जिम्मा लगाइदिइन्। ती व्यवसायीले स्टेफनको अवस्थाको फाइदा उठाउँदै उनलाई विदूषक बनाएर प्रदर्शन गर्न थाले। स्टेफनलाई युरोपमा घुमाउन थालियो। उनको भुत्ले शरीर देखेर मानिस आकर्षित हुन्थे र हेर्नेहरूको भीड लाग्थ्यो। व्यवसायीले स्टेफनलाई देखाएर मनग्गे आम्दानी गरे। सन् १९०१ मा स्टेफन अमेरिका पुगे। त्यहाँ उनको जीवनमा नयाँ मोड आयो। त्यहाँको प्रख्यात बर्नम् एन्ड बेली सर्कसले उनलाई काम दियो। सर्कसले 'लियोनेल दी लाइन फेस्ड म्यान' भनेर उनको बजारीकरण गर्दै उनलाई अर्धमानव र अर्धसिंह भएको बतायो।

बीस वर्षसम्म स्टेफनले सर्कसमा र सडक नाटकमा काम गरे। स्टेफन एक भद्र र नम्र स्वभावका मानिस थिए। उनलाई पाँच भाषा आउँथ्यो। ■

–युवामञ्च

प्रमुख तीर्थस्थल

■ मुनीन्द्ररत्न वज्राचार्य

धार्मिक दृष्टिकोणले यो पशुपतिको माहात्म्य निकै महत्त्वपूर्ण छ । पशुपतिनाथको दर्शन गर्‍यो भने धर्म, अर्थ, काम, मोक्ष जस्ता चार पुरुषार्थ प्राप्त हुन्छन् भने पौराणिक ग्रन्थमा उल्लेख छ ।

नेपाल विशाल तीर्थै तीर्थस्थल भएको पुण्यस्थल हो । प्राचीनकालदेखि नै विभिन्न महर्षिले साधना गरेको मुलुक हो यो । वेद, उपनिषद्, पुराण आदि हिन्दु धर्मग्रन्थ विद्यमान रहेको एउटा पवित्र देश हो नेपाल । यस पुण्यभूमिमा धार्मिक आस्था अन्तर्गत विभिन्न मठमन्दिरको स्थापना हुन गयो ।

यस सम्बन्धमा नेपालमा अवस्थित चार क्षेत्रका प्रसिद्ध तीर्थस्थलबारे जान्नु आवश्यक देखिन्छ । ती चार क्षेत्रमा पशुपतिनाथ क्षेत्र, वराह क्षेत्र, मिथिला क्षेत्र र मुक्ति क्षेत्र हुन् ।

पशुपति क्षेत्र

पशुपतिनाथ विराजमान भएको पशुपति क्षेत्र काठमाडौँको पूर्व दिशामा अवस्थित छ । आशुतोष

भगवान् पशुपतिनाथको स्वरूप, महिमा र प्रभावबारे पौराणिक वाङ्मय शिवपुराण, लिङ्ग पुराण, स्कन्ध पुराण, नेपाल माहात्म्य आदिमा उल्लेख तथा विश्लेषण गरिएको छ।

यस क्षेत्र वरपर समस्त जीवलाई सांसारिक बन्धनबाट मुक्ति दिने समर्थवान् देवादि देवा त्रिदेव महादेव पशुपतिनाथको ज्योतिर्लिङ्ग भएको मूल मन्दिर छ। गुह्येश्वरी जस्तो शक्तिपीठ र बागमती जस्तो पवित्र नदी रहेको छ। अन्य पवित्र स्थानमा श्लेष्मान्तक वन, गौरी, किराँतेश्वर महादेव, गोरखनाथ, मृगस्थली र वत्सलादेवी आदि स्थान रहेका छन्।

धार्मिक दृष्टिकोणले यो पशुपतिको माहात्म्य निकै महत्त्वपूर्ण छ। पशुपतिनाथको दर्शन गर्‍यो भने धर्म, अर्थ, काम, मोक्ष जस्ता चार पुरुषार्थ प्राप्त हुन्छन् भने पौराणिक ग्रन्थमा उल्लेख छ। यस्तै पवित्र बागमती नदीमा स्नान गर्दा अन्य नदीमा स्नान गर्दाको १० गुणा पुण्य लाग्ने छ भन्ने जनश्रुति छ।

धरालाई धारण गर्ने भएका भगवान् वराहले स्वयं पृथ्वीलाई धारण गरेर जल पवित्र गरी पृथ्वीलाई शान्ति दिने गरेको जनश्रुति छ। वराह भगवान्ले पृथ्वीको उद्धार गरेका थिए। भागवत र वराह पुराणमा यस सम्बन्धमा विशद चर्चा गरिएको छ।

वराह क्षेत्र

पौराणिक महत्त्व रहेको विश्व प्रसिद्ध वराह क्षेत्र नेपालको सुनसरी जिल्लामा रहेको छ। विष्णु भगवान्ले धारण गरेको श्री वराहस्वरूप सप्तकौशिकी कोका नदी सङ्गममा वराह क्षेत्रमा वराहको मूल मन्दिर छ। अन्य मन्दिरमा पञ्च भगवान् मन्दिर, श्री लक्ष्मी मन्दिर, इन्द्र वराह, श्री नागेश्वर मन्दिर, श्री गुरु वराह ह्यङ्ग्रिभ मन्दिर, श्री सूर्य वराह मन्दिर, श्री कौका वराह मन्दिर, श्री बद्री मुक्तेश्वर मन्दिर, श्री गायत्री आश्रम मन्दिर, श्री नरसिंह भैरव आदि दर्शनीय मन्दिर रहेका छन्। धरालाई धारण गर्ने भएका भगवान् वराहले स्वयं पृथ्वीलाई धारण गरेर जल पवित्र गरी पृथ्वीलाई शान्ति दिने गरेको जनश्रुति छ। वराह भगवान्ले पृथ्वीको उद्धार गरेका थिए। भागवत र वराह पुराणमा यस सम्बन्धमा विशद चर्चा गरिएको छ।

यस्तै शङ्खधारा जल र कोका नदी जल सङ्गमनजिक पश्चिम उत्तरको उचाइ भागमा श्री विष्णुपद (पादुका) मन्दिर छ। भगवान् विष्णुका १० अवतारमध्ये एक अवतार वराह हो। अचेल विष्णु पादुका शङ्ख धरा सङ्गममा श्राद्ध, पिण्ड तर्पण र अन्य कर्मकाण्ड गर्न आउनेहरूको घुइँचो लाग्छ। यस स्थानमा भक्तजनले स्नान, दर्शन, पूजा, व्रत आदि गर्नाले पुण्य प्राप्त गर्दछन्।

मिथिला क्षेत्र

मिथिला क्षेत्र जगत्जननी जानकीको जन्मस्थल जनकपुर नेपालको सुप्रतिष्ठित स्थान हो। मिथिला क्षेत्र ऐतिहासिक र धार्मिक स्थलका रूपमा संसारमै प्रसिद्ध छ। त्रेतायुगमा जगत्जननी सीताको विवाह रामसित हुन गई वैवाहिक सम्बन्ध जोडेको स्थान हो यो। विश्व प्रसिद्ध राजर्षिले शासन गरेको जनकपुरमा प्रकाण्ड विद्वान्हरू याज्ञवल्क्य, विदुषी गार्गी, अष्टावक्र आदि महर्षिहरूले आत्मज्ञान प्रकाश पारेको पवित्र क्षेत्र पनि हो यो।

विष्णु पुराणमा यस स्थानमा अनेकौँ तीर्थ, कुवा, नदी रहेको चर्चा गरिएको पाइन्छ। मिथिला क्षेत्रमा गङ्गा सागर, धनुष सागर र जनक सरोवरको महिमा महत्त्वपूर्ण छ। यहाँका अनेक मन्दिरमा जानकी मन्दिर विश्व प्रसिद्ध छ। यसलाई हिन्दु जगत्को प्रसिद्ध नौलखा मन्दिर पनि भन्ने गरिएको छ। यो मन्दिर भारतको उत्तर-प्रदेशको टिकमगढकी महारानी वृषभानुकुमारीले नौ लाख खर्च गरेर बनाएको भनिन्छ। यो जनकपुरको प्रमुख आकर्षण केन्द्रका रूपमा रहेको छ।

यस मन्दिरमा राम, लक्ष्मण, भरत, शत्रुघ्न र सीताको प्रतिमा रहेको छ। वसिष्ठ, शतानन्द र सुनयनाका प्रतिमा पनि यहाँ स्थापना गरिएका छन्। यस्तै राममन्दिर पनि स्थापना गरिएको छ। जहाँ दक्षिणतिर एउटा सुन्दर विवाहमण्डप स्थापित छ।

मिथिला क्षेत्रमा अर्गलसर, महाराजसर, अग्निकुण्ड, रत्नसागर, विहारकुण्ड, विद्याकूप, ज्ञानकूप, रुक्मिणिसागर, पुरन्दर सागर, कुण्डवतीसागर, कृष्णहरसर, सनकादिसर, मण्डनसर, केदारसर, जनकसर, चित्रधरसर, मध्यमासर, दुर्गासिर, गोपालसर, जानकीसर, कष्टहारीसर, पादप्रक्षालनसर, सुधासर, वरुणसर, अमृतकुण्ड, धात्रीसर, मुरलीसर, गौतमसर, वशिष्ठसर, रामसागर र पूर्णव्रतसर रहेका छन्।

मुक्ति क्षेत्र

गण्डकी माहात्म्य र पद्म पुराण, स्कन्ध पुराणमा मुक्ति क्षेत्रको बयान गरिएको छ। जहाँसम्म गण्डकी नदी बगेको छ त्यहाँसम्मको स्थल मुक्ति क्षेत्र मानिएको छ। वराह पुराण अनुसार मुक्ति क्षेत्र अन्तर्गत रुरुक्षेत्र (रिडी), देवघाट, त्रिवेणीधाम, भागीरथीगङ्गा र नारायणी गङ्गाको सङ्गम हरिहर क्षेत्रसम्म मुक्ति क्षेत्र मानिएको छ।

भनिन्छ अश्वमेघका लागि छाडिएको घोडा यस क्षेत्रमा आइपुग्दा भगवान् राम स्वयम् यस स्थानमा आएका थिए। यसलाई वैष्णव क्षेत्र पनि भन्ने गरिएको छ। यहाँ

विष्णु भगवान् शालिग्रामका रूपमा उत्पत्ति भएको मानिन्छ। यस क्षेत्रलाई शालिग्राम क्षेत्र पनि भन्ने गरिएको छ।

यहाँ विष्णुको प्राचीन मूर्ति रहेको छ। यसलाई हिन्दुहरूले विष्णुका रूपमा पूजा गर्छन् बौद्धहरू अवलोकितेश्वरका रूपमा पूजा गर्छन्। यहाँ सदाबहार बगिरहने सहस्रकुण्डका १०८ धारा रहेका छन्। जहाँ स्नान गरेमा निरोगी भइने धार्मिक मान्यता रहेको छ। नजिकै सधैँ बलिरहने अग्निकुण्ड पनि छ।

यस्तै यस क्षेत्रका प्रमुख तीर्थस्थलहरूमा मुक्तिनाथ, दामोदर कुण्ड, गलेश्वर, जडभरतको आश्रम, गुप्तेश्वरहरू, भृगु गुफा, रामघाट, केलादीघाट आदि रहेका छन्। मुस्ताङको कागबेनीमा श्राद्ध गरेमा मृतात्मालाई शान्ति मिल्ने मान्यता छ। फागुपूर्णिमामा थकाली समुदायले यहाँ तोरनह्ल पर्व मनाउँछन्। यस्तै जनैपूर्णिमाको दिनदेखि यहाँका बासिन्दा तिब्बेतेली यारटुङ्ग पर्व मनाउने गर्छन्। यस पर्वमा घोडा दौडका साथै धनुष खेल खेलिन्छ। ■

विश्वका महान् आश्चर्य

१. **क्राइस्ट दी रिडिमर :** यो ब्राजिलको रियो दी जेनेरियोमा रहेको विशाल मूर्ति हो । जसको उचाइ १२५ फिट छ ।

२. **रोमन कोलोसेयम :** इटालीको राजधानी रोमको मध्य भागमा अवस्थित यो एम्फिथिएटरमा ५० हजार सिट छ ।

३. **माचु पिचु :** समुद्र सतहबाट आठ हजार मिटरको उचाइमा निर्मित इन्का सभ्यताको रहस्यमय शहर ।

४. **चिचेन इत्जा :** माया सभ्यताको एक प्रसिद्ध पिरामिड ।

५. **पेट्रा :** जोर्डनमा अवस्थित पहाड काटेर बनाइएको प्राचीन शहर ।

६. **ताजमहल :** मुगलकालीन प्रेमको प्रतीक, सङ्गमरमरमा बनाइएको अद्भुत दरबार ।

७. **ग्रेट वाल अफ चाइना :** ४१६० माइल लामो पर्खाल । चीनलाई हन्स र मङ्गोल जातिको आक्रमणबाट बचाउने उद्देश्यले निर्मित ।

८. **ह्याङ्गिङ गार्डेन अफ बेबिलोन :** हाल इराकमा रहेको मानिएको सुन्दर बगैँचा । जुन आकाशतर्फ झुन्डिएको जस्तो देखिन्थ्यो ।

९. **स्ट्याच्यु अफ जियस एट ओलम्पिया :** ग्रिक देवता जियसको सुन र हात्तीको दाँतले बनेको विशाल मूर्ति ।

१०. **टेम्पल अफ आर्टेमिस एट एफिसस :** देवी आर्टेमिसलाई समर्पित एक भव्य मन्दिर ।

११. **कोलोसस अफ रोड्स :** सूर्यदेव हेलिओसको विशाल कांसको मूर्ति । बन्दरगाहको प्रवेशद्वारमा उभिएको छ ।

१२. **मौसोलसको मकबरा :** राजा मौसोलसको समाधिस्थल ।

१३. **लाइटहाउस अफ अलेक्जेन्ड्रिया :** इजिप्टको फारोस टापुमा रहेको समुद्री मार्गदर्शनका लागि बनाइएको संसारकै सबैभन्दा ठूलो बत्तीघर ।

१४. **एली मिनारेट अफ समर्रा :** इराकमा अवस्थित इस्लामिक वास्तुकलाको अनौठो विशिष्ट संरचना ।

१५. **कैथेड्रल अफ हागिया सोफिया :** टर्कीको इस्तानबुलमा अवस्थित बैजेन्टाइन वास्तुकलाको चमत्कार । पछि मस्जिद र हाल सङ्ग्रहालय । ■

प्रस्तोता : बद्रीप्रसाद घिमिरे

वर्तमान समाजमा विवाह करार वा संस्कार भन्ने विवाद पनि व्याप्त छ । मानव सभ्यताको आरम्भ भएसँगै मानिसले सामाजिक तथा सांस्कृतिक विधि, पद्धति एवं सांस्कृतिक आयाम निर्माण गर्दै आयो । मानिसबाहेक अन्य प्राणीले यसो गर्न अहिलेसम्म सकेनन् ।

■ शुक्रराज अधिकारी

विवाहको वैदिक रीति

विवाहको परिचय

मानिसको जैविक उत्पादन र सामाजिक अस्तित्व वैवाहिक प्रक्रियाले कायम गर्दछ । सृष्टि चक्रको निरन्तरताका लागि विपरीत लिङ्गीबीचको यौन समागम हुनु नै विवाहको मूल रूप हो । मानिसबाहेक अन्य प्राणीबीचको यौन समागमलाई विवाह मानिँदैन र त्यो यौन समागमका लागि खास पद्धतिको बृहत् स्वरूप पाइँदैन ।

त्यसैले मानवबाहेक प्राणीको दाम्पत्य सम्बन्धलाई विवाहका नामले सम्बोधन गर्ने चलन छैन तर मानिस मानिसबीचमा यौन समागमसम्म पुग्नका लागि खास खालका विधि तथा पद्धति निर्माण हुँदै आएका छन् । खास खालका विधि पद्धति पूरा गरेपछि मात्र वैवाहिक प्रक्रिया पूरा भएको मानिन्छ । त्यसपछि मात्र दम्पतीबीचमा यौन सम्बन्धको सामाजिक वैधता निर्माण हुन्छ ।

वर्तमान समाजमा विवाह करार वा संस्कार भन्ने विवाद पनि व्याप्त छ । मानव सभ्यताको आरम्भ भएसँगै

मानिसले सामाजिक तथा सांस्कृतिक विधि, पद्धति एवं सांस्कृतिक आयाम निर्माण गर्दै आयो । मानिसबाहेक अन्य प्राणीले यसो गर्न अहिलेसम्म सकेनन् । त्यसैले अन्य प्राणीको जीवन चक्रलाई सभ्यता भनिएन तर मानव जीवन चक्र सभ्यताका रूपमा स्थापित भयो । संस्कार एक यस्तो सांस्कृतिक रित हो जसले मानवीय तथा सामाजिक क्रियाकलापलाई परिस्कार र परिमार्जन गर्दै लैजान्छ । जुन प्रक्रियाभित्र समाहित भइसकेपछि फेरि पूर्ववत् स्वरूपमा

फर्कन कठिन हुन्छ । दुई विपरीत लिङ्गी पनि एक खास खालको विधिसहित मानव पूर्णत्वको जीवन अभियानमा प्रवेश गरेपछि फेरि पूर्ववत् बन्छु भन्ने कुरा जटिल हुने हुँदा विवाहले संस्कारको स्वरूप ग्रहण गर्दै आएको देखिन्छ । त्यसैले गर्दा नै विवाह करार नभएर संस्कारका रूपमा स्थापित भएको हो ।

विवाहका संस्कारजन्य रित

स्वयम्बर

स्वयम्बरको भाव कुनै पनि स्त्रीले आफ्ना लागि आफैँ वर वा पति छान्ने प्रक्रिया हो । शास्त्रगत हिसाबले गहिरो विश्लेषण गर्दा भने भाले लोग्ने र पतिको भाव फरक फरक रूपमा बुझ्ने गरिन्छ । भाले सामान्य यौन समागमको क्षणिक समयका लागि मात्र जोडिन आउने देखाउँछ । यस भावले पुरुष नेतृत्व जन्मनुभन्दा पहिले तथा परिवारमा पुरुषको नेतृत्व स्थापित हुनुभन्दा पहिले मातृ सत्ताको तथा मातृ शक्तिको नेतृत्व रहेको यस्तो आभास दिन्छ जहाँ पुरुष नेतृत्व एवं निर्णयसहितको परिवार व्यवस्था निर्माण भइसकेको थिएन । स्त्रीको निजी पुरुष नै रहन्थ्यो भन्ने पनि थिएन र वरको छनोट स्त्रीको चाहनामा मात्र भर पर्दथ्यो भन्ने बुझिन्छ ।

सामाजिक जीवशास्त्रको दृष्टिकोणबाट हेर्दा पोथीले सशक्त भाले रोज्नु तथा छान्नुमा पनि जैविक भाव लुकेको हुन्छ । जगत्भित्रको बलशाली भालेको बिउ धारण गरी बलशाली सन्तान उत्पादन गरी उसको प्रभुत्व स्थापित भएको देख्ने रहर हुन्छ भन्ने मानिन्छ । त्यसैले होला वर, बधू चयन गर्दा यौन

वैदिक सभ्यताले करिब चारदेखि पाँच हजार वर्षअघिको समाज व्यवस्थाको बिम्ब दिन्छ । हालसम्म निरन्तर प्रकाशन भइरहेको शिवराज आचार्यकृत वैदिक पात्रले त्यसको प्रामाणिक आधार दिन्छ ।

प्राणीका रूपमा बुझिन्छ भने पति भन्नाले पारिवारिक स्वरूप र संरचनासहितको नेतृत्वदायी भूमिका निर्वाह गर्ने पुरुषका रूपमा बुझिन्छ तथा त्यहाँभित्र संस्कारजन्य सबै विधि विधान पूरा भएको नहुन सक्ने पनि भाव प्राप्त हुन्छ ।

तर पति वा पत्नी भन्नाले शास्त्रगत विधि, विधान वा शास्त्रगत मान्यता अनुसार सबै संस्कारजन्य विधि अनुसरण गरी दाम्पत्य सम्बन्ध कायम भएका स्त्री पुरुषलाई प्रतिबिम्बित गर्दछ । यो मानवमा मात्र नभएर आमप्राणी जगत्भित्र व्याप्त छ । यसले स्त्री स्वतन्त्रताको बिम्ब पनि दिन्छ । वर चयन गर्ने बधूको हक तथा इच्छाभित्र पर्दछ भन्ने समेत र सन्तान उत्पादनका हिसाबले सबल हुन्छन् भन्ने अनुभूत भएपछि मात्र प्रक्रिया अगाडि बढाउने चलन अद्यापि छ ।

यसैले गर्दा मानव सभ्यतामा विवाहजन्य प्रक्रियामा पहिलो संस्कारका रूपमा स्वयम्बरलाई समावेश गरिएको हुनु पर्छ । जसले स्त्री शक्तिको निर्णयलाई कदर गर्ने र त्यसभित्र उसको जैविकीय भाव पनि पूरा होस् । सो भाव पूरा गर्न सामाजिक हिसाबले पनि त्यसका खास विधि बनाइयो । यो विधि वैदिक सभ्यतादेखि अभ्यासमा रहेको तर्क गर्दै विद्वान् कपिलदेव द्विवेदी र वाचस्पति गैरोलाले ऋग्वेदका ऋचाको सन्दर्भ दिँदै राजा पुरु मित्रकी कन्या सुन्ध्युव

ऋग्वेदको १० औँ मण्डलको ८५ औँ सूक्त (जसलाई विवाह सूक्त पनि भनिन्छ) अन्तर्गत रहेका अधिकांश ऋचामा अग्निको प्रार्थना, यज्ञको आयोजना भएको भाव पाइन्छ । उल्लेखित तथ्यहरूले वेदकालीन समयमा विवाह कार्यमा अग्नि परिणयनको रित रहेको देखाउँछन् ।

र विमद ऋषिका बीचमा स्वयम्बर भएको तथ्य उल्लेख गरेका छन् ।

वैदिक सभ्यताले करिब चारदेखि पाँच हजार वर्षअघिको समाज व्यवस्थाको बिम्ब दिन्छ । हालसम्म निरन्तर प्रकाशन भइरहेको शिवराज आचार्यकृत वैदिक पात्रले त्यसको प्रामाणिक आधार दिन्छ । त्यसबेलादेखिका संस्कारजन्य विधि वर्तमानसम्म निरन्तर छन् । स्वयम्बरको प्रक्रियामा वर छान्ने निर्णय स्त्रीमा निहित हुन्छ भन्ने बिम्ब महाभारतमा द्रौपदीले अर्जुनलाई पति छानेको सन्दर्भबाट पनि बुझ्न सकिन्छ तर त्यो द्रौपदीको आफ्नो एकल निर्णय थियो वा उनका बाबु द्रुपदको इच्छाबमोजिम त्यसो गराइएको थियो भन्ने विश्लेषण गरिनु बेग्लै पाटो हो तर महाभारतकालीन समाज व्यवस्थामा पुरुषको नेतृत्व स्थापित भइसकेकाले त्यतिबेला द्रौपदीका लागि आयोजना गरिएको स्वयम्बरको प्रक्रिया मातृशक्तिको तथा स्त्रीको निर्णयभन्दा पनि पुरुषकै निर्णयबाट प्रभावित भएको हुनु पर्छ भन्ने पितृसत्तात्मक सैद्धान्तिक तर्क गर्ने चलन पनि छ । यद्यपि स्वयम्बरको प्रक्रिया भने वैवाहिक कार्यका लागि अनिवार्य रहेको झलक त्यो तथ्यले प्रदान गर्दछ ।

अग्नि परिणयन

वेदकालीन सभ्यतामा पशुपालन विस्तारको अभियानले गर्दा आगो अग्नि देवताका रूपमा स्थापित भएको थियो । वेदकालीन समयमा प्राकृतिक वस्तु, जुन मानव जीवनका लागि कल्याणकारी थिए तिनलाई देवताका रूपमा पुजिन्थ्यो । दाम्पत्य सम्बन्धलाई आगोले पनि टुटाउन नसकोस् भन्ने बिम्बका रूपमा अग्नि परिणयन संस्कारको प्रक्रिया आरम्भ भएको पाइन्छ ।

वर्तमान समाजमा पनि विवाह गर्दा अग्निसहितको यज्ञ आयोजना गर्ने चलन रहेको छ । अचेल पनि विवाहको निमन्त्रणा पत्रमा 'वैदिक विधिपूर्वक सुसम्पन्न हुने विवाह समारोहमा' भन्ने वाक्यांश राख्ने चलन छ । अध्येता शिवस्वरूप सहायले तैत्तिरीय ब्राह्मणको सन्दर्भ दिँदै वैदिक कालमा विवाहको यज्ञ मण्डपमा वर अघि अघि, बधू पछि पछि, तीन पटकसम्म अग्निको प्रदक्षिणा गर्दथे भनेका छन् ।

त्यसैगरी ऋग्वेदको १० औँ मण्डलको ८५ औँ सूक्त (जसलाई विवाह सूक्त पनि भनिन्छ) अन्तर्गत रहेका अधिकांश ऋचामा अग्निको प्रार्थना, यज्ञको

विवाह कार्यमा वरले बधूलाई यज्ञको परिक्रमा गराएर यज्ञनजिक राखिएको एक शिला (ढुङ्गा) मा लगेर खुट्टाको बुढीऔँला समातेर तिमी शिला जस्तै स्थिर बन, शत्रुका शिरमा टेकी हिँड भन्ने भावको मन्त्र उच्चारण गर्ने रितलाई अश्मारोहण तथा शिलारोहणका रूपमा बुझिन्छ । यस्तो विधि वेदकालीन समयमा समेत थियो ।

आयोजना भएको भाव पाइन्छ । उल्लेखित तथ्यहरूले वेदकालीन समयमा विवाह कार्यमा अग्नि परिणयनको रित रहेको देखाउँछन् ।

सप्तपदी र पाणिग्रहण

वर, बधूले वैवाहिक यज्ञमा सात कदममा यज्ञ मण्डप परिक्रमा गर्ने कार्यलाई सप्तपदी भनिन्छ । ऋग्वेद र अथर्ववेदका विभिन्न ऋचामा अग्नि देवतालाई सम्बोधन गर्दै, पवित्र भावनाले म पति भएर तिमीलाई पत्नीका रूपमा पाणिग्रहण गर्दछु भन्ने वाक्यांश भएकाले त्यस समयको विवाह कार्यमा सप्तपदी र पाणिग्रहण एक महत्त्वपूर्ण संस्कारजन्य रीति थियो भन्ने पुष्टि हुन्छ ।

ऋग्वेदको १० औं मण्डलको ८५ औं सूक्तको ३६ सौं ऋचामा 'जसरी म उत्तम ऐश्वर्यका लागि तिम्रो हात पक्रन्छु त्यसरी नै म पतिसँगै तिमी वृद्धता प्राप्त गर्ने होऊ । मग, अर्यमा, उत्कृष्ट, बुद्धि भएका पूषा आदि देवताले मेरो घरको रक्षाका निम्ति तिमीलाई दिए भन्ने भाव रहेको छ ।

यहाँ ऐश्वर्यका लागि तिम्रो हात पक्रन्छु भन्ने भावले पाणि ग्रहणको प्रक्रियालाई देखाउँछ । त्यस समयमा पाणि ग्रहण मानव शरीरको पूर्णत्वको प्रतिबिम्ब मानिन्थ्यो । वेदकालीन समयमा अलग अलग रूपमा रहेका हामी दुई अबदेखि एक भयौँ, दुवै एकअर्काको पालनपोषण र सुख दुःखको सहयात्रामा एकबद्ध हुन्छौँ, भन्ने भावको प्रदर्शन गरिन्थ्यो ।

विवाहपछि स्त्री पतिको घरमा जाने हुँदा सिङ्गो घरको समृद्धिको सूचक स्वरूप अग्नि साक्षी राखेर यो रित पूरा गर्ने चलन प्राचीन वैदिक समाज व्यवस्थादेखि नै आरम्भ भएको थियो ।

खरबुजा वा काँक्रो पाकेपछि लहराबाट आफैँ छुट्टिएझैँ हामी पितृकुलबाट कन्यालाई पृथक् गराउँछौँ तर पति कुलबाट पृथक् गराउँदैनौँ । यसमा 'तिमीलाई यस पितृकुलबाट मुक्त गराएका छौँ' भन्ने भाव उल्लेख भएको देखिन्छ ।

काखमा आफ्ना सन्तानका लागि स्थापित गर्दछु । तिमी श्रेष्ठ तेजस्विताले सम्पन्न र आनन्दित भएर यस ढुङ्गामाथि चढ, साविता देवले तिम्रो आयु वृद्धि गराऊन्" भन्ने भाव रहेकाले त्यस समयको विवाह कार्यमा अश्मारोहण तथा शिलारोहणको रित थियो भन्ने थाहा हुन्छ ।

अश्मारोहण विधिले पुरुष नेतृत्वको परिवार व्यवस्थाभित्र पुरुषलाई महिलाको सेवक पनि बन्नु पर्छ भन्ने सन्देश प्रदान गरेको देखिन्छ । अश्म भनेको ढुङ्गा र आरोहण भनेको त्यसमाथि चढ्नु भन्ने बुझिन्छ ।

अश्मारोहण

विवाह कार्यमा वरले बधूलाई यज्ञको परिक्रमा गराएर यज्ञनजिक राखिएको एक शिला (ढुङ्गा) मा लगेर खुट्टाको बुढीऔँला समातेर तिमी शिला जस्तै स्थिर बन, शत्रुका शिरमा टेकी हिँड भन्ने भावको मन्त्र उच्चारण गर्ने रितलाई अश्मारोहण तथा शिलारोहणका रूपमा बुझिन्छ । यस्तो विधि वेदकालीन समयमा समेत थियो । अथर्ववेदको १४ औँ मण्डलको प्रथम सूक्तको ४७ औँ ऋचामा "म पति हुनाले सुखप्रद तथा स्थिर ढुङ्गालाई आधारका रूपमा पृथ्वीदेवीका ढुङ्गालाई शत्रुको प्रतीक मानेर दुवैको बलबाट त्यो ढुङ्गालाई कुल्चनु भनेको आफ्ना शत्रुलाई परास्त गर्नु भन्ने सन्देश रहेको देखिन्छ ।

दुवै एकताको सूत्रमा बाँधिएर एक अर्काका सेवक बनी हामी जीवनयापन गर्न तयार छौँ भन्ने प्रतिबद्धताको प्रतीक अश्मारोहण रितले प्रदान गरेको छ ।

कन्यादान

वेद संहिताका ऋचाहरूमा कन्यादान भन्ने शब्द प्रस्ट रूपमा नदेखिए पनि कन्यालाई उनका पिता

कुलबाट विच्छेद गरी कन्याका पति कुलमा गएको भावसहितका प्रसङ्ग भने अथर्ववेदका विभिन्न ऋचामा पाइन्छन् । जसले गर्दा त्यस समयमा कन्यादान प्रचलन रहेको तथ्यलाई देखाउँछ ।

अथर्ववेदको १४ औँ मण्डलमा सङ्गृहीत ऋचाहरूमा कन्यालाई सम्बोधन गर्दै पति प्राप्त गराउने र श्रेष्ठ बन्धु बान्धवका साथमा सुरक्षित राख्ने गरेको अर्थमा देवतालाई हामी यमन गर्दछौँ । खरबुजा वा काँक्रो पाकेपछि लहराबाट आफैँ छुट्टिएझैँ हामी पितृकुलबाट कन्यालाई पृथक् गराउँछौँ तर पति कुलबाट पृथक् गराउँदैनौँ । यसमा 'तिमीलाई यस पितृकुलबाट मुक्त गराएका छौँ' भन्ने भाव उल्लेख भएको देखिन्छ । यस भावले कन्यादानको रितलाई प्रस्तुत गरेको छ । यसै तथ्यका आधारमा वेदकालीन समयको विवाह कार्यमा कन्यादानको संस्कारजन्य विधि रहेको पुष्टि हुन्छ ।

सनातनी समाजमा कन्यादानको सन्दर्भमा कसरी प्रारम्भ भयो होला भन्ने बारेमा विभिन्न बहस हुने गरेका छन् । कन्यादानको प्रक्रिया विवाह संस्कारभित्र मुख्य उपसंस्कार तथा प्रक्रियाका रूपमा रहेको पाइन्छ ।

मानव सभ्यताभित्र यसको सुरुवात कसरी हुन पुग्यो भन्ने सन्दर्भको खोजी गर्न वैदिक आर्य सभ्यतासम्म पुग्नुपर्ने हुन्छ । सिन्धु सभ्यताका द्रविड र वैदिक सभ्यताका वैदिक आर्यका बीचमा एकखालको फरकपन थियो । वैदिक आर्यहरू आफूलाई द्रविडभन्दा उच्च कुलीन संस्कृतिका हौँ भन्ने मनोविज्ञानमा थिए ।

दुवै परिवारतर्फका बावुआमाको सहमतिमा मात्र विवाह हुनुपर्ने र बावुआमाको स्वीकृति नलिई गरिएको विवाहलाई नमान्ने परम्परा सुरु भयो ।

सभ्यता निर्माणका क्रममा द्रविड र आर्यका बीचमा आपसी द्वन्द्व भइरहन्थ्यो । आर्यहरू युद्ध कलामा द्रविडहरूभन्दा सिपालु थिए । त्यसैले आर्यहरूले उनीहरूलाई युद्धमा हराएर दास बनाउँथे । यसै सिलसिलामा युद्धमा हराएर द्रविड युवतीलाई आर्य लडाकुले हरण गरी विवाहसमेत गरेर ल्याउने क्रम बढ्दै गएको थियो ।

यसबाट द्रविड र आर्यबीचमा सांस्कृतिकदेखि जैविक सम्मिश्रण बढ्ने खतरा बढ्दै गयो। यस खतराबाट आर्य संस्कृतिलाई जोगाउन आर्यले बाबुआमाको अनुमति तथा स्वीकृति नलिई कन्या लिएर आउन नपाउने संस्कारजन्य मान्यता निर्माण गरे। दुवै परिवारतर्फका बाबुआमाको सहमतिमा मात्र विवाह हुनुपर्ने र बाबुआमाको स्वीकृति नलिई गरिएको विवाहलाई नमान्ने परम्परा सुरु भयो।

यस परम्पराबाट आर्य समुदायका युवकले द्रविड समुदायका युवती विवाह गर्ने प्रचलनमा नियन्त्रण गरी आर्य संस्कृतिलाई शुद्ध रूपमा कायम गर्न सकिन्छ भन्ने अभिप्राय बुझ्न सकिन्छ। आर्य संस्कृतिको शुद्धता कायम गर्ने हेतुले कन्यादानको संस्कार आरम्भ भएको प्रचलन अहिलेसम्म अभ्यासमा रहेको छ।

अथर्ववेदको ऋचामा घरपरिवारलाई कष्ट नदिई पशुको हित गर्ने, वीर सन्तान जन्माउने बनेर गार्हपत्य अग्निमा हवन गर्ने भाव देखिन्छ। यस भावले त्यस समयको विवाहको संस्कारजन्य कार्यमा गृह प्रवेशको समेत विधि थियो भन्ने देखाउँछ। गृह प्रवेश गर्दा पनि अग्निको प्रसङ्ग आउँछ।

गृह प्रवेश

विद्वान् शिवस्वरूप सहायले वेदकालीन समयको विवाह कार्यमा गृह प्रवेशको विधि पनि रहेको चर्चा गरेका छन्। अथर्ववेदका विभिन्न ऋचामा बधूलाई गृह प्रवेशका क्रममा उच्चारण गरिने मन्त्र रहेका छन्।

अथर्ववेदको ऋचामा घरपरिवारलाई कष्ट नदिई पशुको हित गर्ने, वीर सन्तान जन्माउने बनेर गार्हपत्य अग्निमा हवन गर्ने भाव देखिन्छ। यस भावले त्यस समयको विवाहको संस्कारजन्य कार्यमा गृह प्रवेशको समेत विधि थियो भन्ने देखाउँछ। गृह प्रवेश गर्दा पनि अग्निको प्रसङ्ग आउँछ। दियो बालेर दिदीबहिनीले बाटो छेक्दा बलिरहेको दियोरूपि अग्निले पनि वैवाहिक सम्बन्ध टुटाउन नसकोस् भन्ने भावमा गृह प्रवेश गर्ने चलन अद्यापि रहेको छ।

यसरी हेर्दा पनि वैदिक विवाहका रितहरू समकालीन सनातनी समाज व्यवस्थाको आधार स्तम्भका रूपमा रहेका छन्।

करिब पाँच हजार वर्षको अन्तरालमा समाज व्यवस्थामा धेरै फेरबदल भए पनि वैदिक विवाहका संस्कारजन्य रित सनातनी समाजमा अद्यापि अभ्यासमा रहेको देखिन्छ। ■

शङ्कर तिवारी

राजनीतिक विश्लेषक/अध्येता

राजनीतिक विश्लेषक एवं बौद्धिक लेखकको छवि बनाएका शङ्कर तिवारी आफूलाई गम्भीर पाठक भन्न रुचाउँछन् । विभिन्न पत्रपत्रिकामा स्तम्भकारका रुपमा रहेका तिवारी राजनीतिक, आर्थिक एवं सामाजिक दर्शनमा गहिरो रुचि राख्छन् । भन्छन्, "मलाई पढ्नलेख्न पाउँदा आनन्द लाग्छ ।" उनी नेपालको पहिलो गैरसरकारी संस्था 'नेपाल चर्खा प्रचारक गान्धी-तुलसी स्मारक महागुठी' अन्तर्गतको गान्धी-तुलसी दर्शन अध्ययन कार्यक्रमको संयोजक पनि हुन् । नेपालको प्रजातान्त्रिक आन्दोलन र प्रजातन्त्रवादी नेताका बारेमा खोज अनुसन्धान गर्दै आएका तिवारीका आधा दर्जनजति पुस्तक प्रकाशित छन् । पछिल्लो समयमा उनी समाजवादको निर्माण र बिपी कोइरालाको जीवनी लेख्न लागिपरेको बताउँछन् ।

पुस्तकको महत्वका बारेमा उनी भन्छन्, "हुन त मान्छेको सृष्टिभन्दा पुस्तक धेरै पछि आएको वस्तु हो । ज्ञान, चेतना र विवेक जस्ता कुरालाई सङ्गृहीत गर्न जहिलेबाट मानिसले पुस्तकको रचना गऱ्यो, त्यसपछि मानिसलाई सभ्य र सुसंस्कृत बनाउन पुस्तकले नै भूमिका खेल्दै आएको छ ।"

आफ्नो जीवनमा धेरै पुस्तकले गहिरो प्रभाव पारेको बताउने तिवारी जीवन र प्रकृतिसँग नजिक हुन पुस्तकले नै सिकाएको हो भन्छन् । आजको विश्वमा पुस्तकको अर्थतन्त्रलाई हेर्दा पुस्तकबिनाको संसार कल्पना गर्न नसकिने उनको बुझाइ छ । पुस्तकालयलाई औधि महत्व दिने तिवारी यात्राका क्रममा जिल्लातिर वा विदेश जाँदा पनि त्यहाँका पुस्तकालय जाने गरेको अनुभव सुनाउँछन् । के पढेर त्यहाँको समाज बन्यो, संस्कृति झाँगियो भन्ने जान्न आफू लालायित हुने गरेको उनको भनाइ छ । जता जाँदा पनि एकाध पुस्तक सङ्कलन गर्ने गरेका तिवारीको घरमा पढिसकेका, पढ्दै गरेका र पढ्न बाँकी रहेका थुप्रै पुस्तक सङ्गृहीत छन् । पछिल्लो समयमा आफूले पढेका पाँच पुस्तकका बारेमा उनले यसरी बताएका छन् :

Age of Revolution From 1680 to present Progress and Backlash.



मैले फरिद जकारिया (fareed zakaria) का आधा दर्जनभन्दा धेरै पुस्तक पढेको छु। उनको Age of Revolution From 1680 to present Progress and Backlash जत्तिको महत्त्वपूर्ण अरू किताब लागेनन्। कारण उनले युरोप र अमेरिकामा भएका राजनीतिकलगायत अनेक क्रान्तिको चर्चा गरेका छन् र जुन क्रान्तिले दिगोपन सुनिश्चित गर्न सक्दैन, त्यो क्रान्तिको महत्त्व कम हुने अर्थ्याएका छन्। उनले हामी धेरैले जानेसुनेका र पढेका क्रान्तिभन्दा नेदरल्यान्ड्सको orange revolution लाई उत्तम क्रान्तिको कोटिमा राखेका छन्। त्यो क्रान्तिले लोकतन्त्रलाई आवश्यक पर्ने संस्था र संस्थाको निर्माणमा खेलेको भूमिकालाई महत्त्वपूर्ण आधारका रूपमा उल्लेख गरेका छन्।

कृष्णविक्रम नेम्वाङले हिंडेको क्रान्तिको बाटो



यस पुस्तकको सम्पादन धर्मेन्द्र नेम्वाङले गरेका छन्। यो पुस्तक नेपालमा भएका तीन वटा शान्तिपूर्ण जनआन्दोलन (२०१७–२०१९, २०२८–२०३२ र २०४६) बारे एउटा भुइँयोद्धाले गरेको सङ्घर्षको कथा हो। त्यहाँ उनले आफू र उस्तै भुइँमान्छेको जीवनमा प्रजातान्त्रिक आन्दोलनको निवास कसरी भयो, त्यसका लागि उनीहरूले कसरी र के के सङ्घर्ष गरे, जेल परे, मारिएलगायत अनेक भुक्तमानको इमानदार, सरस एवं बौद्धिक वर्णन गरेका छन्। लेखन ठेट भाषा र मिठासपूर्ण शैलीमा भएकाले पुस्तक निकै पठनीय छ। २००७ को क्रान्तिमा विद्यालयमा जिन्दावाद र मुर्दावादको नारा लगाउन सिकेकाले, २०१७ साल पुस १ गते राजाले ज्यादती गरे भन्दै २०१७ फागुनमा नै राजाको कदमविरुद्ध सशस्त्र क्रान्तिमा होमिएको कृष्णविक्रम नेम्वाङको आँटले जो कोही पाठकलाई प्रभावित पार्दछ।

लोकतन्त्र के सात अध्याय

छिमेकी देश भारत गणतान्त्रिक मुलुक बनेको ५० वर्ष पुगेको उपलक्ष्यमा त्यहाँका दिग्गज सात जना समाजशास्त्री तथा राजनीतिशास्त्रीले मूल अङ्ग्रेजीमा लेखेका लेखलाई हिन्दीमा अनुवाद गरेर यो पुस्तक प्रकाशित गरिएको छ। यसका सम्पादक अभयकुमार दुबे रहेका छन्। पुस्तक निस्किएको २५ वर्ष पुरा भए पनि उत्तिकै पठनीय छ। यसमा गरिएका भविष्यवाणी मिल्दै गएको अनुभव हुन्छ। कांग्रेसको विकल्पका रूपमा आएको भारतीय जनता पार्टीको यत्रो बलशाली उपस्थिति नहुँदै भाजपाको राजनीतिक उदयले ल्याउन सक्ने हलचलबारे पुस्तकमा उतिबेलै उल्लेख गरिएको थियो। नेपालमा गणतन्त्र आएको १७ वर्ष पार हुँदै गर्दा र २००७ यताका अनेक घटनाक्रमलाई भारतको लोकतान्त्रिक अवस्थासँग तुलनात्मक अध्ययन गर्न चाहनेले यो पुस्तक पढ्नैपर्ने हुन्छ।

Iconoclast



बाबासाहेब अम्बेडकर भारतमा जन्मेका अद्भुत प्रतिभा हुन्। उनले दलितको अधिकारका लागि जे जति लडे, त्यसले उनका अनुयायीसमक्ष उनी बुद्धको उचाइमा राखिने व्यक्ति बन्न पुगेका छन्। लेखक आनन्द तेल्तुम्डले यो नयाँ पुस्तकमा अम्बेडकरका बारेमा स्वस्थ आलोचना गर्दै विश्लेषण गरेका छन्। तेल्तुम्डेको यो कठोर बौद्धिक अनुष्ठान पुस्तकमा उजागर भएको छ। नेपाली दलित आन्दोलनले यो पुस्तकबाट धेरै कुरा सिक्न सक्छ।

अरहत

युवा साहित्यकार शैलेन्द्र अधिकारीद्वारा लिखित उपन्यास 'अरहत' आमपाठकका साथै धेरै समीक्षकको ध्यान आकृष्ट गरेकाले यो पुस्तकप्रति म पनि आकर्षित भएको छु। प्रयोगधर्मी लेखक शैलेन्द्रले मोक्ष र मुक्तिका बारेमा उनका अघिल्ला उपन्यासमा पनि चिन्तन गरेका थिए र ती ज्यादाजसो हिन्दु चेतनाबाट प्रभावित थिए। यो उपन्यास भने बुद्धको जीवनमा आधारित भएकाले बौद्ध दर्शनको चेतनालाई प्रस्तुत गर्ने उनको शैली पाठकप्रिय बनेको छ। औपन्यासिक कलापूर्ण बुद्ध दर्शनको कथावस्तु बौद्धिक खुराक लाग्दछ। ▪

–प्रस्तुति : तुलसीहरि कोइराला

आदर्श वचनको व्यङ्ग्योक्ति

नेपाल प्रहरीको मूल आदर्श वचन हो 'सत्य सेवा सुरक्षणम्' ।

प्रहरी र आममानिसबीच यदाकदा देखिने विवाद तथा अप्रिय व्यवहारमा आदर्श वचनको व्यङ्ग्योक्ति देखिन्छ ।

सामान्य घटनामा समेत प्रहरीले संयमता गुमाउने र संलग्नमाथि बराबरी (कतिपय अवस्थामा अझ बढी) मै आक्रामक भइदिने हुनाले प्रहरीको भूमिका र कर्तव्यमाथि प्रश्न उठाउन प्रशस्त ठाउँ मिल्दछ । अझ सामाजिक सञ्जालको यस युगमा प्रायः सार्वजनिक घटना लुक्दैनन् र छिनभरमै लाखौं मानिस त्यसबाट अवगत हुन्छन् । 'किन यस्तो भयो, कसले के गर्‍यो' त्यसको पृष्ठभूमि जान्ने बुझ्ने फुर्सद कसैलाई छैन तर प्रहरी भएर यस्तो गर्ने ?, उसले बुझ्नु हुँदैन ? वा अपराधी जस्तै बन्ने प्रश्न ओइरिन तथा अविश्वासको लहरो फैलिन बेर लाग्दैन । हात हातमा मोबाइल फोनका क्यामरा तथा सामाजिक सञ्जालमा द्रुत र मनोगत नागरिक पत्रकारिताको भरमार त्यसका उत्प्रेरक हुन्छन् ।

यस्ता गतिविधिले मानिस सचेत भएका छन् भन्ने कुरासमेत प्रस्ट हुन्छ । अर्कोतिर प्रहरी प्रशासनप्रतिको जनविश्वास घट्दै जानुका साथै प्रहरीको आचरण र व्यवहारमा देखिएको स्खलनसमेत जिम्मेवार देखिन्छ । कानुन कार्यान्वयनको महत्त्वपूर्ण जिम्मेवारी बोकेको प्रहरीले बर्दीकै आडमा मानिससँग वादविवाद गर्नु, पौंठेजोरी खेल्नु र कुटपिट गर्नु कदापि सुहाउँदैन ।

केही महिनाअघि काठमाडौँको सुन्धारानजिकको सडकमा चार जना ट्राफिक प्रहरीले एक युवकलाई कुटपिट गरेको घटना सामाजिक सञ्जालमा भाइरल बन्यो ।

यस्ता घटनाबाट प्रहरीप्रति आममानिसको असन्तुष्टि सतहमा देखिने गरेको प्रस्ट हुन्छ ।

'भाइरल' बन्ने उत्कण्ठाले विवाद

'नागरिक बिनाबर्दीको प्रहरी' यो कुरा व्यवहारमा लागू हुन सकेको छैन । सूचना प्रविधिको विकाससँगै

हात हातमा मोबाइल फोन र सामाजिक सञ्जालमा चुर्लुम्म जनमानसमा पनि भाइरल बन्ने उत्कण्ठा हाबी देखिएको छ ।

कतिसम्म भने दुर्घटनाले निम्त्याएको विपत्का बेला पीडित वा घाइतेको उद्धार र उपचारभन्दा श्रव्यदृश्य खिचेर सामाजिक सञ्जालमा राख्ने हतारोमा धेरै मानिस देखिन्छन् । उनीहरूमा जिम्मेवारी, कर्तव्य र मानवताको बोध नै च्युत हुँदै गएको जस्तो लाग्छ ।

मानवशास्त्री प्राडा मधु गिरी भन्छन्, "हाम्रो समाज कतातिर जाँदै छ सोचनीय विषय बनेको छ । प्रविधिले परिवर्तन त ल्यायो तर यसले कसैलाई पनि जिम्मेवार नागरिक बनाएन । नागरिक–प्रहरीबीच सम्बन्धको कुरा मात्र होइन राज्य र जनताबीच सम्बन्ध पनि सुमधुर हुन सकेको छैन ।"

केही महिनाअघि काठमाडौँको सुन्धारानजिकको सडकमा चार जना ट्राफिक प्रहरीले एक युवकलाई कुटपिट गरेको घटना सामाजिक सञ्जालमा भाइरल बन्यो । उक्त घटना २०८१ साल फागुन २३ गतेको भए पनि यस वर्ष वैशाखको पहिलो साता सार्वजनिक भयो ।

यस्तो घटना हुनुमा सवारीचालक युवक र ट्राफिक प्रहरी दुवै पक्षको कमजोरी अनुसन्धानमा देखियो । तापनि बर्दीधारी प्रहरीले युवकलाई कानुनी उपचारको बाटो नअपनाई कुटपिट गर्नु गलत थियो भन्छन् नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक दिनेश आचार्य । हुन पनि हो कुनै गल्ती भएको भए प्रहरीले समातेर कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउनुपर्ने थियो, संयमता गुमाएर वा शक्तिको अहम्‌मा आफैँ सजाय दिने जुन कार्य गरियो त्यो पूर्णतया गलत थियो ।

जनसङ्ख्याको तुलनामा प्रहरी जनशक्ति पर्याप्त देखिँदैन । अन्तर्राष्ट्रिय मान्यता के छ भने २५० मानिसका लागि एक प्रहरी हुनु पर्छ ।

अनलाइन उजुरी

प्रहरी कर्मचारीको आचरण र बोली व्यवहार सुधार्न अनलाइनमार्फत उजुरी लिने व्यवस्था छ । सेवाग्राहीसँग रुष्ट हुने, अपशब्द प्रयोग गर्ने, घुस माग्ने, बर्दीको दुरुपयोग गरी कानुनविपरीतका क्रियाकलाप गर्नेविरुद्ध श्रव्यदृश्यसहित उजुरी गर्न सकिन्छ ।

नेपाल प्रहरीले 'आचारसंहितासम्बन्धी कार्यदिशा–२०७७' जारी गरी अनुगमन तथा सुपरीवेक्षण महाशाखाले १११३ सिधा सम्पर्क नम्बर र प्रहरी एपमार्फत श्रव्यदृश्यसहितको उजुरी लिने गरेको छ ।

सुरक्षाकर्मी राज्यकै अङ्ग भएकाले पेशागत आचरणविपरीतका क्रियाकलाप गर्नु दण्डनीय मानिन्छ । शिष्ट बोली, मर्यादित, जवाफदेही, कर्तव्यनिष्ट, उच्च नैतिकता र अनुशासनको पालना उनीहरूलाई अनिवार्य छ ।

सहयोगी बनाउन सञ्चालित समुदाय-प्रहरी साझेदारी कार्यक्रम आफैँमा नमुना कार्यक्रम मानिन्छ। यो अभियान सञ्चालन गर्नुको मुख्य उद्देश्य पनि समुदायसँग रहेर प्रहरीले काम गर्ने, शान्ति सुरक्षामा नागरिकको सहयोग लिने, घरेलु हिंसा, दुर्घटना जोखिम न्यूनीकरण, अपराध नियन्त्रण, मानव बेचबिखन तथा लागूऔषध नियन्त्रण कार्यमा नागरिक समुदायलाई जिम्मेवार बनाउने छ।

यस कार्यक्रमलाई देशैभर अभियानकै रूपमा लागू गरी समुदायलाई नै सशक्त र प्रभावकारी बनाई शहरदेखि गाउँसम्म, अभिभावकदेखि विद्यार्थीसम्म र केन्द्रदेखि वडासम्मलाई जवाफदेही बनाउने नै थियो।

त्यस्तै 'प्रहरी मेरो साथी, मुस्कानसहितको प्रहरी सेवा र जिब्रोको गरिमा मिठो बोलीमा' प्रहरीले सञ्चालनमा ल्याएको अर्को आकर्षक कार्यक्रम हो। प्रहरी सेवालाई नागरिकमैत्री बनाउन र नागरिकलाई समाजप्रति जिम्मेवार बनाउन यस्ता कार्यक्रम सेतु बन्नुपर्ने हुन्छ। प्रहरीले कार्यक्षेत्रमा देखाउने व्यवहारबाट कार्यान्वयनको तहमा यी नाराप्रति सन्तुष्टि जनाउने ठाउँ छैन।

प्रहरी सेवालाई नागरिकमैत्री बनाउन र नागरिकलाई समाजप्रति जिम्मेवार बनाउन यस्ता कार्यक्रम सेतु बन्नुपर्ने हुन्छ। प्रहरीले कार्यक्षेत्रमा देखाउने व्यवहारबाट कार्यान्वयनको तहमा यी नाराप्रति सन्तुष्टि जनाउने ठाउँ छैन।

आर्थिक वर्ष २०८१/८२ मा प्रहरी आचरणविरुद्ध वैशाखसम्म २२१ उजुरी परिसकेका छन्। जसमा प्रहरी जवानदेखि वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) दर्जासम्मका १२ जनालाई कारबाही गरिएको छ।

प्रहरी सेवा शर्त र सुविधाका कारणले पनि तल्लो तहका प्रहरी कर्मचारीमा वितृष्णा र असन्तुष्टि बढ्दै गएको छ। असन्तुष्टिले सिर्जित मनोवेग उनीहरूले सेवाग्राहीप्रति देखाउने व्यवहारमा देखिएको विश्लेषण पनि हुने गरेको छ। माथिल्लो दर्जा (प्रहरी निरीक्षकदेखि प्रहरी महानिरीक्षकसम्म) लाई ३० वर्षे सेवा अवधि कसरी हटाउने भन्ने ध्याउन्न छ भने जवानदेखि वरिष्ठ हवलदारसम्मलाई २० वर्षे पेन्सन अवधि घटाएर १५ बनाइदिए हुन्थ्यो भन्ने छ।

आकर्षक नारा, फितलो कार्यान्वयन

'समुदाय-प्रहरी साझेदारी
हर प्रहर गाउँ र नगरी,
टोल टोलमा नेपाल प्रहरी'

नागरिक र प्रहरीबीचको सम्बन्धलाई सुमधुर र

जनसङ्ख्याको तुलनामा प्रहरी जनशक्ति पर्याप्त देखिँदैन। अन्तर्राष्ट्रिय मान्यता के छ भने २५० मानिसका लागि एक प्रहरी हुनु पर्छ। नेपालको जनसङ्ख्या दुई करोड ९० लाखमाथि छ। जबकि नेपाल (जनपद) प्रहरीको जनशक्ति ७० हजार रहेको छ। यसमा पनि सक्रिय भएर काम गर्ने प्रहरी जनशक्ति ८० प्रतिशत मात्र छ।

यस हिसाबले सामान्यतः एक प्रहरीको जिम्मेवारीमा १४ सय मानिस परेको देखिन्छ। एक प्रहरीले १४ सय जनाको सुरक्षा जिम्मेवारी समाल्ने चुनौतीबीच तलब भत्ता, रासन, आवास तथा सरसफाइलगायत न्यूनतम सुविधा, नियमित स्वास्थ्य परीक्षण र उपचार व्यवस्थाको समेत अभाव देखिन्छ।

एक समय थियो एक हवलदारले बेतको लट्ठीको भरमा पूरै गाउँबस्ती थर्काउने गर्थे। समयको परिवर्तनसँगै अब त्यो अवस्था रहेन। नागरिक सचेत भएका छन्। यसर्थ शान्तिपूर्ण एवं सुरक्षित समाज निर्माणमा प्रहरी एक्लैको भूमिका पर्याप्त नहुने भएकाले प्रहरीसँग नागरिक तथा समुदायलाई जोड्नु आवश्यक देखिन्छ।

थेग्नै नसकिने भारी

नेपाल प्रहरी ऐन–२०१२ ले नागरिकको शान्ति सुरक्षा तथा अमनचैन कायम राख्नका लागि अपराध नियन्त्रण, अपराध अनुसन्धान, विपत् व्यवस्थापनलगायत केही स्पष्ट जिम्मेवारी तोकिदिएको छ ।

गृह मन्त्रालयका अनुसार नेपाल प्रहरीले कानुनी अधिकार प्राप्त जिम्मेवारी र अन्य गरी एक हजार काम गर्नु पर्छ । कतिसम्म भने प्रहरीले 'म यो काम गर्दिनँ मेरो क्षेत्राधिकारभित्र पर्दैन' भन्नसमेत पाउँदैन ।

त्यस्तै कामको भारसँगै एक प्रहरीले कति समय काम गर्ने निश्चित हुँदैन । प्रहरीले आठ देखि १८ घण्टासम्म काम गर्नुपर्ने बाध्यता छ । घरपरिवारबाट टाढाको बसाइ र कामको दबाबका कारण प्रहरीले जिम्मेवारी निर्वाहका क्रममा बेला बेला संयमता गुमाउने र अप्रिय व्यवहार गर्ने सरोकारवालाहरू बताउँछन् ।

निजामती कर्मचारीको तुलनामा तलब सुविधा, भत्ता, आवास, सरसफाइ, पोशाक, स्वास्थ्य परीक्षणलगायतका न्यूनतम सुविधाबाट पनि प्रहरी वञ्चित छन् ।

कामको भार, अनावश्यक दबाब र तनावका कारण प्रहरी आक्रामक हुने गरेको दाबी गर्छन् प्रहरी अस्पतालका एक मानसिक रोगविज्ञ ।

अराजक बन्दै युवा

'स्टन्ट गर्ने युवा हैनौँ, काम गर्ने युवा बनौँ, अराजक युवा हैनौँ अनुशासित युवा बनौँ' काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डङ्गोलबाट व्यक्त यो सुझाव 'स्टन्ट र अराजक' युवालक्षित छ ।

सामान्य र संवेदनशील घटना छुट्याउन नसक्ने, जे कुरामा पनि मोबाइल फोन तेर्स्याउने, कर्तव्यपथ र जिम्मेवारीभन्दा अधिकार बढी खोज्ने, मै जान्ने मै सुन्ने भने जस्तो गरी छिट्टै प्रतिक्रिया जनाउने जस्तो मनोविज्ञान सूचना प्रविधिको युगमा हुर्किएको युवापुस्तामा देखिएको छ ।

इतिहासको अध्ययन, नैतिक शिक्षाको अभाव, पारिवारिक संस्कार, राजनीतिक चेतनाको अभाव आदि कारणले अराजक बन्ने, स्टन्ट गर्ने, छिट्टै प्रतिक्रिया जनाउने समस्या यो पुस्तामा देखिन्छ । मानवशास्त्री प्राडा गिरी भन्छन्, "यो समूहलाई राज्यले कहीँ कतै सम्बोधन गरेको देखिँदैन । जसका कारण आक्रोश र असन्तुष्टि बढेको छ ।"

साइबर ब्युरोका अनुसार साइबर अपराध अन्तर्गत वेबसाइट ह्याक र अनलाइन ठगी मुद्दामा पक्राउ पर्नेहरूमध्ये ३३ प्रतिशत २० वर्षमुनिका युवा देखिनुले पनि युवामा ठूलो विचलन देखिएको अर्थ्याउन सकिन्छ । ■

–देवबहादुर कुँवर

नेपालका राष्ट्रिय विभूति

■ नेराबुङ कुलुङ

विश्वका प्रायः सबै देशमा कसै न कसैलाई राष्ट्रिय विभूति घोषणा गरिन्छ। जुन व्यक्तिले आफ्नो देशको गौरव विश्वभरि फैलाएको छ, बढाएको छ र साथै आफ्नो देशका लागि चिरकालसम्म सम्झना गर्न लायक विशेष योगदान गरेको छ त्यस्ता महान् व्यक्तिलाई राष्ट्रिय विभूतिका रूपमा घोषणा गर्ने चलन छ।

नेपाल सरकारले अहिलेसम्म १८ जनालाई 'राष्ट्रिय विभूति' घोषणा गरेको छ।

विभूति	घोषणा वर्ष
गौतम बुद्ध	विसं २०२४
अंशुवर्मा	विसं २०२४
सीता	विसं २०२४
महर्षि जनक	विसं २०२४
अरनिको	विसं २०२४
राजा राम शाह	विसं २०२४
अमरसिंह थापा	विसं २०२४
पृथ्वीनारायण शाह	विसं २०२४
आदिकवि भानुभक्त आचार्य	विसं २०२४
भीमसेन थापा	विसं २०२४
बलभद्र कुँवर	विसं २०२४
राष्ट्रपिता त्रिभुवन	विसं २०२४
युवाकवि मोतीराम भट्ट	विसं २०२४
शङ्खधर साख्वा	विसं २०५६ मङ्सिर
पासाङल्हामु शेर्पा	विसं २०५९ वैशाख
महागुरु फाल्गुनन्द	विसं २०६६ मङ्सिर
भक्ति थापा	विसं २०७८ साउन
जयपृथ्वीबहादुर सिंह	विसं २०७९ असार ■

सुन्दर साँफेबगर

■ शिवराज खत्री

‘डोटी राम्रो डडेलधुरा अछाम राम्रो साँफे
मलाई पनि उडाई लैजा हिउँचुलीका डाँफे ।’

देउडाका यी हरफमा वर्णन गरिए जस्तै सुन्दर र रमाइलो छ अछाम जिल्लाको साँफेबगर बजार । बजारको बीचबाट कलकल बग्ने बूढीगङ्गा नदीको वारि विमानस्थल र पारि हाटबजार रहेको छ ।

बजारको पूर्वपश्चिम भएर बग्ने छिपेखोला र हाटबजारको पश्चिम पूर्व भएर बग्ने पर्भाली गाडले साँफेबगरलाई घेरा हालेको छ । मुख्य गरी अछाम र बाजुराको प्रमुख व्यापारिक केन्द्रसमेत रहेको साँफेबगर रमणीय उपत्यका जस्तै लाग्ने गरी फैलिएको छ ।

प्राकृतिक दृष्टिकोणले सुन्दर, चारैतिर मानव बस्ती

भएको हरियाली पहाड, बीचमा सम्म परेको फाँट भएकाले साँफेबगर सुदूरपश्चिम प्रदेशका अन्य शहर बजारभन्दा सुन्दर र आकर्षक देखिन्छ। यसको बीच भागमा बूढीगङ्गा नदी र छेउछाउमा छिप्याखोला र पर्भाली गाड (नदी) बग्ने भएकाले वर्षामा विपत्ति नै आउने गर्छ।

यस्तो सुन्दर साँफेबगर नामकरणका सम्बन्धमा थुप्रै किंवदन्ती छन्। साँफेबगर नगरपालिकाले तयार पारेको स्थानीय पाठ्यक्रममा यस्तो कुरा उल्लेख छ, "धेरै वर्षपहिले साँफेबगर क्षेत्रमा बाघले आतङ्क मच्चाएको थियो। स्थानीयवासीले उक्त बाघलाई मार्ने प्रयास गरे पनि सफल हुन सकेनन्। पासोबाट पनि उम्किन थाल्यो तर बाघ पक्रनका लागि नयाँ जुक्ति निकालियो। जस अनुसार बाघको आकार अनुमान गरेर नापको आधारमा साँफेको तीन-चार ठाउँमा पासोमा बाघ पार्न सफलता मिल्यो। अछामी भाषामा नाप्नुलाई साप्नु र पासोलाई पगार भन्ने गरिन्छ। साँपेर (नापेर) थापेको पगार (पासो) मा बाघ परेको हुँदा उक्त स्थानलाई सापे पगार भन्न थालियो। कालान्तरमा अपभ्रंश भई साँफेबगर हुन गएको हो। हालसम्म पनि स्थानीयवासीले साँफेलाई साप्या नै भन्ने गर्छन्।"

साँफेबगरको जग्गालाई सुरुमा हातले साँपेकाले साप्या र नदी किनारको बगर भएकाले साँप्याबगर हुँदै पछि साँफेबगर रहन गएको भन्ने बुझाइ स्थानीय जानकारको छ। एकथरी जानकारको भनाइमा यस क्षेत्रमा सर्प धेरै देखिने गर्थे। सर्पलाई स्थानीय भाषामा साप भनिन्छ। साप देखिने भएकाले सापबगर हुँदै पछि साँफेबगर नाम रहन गएको हो।

साँफे क्षेत्रमा व्यापार व्यवसायको सुरुवात १९९७ सालतिर स्थानीय बखजन कुँवरले सुरु गरेको जानकार बताउँछन्। हालको साँफेबगर नगरपालिका-३ मा पर्ने कालभैरव मन्दिरनजिकको ओढारमा गाउँमा उत्पादन भएका केही वस्तु बिक्रीमा राखेर बखजन कुँवरले व्यापार सुरु गरेका थिए। त्यसपछि विस्तारै त्यहाँ बजारले रूप लिएको देखिन्छ। २०३० सालतिर साँफेमा विमानस्थल सञ्चालनमा आएपछि विमानस्थल क्षेत्रमा पनि बजार विस्तार भएको थियो।

साँफेबगरको जग्गालाई सुरुमा हातले साँपेकाले साप्या र नदी किनारको बगर भएकाले साँप्याबगर हुँदै पछि साँफेबगर रहन गएको भन्ने बुझाइ स्थानीय जानकारको छ । एकथरी जानकारको भनाइमा यस क्षेत्रमा सर्प धेरै देखिने गर्थे । सर्पलाई स्थानीय भाषामा साप भनिन्छ ।

नुन, गुड, तेल र लुगाफाटालगायतका सामान खरिद गर्न पैदल यात्रा गर्ने भरियाका लागि साँफे विश्रामस्थल जस्तै थियो तर पछि सिलगढी–साँफे सडक विस्तार भएपछि २०५३ सालमा साँफेबगरमा हाटबजार स्थापना भयो ।

बूढीगङ्गा नदी र छिपेखोलाको पानीबाट सिँचाइ हुने भएकाले साँफेबगर अन्नबाली उब्जाउका लागि उर्वर भूमि हो। यो खेतीयोग्य जमिन तत्कालीन बिमकोटे राजाको बिर्ता थियो। हालको एयरपोर्ट बजार रहेको जग्गा बिमकोटे राजाबाट २४ पाथी बिउ लाग्ने खेत स्थानीय नारुसिंह कुँवरले किनेको उनका नाति कालुसिंह कुँवर बताउँछन् ।

उक्त जग्गामा २००८–१० सालतिर छिपेखोलाको बाढी पसेर त्यसलाई बगरमा परिणत गरिदिएको थियो। २०७० सालमा त्यहीं जग्गा बुवा भुवानसिंह कुँवरले स्थानीयवासीलाई निःशुल्क वितरण गरिदिएका थिए।

साँफेमा टनकपुरबाट भरियाद्वारा सामान बोकेर व्यापार गरिन्थ्यो। पछि खच्चरमा सामान ल्याउने गरियो भने अहिले सडक विस्तार भइसकेको छ। २०५३ सालमा हाटबजार स्थापना हुँदा साँफेबगर अछामको मात्रै नभएर बाजुरा, बझाङ, कालीकोट, मुगु, हुम्लालगायतका जिल्लाको प्रमुख व्यापारिक केन्द्र बन्यो ।

सडक विस्तार भएसँगै यहाँ व्यापार केही मात्रामा खुम्चियो । साँफेबगर बजार वरिपरि बाक्लो बस्ती भएका पहाड छन् । साँफेबगरको दक्षिण पश्चिममा बूढीगङ्गाको किनारमा प्रसिद्ध वैद्यनाथधाम रहेको छ। साँफेबगर अछाम–बाजुराको प्रमुख शहरमा पर्दछ । शिक्षा, स्वास्थ्य, बजार र सरकारी सेवा केन्द्रहरू पनि यहाँ बढिरहेका छन्। साँफेबगर नगरपालिका यस जिल्लाका चार नगरपालिकामध्येको एक हो ।

उच्च जोखिम

साँफेबगर बजार क्षेत्र नदी कटानको उच्च जोखिममा छ। उत्तर पश्चिम भएर बग्ने बूढीगङ्गा र पूर्वपश्चिम भएर बग्ने छिपेखोलाको मध्यमा अवस्थित एयरपोर्ट बजार पटकपटक नदी कटानको चपेटामा पर्दै आएको छ ।

बूढीगङ्गा र छिपेखोलाले हालसम्म साँफेबगरको खेतीयोग्य धेरै जमिन कटान गरेर बगरमा परिणत गरिसकेका छन् । बूढीगङ्गाले बर्सेनि आफ्नो क्षेत्र विस्तार गरिरहेको छ ।

नदी नियन्त्रणका लागि लाखौं रुपियाँ लगानी बूढीगङ्गामा बगेको तत्कालीन जिल्ला विकास समितिका उपसभापति कालुसिंह कुँवरको भनाइ छ ।

विमानस्थल पनि गहिरो भागमा भएकाले पानी जमेर डुबान हुने गरेको छ। बजारको पानी निकास हुन समस्या छ । ठाउँ ठाउँमा सडक बनेकाले पानी एकत्रित हुँदै बजार क्षेत्र भएर बग्ने गरेकाले एयरपोर्ट बजार डुबानको उच्च जोखिममा देखिन्छ। साँफेबगरलाई सुन्दर बनाउन नगरपालिकाको आफ्नै बजेटले खासै उपलब्धिमूलक काम गर्न नसकेको भनाइ कुँवरको छ।

गौरवको आयोजना अन्तर्गत नेपालको पहाडी क्षेत्रका १० वटा मुख्य आधुनिक शहरमध्येको एक हो साँफेबगर। नेपाल सरकारले परिकल्पना गरे अनुसार साँफेबगरको विकास चाहिँ हुन सकेको छैन।

आधुनिक शहरको योजना

सरकारले व्यवस्थित शहर बनाउने योजना अनुरूप २०६९ सालमा साँफेबगरलाई छनोट गरेको थियो। विश्व बैङ्कको अनुदानमा देशका १० वटा नमुना शहर बनाउने योजना अघि सारिएका थिए।

व्यवस्थित शहर बनाउने योजना सुरु भएको १३ वर्ष बित्दा पनि कामले भने खासै गति लिन सकेको देखिँदैन। पटक पटक कार्यालय प्रमुख बदलिनु, राजनीतिक हस्तक्षेप, जिम्मेवार निकायको मौनता, जग्गा उपलब्धतामा भएको ढिलाइ जस्ता कारणले यस्तो आकर्षक आयोजनाको काम अगाडि बढ्न नसकेको प्रस्ट छ।

नयाँ शहर आयोजना साँफेबगरका निमित्त प्रमुख मनोजकुमार यादवको भनाइमा पहिलो चरणमा जग्गा एकीकरण अन्तर्गत ४२५ रोपनी जग्गाको कित्ताकाटको काम जारी छ। एक जनालाई न्यूनतम ८० वर्ग मिटरको विकसित घडेरी दिने योजना रहेको छ।

त्यस्तै २० बर्से दीर्घकालीन गुरु योजना २०७० सालमा बनेको थियो।

सरकारले व्यवस्थित शहर बनाउने योजना अनुरूप २०६९ सालमा साँफेबगरलाई छनोट गरेको थियो। विश्व बैङ्कको अनुदानमा देशका १० वटा नमुना शहर बनाउने योजना अघि सारिएका थिए।

बसाइँसराइमा पहिलो नगर

पहाडी क्षेत्रबाट भइरहेको तीव्र बसाइँसराइ रोक्नका लागि सरकारले नयाँ शहरको अवधारणा ल्याएर काम जारी राखे पनि विडम्बना नै भन्नु पर्छ। साँफेबगर नगरपालिकामा बसाइँ सरेर जानेको दर उच्च छ।

२०७८ सालको जनगणना अनुसार साँफेबगर सबैभन्दा बढी बसाइँसराइ हुने स्थानीय तहमा परेको छ। नगरपालिका, प्रदेश सरकार र केन्द्र सरकारबाट बर्सेनि करोडौँ बजेट विकास निर्माणमा खर्च भइरहे पनि यहाँका बासिन्दामा पलायनको मानसिकता कमजोर परेको छैन।

शिक्षा, स्वास्थ्य, रोजगारलगायतका आवश्यक पूर्वाधार र सेवासुविधाको खोजीमा अछाम छोडेर अन्तै जानेहरू बढेपछि गाउँमा जङ्गली जनावरले आतङ्क मच्चाउने गरेका छन्।

सघन शहरी विकास

सघन शहरी विकास तथा भवन निर्माण कार्यालय राजपुर, डोटी अन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा साँफेबगर नगरपालिकाका विभिन्न ठाउँमा निर्माणाधीन १२ योजना अलपत्र परेका छन्।

सघन शहरी विकास कार्यक्रम अन्तर्गत एयरपोर्ट बजार सडक कालोपत्रे, छिपेखोला सडक कालोपत्रे, नगरप्रमुख तथा उपप्रमुख आवास निर्माण, सरमखेल्ने पार्क निर्माण, बयलपाटा पार्क निर्माण, वैद्यनाथधाम सडक मर्मत, ठाँटी बजार भित्री सडक निर्माण कार्य अलपत्र छन्।

त्यस्तै तारेकुना कम्प्लेक्स भवन, घुघुरकोट वडा कार्यालयदेखि दरबार जाने सडक निर्माण, हाटबजार खोला व्यवस्थापन, पुलबजार सडक कालोपत्रे, लामाखेत डोप्का नाली निर्माण गरी विभिन्न शीर्षकमा निर्माण योजना छुट्याइएका छन्। ■

रहस्यमय जोङ गुफा

■ त्रिचन्द्र प्रतीक्षा

मुस्ताङ जिल्लाको ल्होमन्थाङ गाउँपालिका–१ को छोसेर गाउँमा अवस्थित जोङ गुफा (स्थानीय भाषामा 'सिजा जोङ) नेपालको ऐतिहासिक, सांस्कृतिक सम्पदा र पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण गुफामा पर्दछ ।

उसको इतिहास करिब २५ सय वर्ष पुरानो छ भने निर्माण करिब इपू ८०० तिर भएको अनुमान गरिन्छ । यो नेपालको सबैभन्दा पुरानो मानवनिर्मित गुफामध्ये एक ठहरिन्छ । समुद्री सतहदेखि करिब तीन हजार ७८५ मिटर उचाइमा रहेको यो गुफा प्राचीन मानव सभ्यताको झल्को दिने स्थलका रूपमा चिनिन्छ ।

गुफाको प्रवेशद्वार जमिनभन्दा माथि रहेका कारण भित्र प्रवेश गर्न पहाड चढ्नु पर्छ । यो गुफा करिब १५५ फिट अग्लो चट्टानमा खोपिएको छ । जोङ गुफा भुइँसहित छ तला भएको यस्तो संरचना हो जसमा करिब ५० वटा कोठा रहेका छन् । हरेक तलाको बीचमा बाटो र दायाँबायाँ कोठा छन् ।

एक तलाबाट अर्को तलामा जान काठका भऱ्याङ प्रयोग गरिएको छ। गुफाभित्र बत्ती बाल्ने ठाउँ, सामग्री भण्डारण गर्ने स्थान र विभिन्न कलाकृति देख्न सकिन्छ। यहाँका कोठामा धुवाँ लागेका भित्ता र सामग्री भण्डारण गर्ने ठाउँ देखिएकाले यो गुफाले कुनै समय दीर्घकालीन बसोबासका लागि प्रयोग भएको प्राचीन जीवनशैलीको सङ्केत दिन्छ।

नेपाल सरकारले सन् १९९६ मा जोङ गुफासहित मुस्ताङ क्षेत्रलाई युनेस्कोको विश्वसम्पदा सूचीमा समावेश गर्न सिफारिस गरेको थियो। हालसम्म यो क्षेत्र युनेस्कोको अस्थायी सूचीमा रहेको छ।

पृष्ठभूमि र किंवदन्ती

स्थानीय विश्वास अनुसार करिब दुई हजार वर्षपहिले मानिसले यो गुफामा बसोबास गर्थे। किंवदन्ती अनुसार तिब्बती समूहले छोसेरमा आक्रमण गर्दा त्यहाँका बासिन्दा गुफामा लुकेर बसेका थिए। आक्रमणकारीले पानीको मुहान थुनिदिएपछि गाउँलेले उनीहरूलाई लखेटे। प्रतिशोधमा आक्रमणकारीले गुफाभरि तेल पोखिदिएका थिए। जसको असर आज पनि गुफाभित्र देखिन्छ।

गुफालाई तत्कालीन मुस्ताङ राज्यका बासिन्दाले युद्ध, प्राकृतिक प्रकोप र प्रतिकूल मौसमबाट जोगिनका लागि बनाएको विश्वास गरिन्छ।

सिजा जोङ र गोप्य बस्तीको कथा

स्थानीय भाषामा जोङ गुफालाई सिजा जोङ भनिन्छ। जसको अर्थ राजाको गुफा वा गोप्य दरबार भन्ने हुन्छ। किंवदन्ती अनुसार मुस्ताङ राज्यमा बाह्य आक्रमण (विशेषतः तिब्बती आक्रमण) बढेपछि राजा र बासिन्दाले यो गुफालाई गोप्य र सुरक्षित बस्तीका रूपमा विकास गरेका थिए। गुफाभित्रका कोठा, भण्डारण कक्ष र चुलोको अवशेषले के देखाउँछ भने यहाँ लामो समयसम्म बाँच्न सकिने तयारी थियो।

बुद्धिमत्ता र धैर्यको कथा

किंवदन्ती अनुसार एक पटक आक्रमणकारीले गुफा वरिपरिका पानीका स्रोत थुनिदिए। अनि गुफाभित्र आफूहरू सामान्य रूपमा बाँचिरहेका जनाउन त्यहाँका बासिन्दाले गुफाबाहिर फोहोर र दिसा फाले। यसले आक्रमणकारीहरू झुक्किए। उनीहरूले सोचे गुफाभित्र पानीको अर्कै स्रोत छ। अन्ततः आक्रमणकारी हार मानेर फर्किए।

धार्मिक पात्र र गुम्बा

जोङ गुफानजिकैका क्षेत्रमा गर्फु र निफु गुम्बा छन्। ती प्राचीन बौद्ध मठ हुन्। विश्वास गरिन्छ ती गुफामा बसेका मानिस तान्त्रिक साधनामा संलग्न थिए। त्यसैकारण



पनि गुफा धार्मिक दृष्टिले पवित्र मानिन्छ।

मानव अस्थि र समाधि

अमेरिकी र नेपाली पुरातत्त्वविद्को टोलीले सन् १९९० को दशकमा र त्यसपछि पुनः २००७–२०१० तिर गुफा परिसरमा अनुसन्धान गर्दा मानव अस्थि, खप्पर र समाधिस्थल भेटाएका थिए। तीमध्ये केही अस्थि तीन हजार वर्ष पुराना रहेको वैज्ञानिक परीक्षणमा पुष्टि भएको छ।

हातले लेखिएका ग्रन्थ

गुफाभित्र पुरानो तिब्बती भाषा र संस्कृत भाषामा लेखिएका धार्मिक तथा औषधिसम्बन्धी ग्रन्थ भेटिएका छन्। यी ग्रन्थबाट पुरानो बौद्ध चिकित्सा प्रणाली, तान्त्रिक अभ्यास र तिब्बती–नेपाली सांस्कृतिक आदानप्रदानबारे ज्ञान पाइन्छ।

चित्रकला र मूर्ति

गुफाको भित्तामा बौद्ध धर्मसँग सम्बन्धित चित्र, रङ्गीन भित्तेचित्र र ढुङ्गाका मूर्ति भेटिएका छन्। केही चित्रमा पद्मसम्भव, अवलोकितेश्वर र अन्य बौद्ध देवताको आकृति देखिन्छ।

धातुका औजार र गहना

धातुका औजार, सुँगुरको हड्डीबाट बनेका सजावटी सामान र तामा–पित्तलका गहना पनि फेला परेका छन्। यसले गुफा प्रयोगकर्ताको जीवनशैली, व्यवस्थित समाज र धार्मिक आस्था झल्काउँछ।

जोङ गुफा कुनै साधारण गुफा मात्र होइन यो नेपालको हिमाली सभ्यताको एक भण्डार नै हो। जोङ गुफाको अध्ययन र संरक्षणले नेपालको पुरातात्त्विक सम्पदाको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ।

पर्यटन र पहुँच

जोङ गुफा पछिल्लो समय स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण केन्द्र बनेको छ। असोज, कात्तिक, चैत, वैशाख र जेठ महिनामा यहाँ पर्यटकको चहलपहल बढी हुन्छ। बेनी–जोमसोम–कोरला सडकको ल्होमन्थाङ नेचुङ खण्डदेखि जोङ गुफासम्म सवारीसाधनबाट पुग्न सकिन्छ। गुफा परिसरमा सार्वजनिक शौचालय र प्रतीक्षालय भवन निर्माण गरिएको छ।

प्रवेश शुल्क र संरक्षण

गुफासहित निफु र गर्फु गुम्बाको अवलोकनका लागि विदेशी पर्यटकबाट हजार रुपियाँ र स्वदेशी पर्यटकबाट सय रुपियाँ शुल्क लिइन्छ। गुफामा रहेका सामग्रीलाई संरक्षण गरेर राखिएको छ। ■



एक स्वास्थ्य साहित्य

भोजन केवल भोजन मात्र होइन । यो जीवन नै हो ।
स्वास्थ्यको वास्तविक सम्बल भोजन नै हो ।

बिपी कोइराला समाजवादी सिद्धान्त र दर्शनलाई व्यावहारिक रूपले व्यक्ति र समाजको जीवनसँग आबद्ध गर्नु पर्छ भन्ने पक्षमा वकालत गर्ने नेता भएकाले उनका स्वास्थ्यसम्बन्धी धारणा पनि यसैको सेरोफेरोभित्र हेर्नुपर्ने हुन्छ । समाजवाद भन्नेबित्तिकै कुनै खास समाजका यावत् समस्याबारे खास खास धारणा, सिद्धान्त र नीति होलान् भन्ने कल्पना हुन्छ । त्यसैले बिपीका स्वास्थ्यसम्बन्धी विचारमा समाजवादी सोचको नै प्रभाव थियो भन्न सकिन्छ ।

बिपी कोइरालाको एउटा आफ्नै किसिमको दृष्टान्तयोग्य जीवनशैली पनि थियो । व्यवहारमा शालीनता, पहिरनमा सरसफाइ र बोलीमा मिठासले गर्दा बिपी आफ्ना कतिपय कटु आलोचकको मनमा पनि राम्रो प्रभाव छोड्न सक्ने व्यक्तित्व थिए ।

पृष्ठ ३१

मनमोहन अधिकारी त झन् उच्च कोटिका राजनीतिक व्यक्तित्व नै थिए। नेपालको सन्दर्भमा राजनीतिका कहालीलाग्दा मोडहरू पार गर्दै जाने क्रममा आफूले अपनाउनुपर्ने स्वास्थ्यसम्बन्धी प्राविधिक सुखको सतर्कतापूर्ण अभ्यासतिरभन्दा वैचारिक आदर्शसहितको जीवनशैली र व्यवहारमा नै उनको अभिरुचि थियो। स्वास्थ्य आदर्श पनि यही नै हो उनको।

मूलतः विसं २०१७ को राजनीतिक उथलपुथलपछि काठमाडौँको नक्खु जेलमा रहँदा त्यहाँ रहेका राजबन्दीको बिग्रँदो स्वास्थ्यप्रति गम्भीर भएर मनमोहनले बोलेका स्वास्थ्यसम्बन्धी विचार निकै महत्त्वपूर्ण छन्। जीवन भावुकताले मात्र चल्दैन, व्यावहारिक भएर अगाडि बढ्न जानु पर्छ भनेर जेलमा सबैको हौसला बढाउँथे उनी।

पृष्ठ ६७

टाल्सटोय सुरुदेखि नै आफ्ना राम्रा र नराम्रा सबै कामलाई मथ्ने र त्यसबाट पाठ सिक्न अग्रसर हुने व्यक्ति थिए भन्न सकिन्छ। बिस्तारै बिस्तारै साहित्यिक रूपले संवेदनशील हुँदै जानु, त्यागी र स्वावलम्बी जीवन अपनाउन सक्षम हुनु र दार्शनिक चिन्तनको रसमा आनन्दित हुँदै जाने गुणहरू विकसित हुनु सायद यही कुराको प्रमाण थियो।

टाल्सटोय सम्भ्रान्त परिवारमा जन्मेका व्यक्ति थिए। त्यसैले उग्र उपभोग एक प्रकारले उनको जन्मसिद्ध अधिकारभित्रकै कुरा थियो त्यसबेला। उनले कुनै पश्चात्ताप नै नगरी विलासी जीवन बिताइरहे पनि हुन्थ्यो तर उनको जीवनीले बताउँछ, हरेक खराब कामपछि टाल्सटोयको मनभित्र पश्चात्तापको ज्वाला दन्किन्थ्यो।

पृष्ठ ९०

वास्तवमा आज विपश्यना ध्यानका आचार्य भनेर सबैले चिनेका गोयन्का कुनै बेला एक व्यापारी थिए। उनी बर्मामै जन्मिए, त्यहीँ हुर्किए र त्यहीँ उनको व्यापार फस्टाएर गएको थियो। टेक्सटायल क्षेत्रमा संलग्न उनलाई एक सफल व्यवसायीका रूपमा सबैले चिन्थे। अर्को कुरा गोयन्कामा परोपकारका निम्ति स्थापित सङ्गठनप्रतिको रुचि पनि त्यत्तिकै थियो त्यसबेला।

यहाँ बुझ्ने कुरा के छ भने सत्यनारायण गोयन्का व्यापारी हुँदा पनि केवल त्यही क्षेत्रमा मात्र सीमित थिएनन् उनीभित्र समाज सेवाको चेतना पनि त्यत्तिकै जागरुक थियो तर पनि गोयन्काको पृष्ठभूमि हेर्दा उनी विपश्यना ध्यानलाई नै जीवनको मूल लक्ष्य बनाएर समस्त मानव जातिकै दुःख र पीडा मोचन गर्नका निम्ति मन, वचन र कर्मले समर्पित होलान् भनेर ठोकुवा गर्न भने सकिन्न।

पृष्ठ १३२

आरोग्यद्रष्ट्य साक्षात् ईश्वर स्वरूप महामुनि चरकलाई चाहिएको उत्तर पनि यही नै थियो। अरू सारा वैद्यको उत्तरबाट सन्तुष्ट नभए पनि वाग्भट्टले दिएको जवाफबाट भने उनी सन्तुष्ट भए। मनाइको अर्थ निरोगी हुनु वा मानिनुको परिभाषा बुझाउन नै महामुनि चरकले यति ठूलो परीक्षा लिनुपऱ्यो तर परीक्षा ठूलो भए पनि आरोग्यको परिभाषा चाहिँ कति सरल रहेछ।

भोजन केवल भोजन मात्र होइन। यो जीवन नै हो। स्वास्थ्यको वास्तविक सम्बल भोजन नै हो। भोजन जुटाउने तरिका, भोजन ग्रहण गर्ने तरिका र भोजनमा रम्ने र रमाउने तरिकालाई खाली भोजन मात्र भन्न सकिन्न, कला, दृष्टिकोण र दर्शन पनि हो यो। जीवन दर्शन र भोजन दर्शनबीच रहेको गुणात्मक र मात्रात्मक सुसम्बन्धलाई बुझ्नु शरीर विज्ञान र शरीर दर्शन दुवै बुझ्नु हो। ■

पृष्ठ १६१

नचाहेको युद्ध

■ रामप्रसाद आचार्य

परमाणु हतियारयुक्त दक्षिण एसियाली दुई राष्ट्र भारत र पाकिस्तानले चारदिने लडाइँपछि युद्धविराम गरेका छन्। युद्ध दुवैले चाहेका थिएनन् तर युद्ध भयो र अमेरिकाको मध्यस्थतामा चार दिनमै युद्धविराम भयो।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले दुवै देशलाई युद्धविराम गर्न मनाएका थिए। युद्ध लम्बिँदै गए परमाणु युद्धको खतरा देखेर नै उनले युद्ध रोकाउने प्रयास गरेका हुन्।

भारत र पाकिस्तानबीच यस पटक मे ७–१० सम्म छोटो युद्ध भयो। बम, गोली हानाहान तथा हवाई हमला विवादित काश्मीर क्षेत्रमा मात्र सीमित रहेन। युद्ध फैलिने खतरा देखियो। दुवै मुलुक एकअर्काविरुद्ध आक्रामक बने। यो शुभसङ्केत होइन भन्ने लागेर ट्रम्पले सार्थक प्रयास गरी युद्ध रोकाए।

ट्रम्पले काश्मीरको विषयमा विद्यमान विवाद समाधान गर्न आफूले दुवै देशसँग मिलेर काम गर्ने वचन पनि दिएका छन्। भारत र पाकिस्तान दुवैले

काश्मीरमा आफ्नो स्वामित्व दाबी गर्दै आएका छन् तर सामान्यतया काश्मीरको एउटा भागमा भारतको र अर्को भागमा पाकिस्तानको शासन छ। काश्मीर मामिलालाई लिएर यी दुई देशबीच पटक पटक युद्ध भइसकेको छ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले काश्मीर र आतङ्कवादका विषयमा मात्र पाकिस्तानसँग वार्ता गर्न सकिने बताएका छन्। काश्मीरको विषय द्विपक्षीय भएकाले बाह्य मध्यस्थता आवश्यक नपर्ने मत पनि उनको छ। प्रधानमन्त्री मोदीले सीमापार आतङ्कवादविरुद्धको कारबाही नरोकिने पनि अडान राखेका छन्। पाकिस्तान भने बाह्य मध्यस्थतामा काश्मीर विवाद समाधान गर्नुपर्ने पक्षमा लबिङ गर्दै आएको छ।

गएको अप्रिल २२ मा भारत प्रशासित काश्मीरको पहलगाममा इस्लामिक आतङ्कवादीले गोली हानी एक नेपालीसहित २६ जना पर्यटकको हत्या गरेपछि भारत र पाकिस्तानबीच तनाव बढेको थियो। आतङ्कवादीलाई पाकिस्तानले सघाएको आरोप भारतले लगायो तर पाकिस्तानले त्यसको खण्डन गर्दै आएको छ।

पहलगाम घटनाको जवाफ दिन भन्दै भारतले मे ७ को बिहानदेखि पाकिस्तान र पाकिस्तान–प्रशासित काश्मीरका विभिन्न स्थानमा हवाई हमला गरेको थियो। त्यसपछि दुवै पक्षले एकअर्काद्वारा आफ्नो भूमिमा गोलाबारी गर्दै क्षेप्यास्त्र र ड्रोन प्रहार गरे। भारतले सैन्य कारबाही थालेपछि दुवै देशमा केही मानिस मारिए र केही घाइते भए। यो युद्ध अत्यन्त खर्चिलो र विनाशकारी हुने ठहर गरेका दुवै मुलुकलाई युद्धविराम गर्नैपर्ने अवस्था थियो। अन्ततः युद्धविराम भयो, राम्रो काम भयो।

अहिले पाकिस्तान चीन र इरानसँग नजिकिँदै गरेकोमा वासिङ्टनले आफ्नो निकट साझेदार भारत एउटा भयानक द्वन्द्वमा फस्न लागेको र क्षेत्रीय सुरक्षा ठूलो खतरामा परेको आकलन गरेको थियो। त्यसै कारण युद्ध रोक्न ट्रम्पले सक्रियता देखाउँदा सफलता पनि मिल्यो।

लामो समयदेखि चर्चा र विवादमा रहेको काश्मीर सन् १८४६ मा राज्यका रूपमा स्थापना भएको थियो। सन् १९४७–१९४८ मा पाकिस्तानी आदिवासीको एउटा समूहले आक्रमण गरेपछि काश्मीरका राजाद्वारा भारतसँग एउटा सन्धिमा हस्ताक्षर भई काश्मीरलाई भारतमा विलय गराउने घोषणा गरेसँगै भारत र पाकिस्तानबीच युद्ध सुरु भयो।

सन् १९४९ युद्धविराम रेखामा सहमति भएपछि काश्मीर भारत र पाकिस्तानबीच विभाजित भयो। सन् १९६२ मा अक्साई चीनको सीमा क्षेत्रबारे विवाद उत्पन्न भएपछि भारत र चीनबीच छोटो युद्ध भयो। सन् १९६५ काश्मीरको विषयमा भारत र पाकिस्तानबीच दोस्रो पटक युद्ध भएको थियो। त्यसपछि युद्धविराम भयो। सन् १९७१ मा युद्ध भएपछि सन् १९७२ सिमला सम्झौता भयो। युद्धका कारण पाकिस्तानबाट बङ्गलादेश टुक्रिएपछि मतभिन्नता हटाउने प्रयासस्वरूप भारत र पाकिस्तानद्वारा लाइन अफ कन्ट्रोल (एलओसी) अर्थात् नियन्त्रण रेखालाई युद्धविराम रेखा मान्ने सहमति भयो।

सन् १९८० को दशकमा भारतको शासनप्रति असन्तुष्टि बढ्दा सशस्त्र प्रतिरोध, विरोध प्रदर्शन र पाकिस्तानबाट समर्थन प्राप्त लडाकु समूहको उदय भयो। हिंसामा हजारौँ मानिस मारिए। सन् १९९९ मा लडाकुहरू लाइन अफ कन्ट्रोल नाघेर भारत प्रशासित काश्मीरको कार्गिल पुगेपछि भारत र पाकिस्तानबीच छोटो लडाइँ भयो। सन् २००८ मा भारत र पाकिस्तानद्वारा छ दशकपछि लाइन अफ कन्ट्रोल हुँदै जाने व्यापारमार्ग खुला गरिएको थियो।

सन् २०१५ मा ठूलो राजनीतिक मोड आयो। जम्मु तथा काश्मीरमा भएको निर्वाचनमा हिन्दु राष्ट्रवादी भारतीय जनता पार्टी पहिलो पटक ठूलो राजनीतिक दलका रूपमा स्थापित भयो। मुस्लिम पिपल्स डेमोक्रेटिक पार्टी नामक क्षेत्रीय दलसँग मिलेर गठित सरकारमा ऊ सहभागी भयो। सन् २०१९ भारतको संविधानले जम्मु तथा काश्मीरलाई दिएको विशेष मान्यता र स्वायत्तता केन्द्रीय सरकारद्वारा खारेज गरिएको थियो तथा ती दिल्लीको शासन भएका दुइटा छुट्टाछुट्टै क्षेत्र घोषित भए।

अहिले दुई प्रतिद्वन्द्वी राष्ट्र भारत र पाकिस्तान पूर्णस्तरको सैन्य द्वन्द्वमा फस्नबाट फेरि एक पटक जोगिएका छन्। यसमा दुवैको अवस्था उस्तै रह्यो। युद्धमा हाबी भएको दाबी दुवैले गरे तर कोही पनि हाबी भएनन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले युद्धविराम भए पनि आतङ्कवादीविरुद्ध जारी 'अपरेसन सिन्दुर' सैन्य कारबाही जारी राखिने बताएका छन्। २६ जना पर्यटकको हत्याको जिम्मा पाकिस्तानमा आधार रहेको इस्लामिक लडाकू समूहले लिएकाले त्यसविरुद्ध कारबाही गर्न पाकिस्तान सरकारलाई भारतले दबाब दिँदै आएको छ। पाकिस्तानले आतङ्कवादीलाई संरक्षण दिएको भारतको आरोप छ तर पाकिस्तानले त्यसको खण्डन गर्दै आएको छ।

युद्ध गरेर काश्मीरको विवाद समाधान गर्न सकिने सम्भावना क्षीण बन्दै गएको छ।

यस पटक सङ्कट चर्किँदै जाँदा पाकिस्तानले मिश्रित सङ्केत गर्‍यो। उसले एकातिर जवाफी सैन्य कारबाही चलायो भने अर्कातिर परमाणु हतियारसँग सम्बन्धित निकाय नेसनल कमान्ड अथोरिटी (एनसिए) को बैठक राख्यो। पाकिस्तान त्यसबारे वास्तवमै गम्भीर थियो वा उक्त बैठक देखावटी मात्रै थियो भन्ने स्पष्ट छैन।

त्यसपछि स्थिति सहज पार्न अमेरिकाका विदेशमन्त्री मार्को रुबिओले हस्तक्षेप नै गरे। अमेरिकाका राष्ट्रपति ट्रम्पले आफूले युद्धविराम मात्र गराएको नभई परमाणु युद्धसमेत टारेको दाबी गरे।

स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युटका अनुसार भारत र पाकिस्तान हरेकसँग १७० वटा जति परमाणु हतियार छन्।

सो संस्थाका अनुसार हाल विश्वभर १२ हजार १२१ वटा परमाणु हतियार रहेका छन्। तीमध्ये नौ हजार ५८५ जति सैन्य भण्डारणमा राखिएका तथा तीमध्ये पनि तीन हजार ९०४ वटा सक्रिय रूपमा तैनाथ गरिएको अवस्थामा छन्।

अमेरिका र रुससँग मिलाएर आठ हजारभन्दा धेरै परमाणु हतियार रहेको बताइन्छ।

भारत र पाकिस्तानको तैनाथ हतियारको ठूलो हिस्सा स्थल सेनासँग छ तर दुवै स्थल, वायु र जलसेनालाई परमाणु हतियार परिचालनमा उत्तिकै सक्षम बनाउने क्रममा छन्। पाकिस्तानको तुलनामा भारतसँग धेरै हवाई र जल शक्ति छ।

सन् १९९८ मा परमाणु हतियारको परीक्षण गरेदेखि पाकिस्तानले कहिल्यै पनि औपचारिक रूपमा आफ्नो परमाणु नीतिको घोषणा गरेको छैन। त्यसविपरीत भारतले भने सन् १९९८ मा परमाणु परीक्षण गरेदेखि नै पहिले प्रयोग नगर्ने नीति लिएको छ तर उसले आफ्नो अडानलाई खुकुलो बनाउने सङ्केत भने देखाउँदै आएको छ।

सन् २००३ मा भारतले निश्चित अवस्थामा पहिले प्रयोग गर्न सक्ने गरी रासायनिक र जैविक आक्रमणको प्रत्युत्तरमा परमाणु हतियार प्रयोग गर्न सक्ने अधिकार सुनिश्चित गरेको छ।

सन् २००२ मा तत्कालीन राष्ट्रपति परवेज मुसर्रफले परमाणु हतियार केवल भारतविरुद्ध लक्षित भएको र एउटा राज्यका रूपमा पाकिस्तानको अस्तित्व खतरामा पर्ने स्थिति आएमा मात्र त्यसको प्रयोग गरिने स्पष्ट पारेका थिए।

त्यस्तो हतियारको प्रयोगका निम्ति पाकिस्तानको सीमा के हो भन्ने स्पष्ट नभए पनि सन् २००१ मा रणनीतिक योजना विभाग (एसिए) का तत्कालीन प्रमुख खालिद किद्वाइले चार अवस्थाको चर्चा गरेका थिए। त्यसमा प्रमुख भूभागको नोक्सानी, प्रमुख सैन्य सम्पत्तिको विनाश, चरम आर्थिक विपत्ति र राजनीतिक अस्थिरताको स्थिति समाविष्ट थिए।

सन् २००२ मा तत्कालीन राष्ट्रपति परवेज मुसर्रफले परमाणु हतियार केवल भारतविरुद्ध लक्षित भएको र एउटा राज्यका रूपमा पाकिस्तानको अस्तित्व खतरामा पर्ने स्थिति आएमा मात्र त्यसको प्रयोग गरिने स्पष्ट पारेका थिए।

अतः अब भारत र पाकिस्तानबीच सार्थक शान्तिवार्ता गरी यो विवादको राजनीतिक निकास निकाल्नु पर्छ। भारतले चाहे अनुरूप द्विपक्षीय वार्ता गरी विवाद समाधान गर्न सके सबैभन्दा राम्रो हुन्छ। ■

महिलाको खेलाडी

इन्दु वर्मा (क्रिकेट खेलाडी)

नेपालले यही जेठ महिनामा आइसिसी महिला टी–२० विश्वकपको ग्लोबल क्वालिफायरमा पुगेर इतिहास बनायो । पहिलो पटक महिला टी–२० विश्वकपको ग्लोबल क्वालिफायरमा पुगेकाले नेपाली महिला क्रिकेट टिमको चर्चा पनि छ । नेपाल ग्लोबल क्वालिफायरमा पुग्दा इन्दु वर्मामा टिमको नेतृत्व गर्ने जिम्मेवारी थियो । नेपाली क्रिकेटप्रेमीको अपेक्षाको दबाबबीच इन्दु उदाहरणीय कप्तानका रूपमा प्रस्तुत भइन् । क्रिकेटका तिनै पक्ष ब्याट्, बल र फिल्डिङमा इन्दुको प्रशंसनीय प्रदर्शन रह्यो ।

आइसिसी महिला टी–२० विश्वकपको एसिया छनोट अन्तर्गत सुपर थ्रीमा कठिन प्रतिस्पर्धी बन्दै आएको युएईलाई हराएको खेलमा इन्दुले बनाएको अविजित ३० रन महत्त्वपूर्ण रह्यो । उनी उत्कृष्ट खेलाडी चुनिइन् तर उनले स्पिनर मनीषा उपाध्यायलाई आफ्नो प्लेयर अफ दी म्याचको ट्रफी हस्तान्तरण गरिन् । सो खेलमा मनीषाले पनि राम्रो बलिङ गरेकी थिइन् । यो व्यवहारले इन्दु एक राम्रो लिडर हो भन्ने थाहा पाउन सकिन्छ । प्रतियोगितामा इन्दु एक पटक मात्र आउट भइन् ।

अन्तर्राष्ट्रिय क्रिकेटमा १८ वर्षको यात्रामा नेपाली महिला क्रिकेट टिमसँग औँलामा गन्न मिल्ने केही उपलब्धि मात्र रहेको छ । जसमध्ये एक मलेसियामा भएको चार देशीय टी–२० शृङ्खलामा च्याम्पियन हुनु पनि हो । सो शृङ्खलामा इन्दु प्रतियोगिताको सर्वश्रेष्ठ खेलाडी बनेकी थिइन् ।

नेपाली क्रिकेटकी पोस्टर गर्ल पनि मानिएकी इन्दु २७ वर्षअघि बागलुङमा जन्मिएकी हुन् । सात वर्षको छँदा उनको परिवार रुपन्देहीको तिलोत्तमा–१ मा बसाइँ सर्‍यो । त्यहीँकै एपेक्स स्कुलमा कक्षा ५ भर्ना भइन् । जुन इन्दुका लागि वरदान बन्यो । सो स्कुलमा अतिरिक्त क्रियाकलापमा क्रिकेट पनि खेलिन्थ्यो । इन्दुलाई सानै उमेरबाट क्रिकेट खेल्ने अवसर जुट्यो । त्यसपछि सानै उमेरमा रुपन्देही जिल्लाको प्रतिनिधित्व गरेर नेपालगन्जमा उनले खेलिन् । त्यहाँ उत्कृष्ट प्रदर्शन गरेपछि क्षेत्र नं. ४ को टोलीमा स्थान पाइन् ।

घरेलु क्रिकेटमा राम्रो प्रदर्शन गर्दै आएपछि इन्दुले यु–१९ महिला राष्ट्रिय क्रिकेट टिममा स्थान बनाइन् । सन् २०१० मा सिङ्गापुरमा भएको एसिसी यु–१९ मा खेलेर इन्दुले पहिलो पटक राष्ट्रिय जर्सी लगाएकी थिइन् । उनले लगातार तीन पटक एसिसी यु–१९ मा खेलेकी छन् ।

सन् २०१९ मा इन्दुले थाइल्यान्ड महिला टी–२० स्म्यासमा चीनविरुद्ध खेल्दै सिनियर अन्तर्राष्ट्रिय क्रिकेटमा पनि पदार्पण गरिन् । त्यसपछि इन्दु राष्ट्रिय महिला टिमकी प्रमुख खेलाडीका रूपमा खेल्दै आएकी छन् । निरन्तरताको पुरस्कारस्वरूप क्यानले २०७९ साल जेठमा सीता रानामगरको स्थानमा इन्दुलाई

उपकप्तान नियुक्त गर्‍यो। दुई वर्षअघि उनले लामो समय नेपाली क्रिकेटलाई नेतृत्व गरेकी रुविना क्षेत्रीको ठाउँ लिइन्। इन्दुसँग अहिले ७३ महिला अन्तर्राष्ट्रिय टी–२० खेल खेलेको अनुभव छ। उनले तीन अर्धशतकसहित कुल ९२४ रन बनाएकी छन्। यसै गरी ४० अन्तर्राष्ट्रिय विकेट पनि उनको नाममा रहेको छ। उनले २९ खेलमा नेपालको नेतृत्व गरेकी छन्।

कप्तान इन्दुले अब आफ्नो नेतृत्वमै विश्वकप टी–२० खेल्ने सपना देखेकी छन्। ग्लोबल क्वालिफायरमा नेपालसहित १० टिम हुने छन्। १० टिममध्ये शीर्ष चार स्थानमा रहन सके नेपालले सन् २०२६ मा इङ्ग्ल्यान्डमा हुने महिला टी–२० विश्वकपमा सहभागिता जनाउने छ। कप्तान इन्दु यसो भएमा नेपाली महिला क्रिकेटमा सम्भावनाका अनेक ढोका खुल्ने आधार तयार हुनेमा ढुक्क रहेकी छन्। ■

–प्रजित शाक्य

महिला टिमले रचेको इतिहास

नेपालको चार खेलमा दुई खेलमा जित तथा एकमा हार बेहोरेको थियो भने एक नतिजाविहीन भयो। हङकङको समान खेलमा एकमा जित र तीन खेल नतिजाविहीन भएको थियो।

नेपाली महिला क्रिकेट टिमले पहिलो पटक टी–२० विश्वकप क्रिकेटको ग्लोबल छनोटमा पुगेर इतिहास रचेको छ। विश्वकपको एसिया क्षेत्रीय छनोटको सुपर थ्रीको उपविजेता बनेर नेपाल ग्लोबल छनोटमा पुग्न सफल भयो। नेपाली महिला क्रिकेट टोलीले अहिलेसम्म प्राप्त गरेको यो

■ सोमराज पोखरेल

सबैभन्दा ठूलो सफलता मानिएको छ।

थाइल्यान्डको राजधानी बैङ्ककमा भएको छनोटको सुपर थ्रीमा युएईलाई पाँच विकेटले पराजित गरेको नेपालले अन्तिम खेलमा थाइल्यान्डद्वारा ७८ रनले पराजित भयो। यो खेल जितेको भए नेपालले एसिया च्याम्पियनको उपाधिसमेत जित्ने थियो। यसपालि नेपाललाई

> **नेपाल पहिलो सहभागितामै एसिसी महिला च्याम्पियनसिपको फाइनलमा पुगेको थियो । जहाँ नेपाल फाइनलमा बङ्गलादेशद्वारा पराजित भयो ।**

भाग्यले साथ दियो र विश्वकप ग्लोबल छनोटमा छानिन सफल भयो ।

किनकि समूह चरणमै भाग्यले साथ दिएका कारण सुपर थ्रीमा पुग्न नेपाल सफल भएको थियो । यदि वर्षाले खेल रद्द नभएको भए हङकङले बहराइनलाई हराएमा नेपाल बाहिरिएर हङकङ सुपर थ्रीमा पुग्न सक्दथ्यो । वर्षाले खेल रद्द हुँदा हङकङले अङ्क बाँड्यो र अङ्क बराबरी भयो । साथै नेट रन रेट हङकङको राम्रो भए पनि बढी जितको आधारमा नेपाल अर्को चरणमा पुग्न सफल भयो ।

आइसिसीको नियम अनुसार डबल राउन्ड रोबिन लिगपछि शीर्ष दुई टोलीबीच अङ्क बराबर भए सर्वाधिक जितका आधारमा टोली अगाडि रहने प्रावधान रहेको छ । नेपालको चार खेलमा दुई खेलमा जित तथा एकमा हार बेहोरेको थियो भने एक नतिजाविहीन भयो । हङकङको समान खेलमा एकमा जित र तीन खेल नतिजाविहीन भएको थियो ।

अबको बाटो

नेपाल र थाइल्यान्डले एसियाको प्रतिनिधित्व गर्दै विश्वकप ग्लोबल छनोटमा खेल्ने छन् । विश्वकप छनोटमा १० टोलीबीच प्रतिस्पर्धा हुने छ । तीमध्ये शीर्ष चार टोली इङ्ग्ल्यान्डमा सन् २०२६ मा हुने टी–२० विश्वकपमा सहभागी हुने छन् ।

यसअघि सन् २०२४ मा भएको विश्वकपमा गरेको प्रदर्शनका आधारमा गत विजेता न्युजिल्यान्डसँगै भारत, पाकिस्तान, श्रीलङ्का, दक्षिण अफ्रिका, अस्ट्रेलिया, इङ्ग्ल्यान्ड र वेस्ट इन्डिजले प्रतियोगितामा आआफ्नो स्थान पक्का गरिसकेका छन् । दुई वर्षअघिको विश्वकपबाटै बङ्गलादेश र

स्कटल्यान्डले पनि विश्वकप छनोटमा स्थान पक्का गरेका थिए ।

अमेरिकी क्षेत्रबाट अमेरिका विजेता बनेर विश्वकप छनोटमा पुगिसकेको छ। युरोप र अफ्रिकाको क्षेत्रीय छनोटबाट २–२ तथा इस्ट एसिया प्यासिफिकबाट एक गरी विश्वकप छनोटमा थप पाँच टोली पुग्ने छन् । विश्वकप ग्लोबल छनोटको मिति र आयोजक राष्ट्र घोषणा हुन भने बाँकी छ ।

नेपालको विगत

नेपाली महिला क्रिकेट टिमले सन् २००७ देखि मात्र अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न थालेको हो । नेपाल पहिलो सहभागितामै एसिसी महिला च्याम्पियनसिपको फाइनलमा पुगेको थियो। जहाँ नेपाल फाइनलमा बङ्गलादेशद्वारा पराजित भयो ।

त्यसयता नेपालले उल्लेखनीय सफलता हासिल गर्न सकेन। पहिलो सहभागितामा हासिल गरेको सफलताभन्दा एक कदम अगाडि बढ्न नेपाललाई १८ वर्ष लाग्यो। अहिले हासिल गरेको सफलता नै सबैभन्दा ठूलो उपलब्धि हो। यसअघिका वर्षमा नेपालको यात्रामा प्रायः युएई बाधक बन्दै आएको थियो। यसपालि नेपालले त्यही युएईलाई राम्रोसँग जवाफ दिएर अगाडि गएको छ। नेपालकै कारण युएईले विश्वकप छनोटमा पुग्न पाएन ।

लिभरपुल र उपाधि इतिहास

इङ्ग्लिस प्रिमियर लिग फुटबलमा लिभरपुल २० औँ उपाधि जित्न सफल भएको छ। सन् २०२४–२५ को सिजनमा एकतर्फी प्रदर्शन गरेको लिभरपुलले दोस्रो स्थानको आर्सनलसँग १० अङ्कको अग्रता बनायो। उपाधि जितमा लिभरपुलले म्यान्चेस्टर युनाइटेडसँग बराबरी गरेको छ।

२० टिम सहभागी रहेकोमा आर्सनल ७४ अङ्कसहित दोस्रो, ७१ अङ्कबाट म्यान्चेस्टर सिटी तेस्रो, चेल्सी ६९ अङ्कसहित चौथो, न्युक्यासल युनाइटेड ६६ अङ्कसहित पाँचौँ भयो । यी पाँच वटै टिमले च्याम्पियन्स लिग खेल्न पाउने भएका छन् ।

छैटौँ भएको एस्टन भिल्लाले युरोपा लिग खेल्न

पाउने छ भने सातौँ भएको नटिङ्घम फरेस्टले कन्फरेन्स लिग खेल्ने छ। यसपालि पुछारमा रहेर तीन टिम लेस्टर सिटी, इप्सविच टाउन र साउथह्याम्पटन रेलिगेसनमा परेका छन्।

सन् १८८५ मा इङ्ग्ल्यान्डको फुटबल सङ्घ (एफए) को स्थापना भएपछि सन् १८८८ मा फुटबल लिग स्थापना गरी प्रत्येक वर्ष लिग खेल्न थालिएको थियो। १२ देखि १४ क्लब समेटेर खेल्न थालिएको लिगको सुरुवाती दुई उपाधि प्रेस्टन नर्थ इन्डले जित्यो।

सन् १८९२ देखि क्लब सदस्यहरू बढाएर २८ पुऱ्याइयो। अनि दुई समूहमा विभाजन गरेर खेलाउन थालियो। दोस्रो लिग र पहिलो लिग हुन थाल्यो। दुई लिगमा घटुवा र बढुवा हुने व्यवस्था गरियो। विश्वयुद्धका बेलामा लिग रोकिएको थियो। सन् १८९२ देखि १९९२ सम्म फुटबल लिग फस्ट डिभिजनका रूपमा खेलाइयो। सन् १९९२ देखि एफए प्रिमियर लिगका रूपमा नयाँ शैलीबाट व्यावसायिक फुटबल हुन थाल्यो। यो नै अहिलेको आधुनिक प्रिमियर लिग हो।

अहिलेसम्मको लिग इतिहासमा लिभरपुल र म्यान्चेस्टर युनाइटेडले समान २० उपाधि जितेका छन्। आर्सनलले १३ पटक, म्यान्चेस्टर सिटीले १० पटक, एभर्टनले नौ पटक र एस्टन भिल्लाले सात पटक उपाधि जितेको छ। चेल्सी र सन्डरल्यान्डले समान छ पटक उपाधि जितेका छन्। अहिलेसम्म २० टिमलाई मात्र उपाधि जित्नमा सफलता मिलेको छ।

स्पेनमा बार्सिलोनाको जगजगी

स्पेनी लिग ला लिगाको यो सिजनको उपाधि बार्सिलोनाले जितेको छ। सर्वाधिक सफल टिम रियल म्याड्रिडलाई चार अङ्कले पछाडि पार्दै उपाधि जित्न बार्सिलोना सफल भयो। यो बार्सिलोनाले २८ औँ ला लिगा उपाधि भएको छ।

ला लिगाको इतिहासमा रियल म्याड्रिडले सर्वाधिक ३६ पटक उपाधि जितेको छ।

सन् १९२९ देखि खेल्न थालिएको ला लिगामा रियल २६ पटक तथा बार्सिलोना २८ पटक उपविजेता भएका छन्। एथलेटिको म्याड्रिड ११ पटक विजेता तथा १० पटक उपविजेता भएको छ। यस्तै एथलेटिक बिल्बाओले आठ, भ्यालेन्सियाले छ, रियल सोसिडाडले दुई तथा डेपोर्टिभो ला कोरुना, सेभिया र रियल बेटिसले एक–एक पटक उपाधि जितेका छन्।

ला लिगा इतिहासको इतिहासमा नौ टिमले मात्र उपाधि जितेका छन्।

२० टिमले खेलेको ला लिगामा बार्सिलोनाले उपाधि जित्दा ८४ अङ्कसहित रियल म्याड्रिड उपविजेता भयो। एथलेटिको म्याड्रिड तेस्रो तथा एथलेटिक क्लब र भिल्लारियल क्रमशः चौथो तथा पाँचौँ भए। शीर्ष पाँच स्थानमा रहने टिम च्याम्पियन्स लिगमा छानिएका छन्।

छैटौँ भएको रियल बेटिस र सातौँ भएको सेल्टा भिगो युरोपा लिगमा छानिए। आठौँ भएको रायो भाएकानो कन्फरेन्स लिगमा छनोट भयो। ■

समकालीन सन्दर्भ

जीवनस्तर उकास्न

वित्तीय अनुशासन

■ डा. भागवत आचार्य

उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क

मान्छेका आवश्यकता सीमित हुन्छन् तर इच्छा असीमित। मान्छेका लागि नभई नहुने कुरा आवश्यक हुन् भने नभए पनि हुने कुरालाई इच्छा भन्न सकिन्छ। गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा आवश्यकता हुन् भने ६० इन्चको टिभी, फ्रिज, लाखौँ पर्ने मोबाइल फोन सेट आदि इच्छा हुन्। घरमा तयार गरी खानु आवश्यकता हो भने रेस्टुरेन्ट वा तारे होटेलमा खानु इच्छा। यसरी इच्छा र आवश्यकता पहिचान गरी आवश्यकता पूरा गर्नु तर इच्छालाई नियन्त्रण गर्नु वित्तीय अनुशासनमा पर्दछ।

वित्तीय सुझबुझ, वित्तीय विवेकशीलता आदि वित्तीय अनुशासनका पर्यायवाची शब्द हुन्।

वित्तीय अनुशासन भन्नाले वित्तीय ज्ञान एवं सिपलाई व्यवहारमा उतार्नु र निरन्तर त्यसमा अडिग रहनु भन्ने बुझिन्छ। आफूसँग रहेको वित्तीय साधनलाई जिम्मेवारी र विवेकपूर्ण तरिकाबाट व्यवस्थापन तथा नियन्त्रण गर्ने कार्य नै वित्तीय अनुशासन हो। वित्तीय अनुशासन वित्तीय साक्षरताको अति नै महत्त्वपूर्ण विषयमा पर्दछ। यसको जानकारी र अनुपालनाले व्यक्तिको आर्थिक जीवन शालीन र मर्यादित हुन गई उसको जीवनस्तर माथि उठ्ने गर्दछ।

व्यक्तिले वित्तीय अनुशासन पालना गरी आफ्नो आम्दानी, खर्च, बचत र लगानी सुनिश्चित गर्न सक्छ। वित्तीय अनुशासनले आफ्नो वित्तीय लक्ष्य हासिल गर्न मद्दत पुऱ्याउँछ।

वित्तीय अनुशासनको महत्त्व

व्यक्तिको आर्थिक जीवनमा वित्तीय अनुशासनको ठूलो महत्त्व रहेको हुन्छ। व्यक्तिले आफ्नो आम्दानीका आधारमा खर्च, बचत र लगानीका लागि बजेट बनाउन सक्दछ। आर्थिक जीवनमा लगानीसम्बन्धी सही निर्णय लिन नसकेमा वित्तीय स्रोतसाधनको दुरुपयोग हुन जाने मात्र नभई वित्तीय क्षतिसमेत हुन सक्दछ। वित्तीय निर्णय नै अति महत्त्वपूर्ण विषय हो। सही वित्तीय निर्णयमार्फत आर्थिक अनुशासन कायम गरी अतिरिक्त सम्पत्ति सिर्जना गर्न सकिन्छ।

बालबालिकाको शिक्षासम्बन्धी खर्चको योजना बनाउन, बुढेसकालका लागि वित्तीय स्रोतको जोहो गर्न, परिवारको दीर्घकालीन वित्तीय लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो हासिल गर्न वित्तीय अनुशासनले ठूलो मद्दत गर्दछ। यसै गरी परिवारमा हुन सक्ने अप्रत्याशित आर्थिक घटना सामना गर्न, अनावश्यक कर्जा लिनबाट टाढा हुँदै यसबाट हुन सक्ने झमेलाबाट बच्न, उपयोग भइरहेका कर्जालाई बुद्धिमानी ढङ्गले व्यवस्थापन गर्न वित्तीय अनुशासनबाट मद्दत पुग्छ। परिवारमा उद्यमशीलता विकास गरी दिगो आम्दानी सुनिश्चित गर्न, सोका लागि वित्तीय स्रोत सुनिश्चित गर्न पनि वित्तीय अनुशासनमार्फत गर्न सकिन्छ।

वित्तीय अनुशासन कायम गर्ने उपाय

वित्तीय अनुशासन कायम गर्ने महत्त्वपूर्ण उपायका रूपमा नियमित रूपमा पारिवारिक बजेट निर्माण गर्नु हो। बजेट निर्माण गर्दा आम्दानीको लेखाजोखा गरी योजनाबद्ध रूपमा थोरबहुत बचतलाई प्राथमिकतामा राख्नु पर्दछ र आवश्यकताका आधारमा मात्र खर्च गर्नु पर्छ। खर्च गर्दा इच्छा हो कि आवश्यकता हो भनेर विश्लेषण गरेर मात्र खर्च गर्नु पर्दछ।

वित्तीय लक्ष्य निर्धारणमार्फत आम्दानीको यथोचित अंश छुट्याई बचत गर्नु पर्दछ। यसले भविष्यमा आइपर्ने आर्थिक गर्जो टार्न मद्दत गर्दछ। त्यस्ता कुनै झड्का नआएमा पनि सो बचत कुनै क्षेत्रमा लगानी गरी आम्दानी बढाउन सकिन्छ।

नियमित रूपमा बजेटको समीक्षा गर्नु वित्तीय अनुशासनको अर्को महत्त्वपूर्ण पक्ष हो। यसबाट आम्दानीले नपुग्ने भएमा खर्च कटौती गर्न सकिन्छ। पारिवारिक बजेट समीक्षा गर्दा खर्चका विभिन्न शीर्षकको पुनरवलोकन गर्नु पर्छ। वित्तीय लक्ष्य हासिल गर्न सकिने वा नसकिने भन्ने निर्क्योल गरी नसकिने भएमा आवश्यक संशोधन वा समायोजन गर्नु पर्दछ।

यसै गरी परिवारका सदस्यबीच परिवारको वित्तीय लक्ष्य, आवश्यक बजेट, नियमित बचत, सम्भावित वित्तीय समस्या र सोको समाधानबारे छलफल गर्ने गरेमा आर्थिक पक्षको भार सबैमा बाँडिन जाने मात्र नभई सबैलाई आर्थिक रूपमा जिम्मेवार बनाउन पनि सकिन्छ। यसै गरी खर्चको प्राथमिकता तय गरेमा स्रोतको दुरुपयोग रोकिने सम्भावना रहन्छ। बैङ्क वा व्यक्तिबाट कर्जा सापटी लिएको भए भुक्तानीमा बहानाबाजी वा विलम्ब नगर्नु बुद्धिमानी हुन्छ।

लगानी गर्दा ध्यान दिनु आवश्यक

लगानीको महत्त्वपूर्ण पक्ष भनेको नै लगानी विविधीकरण गरेर मात्र लगानी गर्ने अर्थात् आफूसँग भएको सबै रकम एकै उपकरण वा विकल्पमा लगानी नगरी विविधीकरण गर्नु हो। जसले जोखिम न्यूनीकरण गर्न मद्दत पुग्दछ। लगानी गर्दा गर्न लागिएको क्षेत्र सम्बन्धमा विस्तृत ज्ञान लिने, लगानी गरेपछि राम्रोसँग पर्याप्त समय लगाएर ध्यान दिनु पर्दछ। लगानीको प्रतिफल लगानी गुणस्तरमा भरपर्ने भएकाले सोको गुणस्तर कायम राख्ने, लगानी गर्ने क्षेत्र अनुसार उपयुक्त ठाउँ, हावापानी तथा अन्य अनुकूलता मिलाएर रोज्ने, कागजात तथा अभिलेख व्यवस्थापन उचित रूपले गर्ने, आवश्यक परे सल्लाहकार राख्ने जस्ता लगानीका विषय वित्तीय अनुशासनभित्रै पर्दछन्।

भनिन्छ कमाउनु ठूलो कुरा होइन त्यसको सदुपयोग गरेर जीवनको गुणस्तर कायम गर्नु अर्थपूर्ण हुन्छ। धनी हुँदैमा उसको जीवन गुणस्तरीय हुन्छ भन्न सकिन्न। धनी मान्छे आर्थिक रूपले लथालिङ्ग जीवन बाँचिरहेका पनि देखिन्छन् भने सानो आम्दानी भएको मान्छे उत्कृष्ट जीवन बाँचिरहेका पनि छन्। यसैले चेतना महत्त्वपूर्ण कुरा हो।

अहिले नेपालका धेरै युवा तथा विद्यार्थी विदेश गएर कमाइ गर्छन् र रेमिट्यान्सका रूपमा पैसा पठाउँछन् तर नेपालमा बस्ने परिवारजनले सोको सदुपयोग नगरिदिँदा साधन स्रोत दुरुपयोग भइरहेको स्थिति पनि छ। कतिपयको पारिवारिक विखण्डन हुन गई जीवनस्तर माथि जानुको सट्टा झन् तल खस्केका उदाहरण पनि छन्। यसैले वित्तीय सुझबुझपूर्ण एवं अनुशासित मान्छेको जीवन नै गुणस्तरीय देखिन्छ।

र अन्त्यमा :

कमाइका साथ जसले उचित खर्च गर्छ
कमाइ खर्च गर्दा जीवनस्तर उठ्नु पर्छ।
अनुशासित जिन्दगी नै स्वर्णिम हुने गर्छ
वित्तीय (अनु) शासनको लक्ष्य यही हुनु पर्छ। ■

क्यान्सरमा बहुऔषधि उपचार



केमोथेरापी, हर्मोनल थेरापी, टार्गेटेड थेरापी, इम्युनो थेरापी, कार–टी सेल थेरापी र बोनम्यारो (हड्डीभित्र हुने मासी) प्रत्यारोपण सबै क्यान्सरको उपचारमा प्रयोग हुने प्रणालीगत थेरापी अन्तर्गत पर्छन् ।

प्राडा सुमनराज ताम्राकार

क्यान्सर रोगीको सङ्ख्या विश्वमा बढ्दो छ । थरी थरीका क्यान्सरले धेरैलाई सताइरहेको छ । क्यान्सर लाग्ने कतिपय कारण अझै पनि स्पष्ट छैन तर खराब जीवनशैली र खानपान नै धेरै खालको क्यान्सरको कारण बनिरहेको छ ।

क्यान्सर रोगीको सङ्ख्यामा वृद्धिसँगै क्यान्सरको उपचारबारे निरन्तर खोजी भइरहेको छ । नयाँ नयाँ उपचार प्रविधिको विकास पनि भइरहेको छ । क्यान्सरको उपचारमा प्रयोग हुने केमोथेरापी,

रेडियोथेरापीका बारेमा त धेरैलाई थाहा छ तर क्यान्सरको उपचारका लागि अन्य विभिन्न औषधि र प्रविधिको विकास पनि भएका छन् ।

केमोथेरापी, हर्मोनल थेरापी, टार्गेटेड थेरापी, इम्युनोथेरापी, कार-टी सेल थेरापी र बोनम्यारो (हड्डीभित्र हुने मासी) प्रत्यारोपण सबै क्यान्सरको उपचारमा प्रयोग हुने प्रणालीगत थेरापी अन्तर्गत पर्छन् ।

केमोथेरापी : केमोथेरापी क्यान्सरको उपचारमा प्रयोग हुने सबैभन्दा सामान्य उपचार पद्धति हो । क्यान्सर कोषिकाहरू नष्ट गर्न केमोथेरापी प्रयोग गरिन्छ । केमोथेरापीले क्यान्सर कोषिकाहरू फैलिनबाट रोक्छ । केमोथेरापीले अन्य कोषलाई बनाउन, बढ्न र विभाजित गर्नबाट रोकेर काम गर्छ । किनभने क्यान्सरका कोष आमरूपमा सामान्य कोषको तुलनामा तीव्र रूपमा बढ्छ र विभाजित हुन्छ ।

हाल क्यान्सर उपचारमा विशेष गरी दुई प्रमुख इम्युनो थेरापी मोडालिटी स्वीकृत गरिएका छन् । पहिलो हो रोगीबाट प्रतिरक्षा प्रणालीका टी-कोषिका अलग्याएर प्रयोगशालामा क्रिस्पर प्रविधि प्रयोग गरी आनुवंशिक परिमार्जन गरिन्छ ।

टार्गेटेड थेरापी : उपचारको प्रभावकारिता बढाउने यस तरिकामा क्यान्सर कोषिकाका विशेष परिवर्तनलाई लक्षित गर्ने औषधिहरू प्रयोग गरिन्छ । टार्गेटेड थेरापीका औषधिले क्यान्सर कोषिकाको विकास प्रक्रियालाई लक्षित गरेर नियन्त्रण गर्छन् । यी औषधि क्रोनिक माइलो ल्युकेमिया (रक्त क्यान्सर), पाचन नलीका केही क्यान्सर र फोक्सोको क्यान्सरलगायतका क्यान्सरमा प्रभावकारी हुन्छन् । साथै ल्युकेमिया, स्तन क्यान्सर र मिर्गौलाको क्यान्सरसहित अन्य धेरै क्यान्सरको उपचारमा टार्गेटेड थेरापी उपयोगी हुन सक्छ ।

इम्युनोथेरापी : यी नवीनतम उपचार विधिमा क्यान्सर कोषलाई मार्न हाम्रो प्रतिरक्षा प्रणालीका कोषिका विशेष गरी टी-कोषिका (टी सेल) लाई प्रयोग गरिन्छ । टी-कोषिका सेता रक्तकोषिकामध्येको एक विशेष प्रतिरक्षा कोषिका हो । यसले क्यान्सर कोषिकालाई पहिचान गर्छ र मार्छ । क्यान्सर कोषिकाले सामान्य कोषिकाको तुलनामा कि उत्परिवर्तित (म्युटेटेड) प्रोटिन बनाउँछन् कि सामान्य प्रोटिन नै असामान्य मात्रामा बनाउँछन् ।

त्यस्ता प्रोटिनबाट नवप्रतिजिन बन्छन् र टी-कोषिकाले तिनै नवप्रतिजिनका आधारमा क्यान्सर कोषिकालाई सामान्य कोषिकाबाट छुट्याउन सक्छन् । त्यसपश्चात् टी-कोषिकाले क्यान्सर कोषविरुद्ध प्रतिरक्षा प्रतिक्रिया जनाउँछन् तर क्यान्सरको विकास तथा विस्तारसँगै टी-कोषिकाको क्यान्सर पहिचान गर्ने तथा नष्ट गर्ने क्षमतामा शिथिलता आउँछ । इम्युनोथेरापी विधिमा यसरी शिथिल भएका टी-कोषिकालाई पुनः जागृत बनाई क्यान्सरलाई परास्त गरिन्छ ।

हाल क्यान्सर उपचारमा विशेष गरी दुई प्रमुख इम्युनोथेरापी मोडालिटी स्वीकृत गरिएका छन् । पहिलो हो रोगीबाट प्रतिरक्षा प्रणालीका टी-कोषिका अलग्याएर

प्रयोगशालामा क्रिस्पर प्रविधि प्रयोग गरी आनुवंशिक परिमार्जन गरिन्छ। जसले गर्दा टी- कोषिका क्यान्सर कोषिकालाई चिन्न मात्र हैन मार्न पनि सक्षम हुन्छन्। यसरी परिमार्जन गरिएका टी-कोषिकालाई पुनः बिरामीको रक्त सञ्चारमा समाहित गराइन्छ। ती क्यान्सरलाई नष्ट गर्न सक्षम हुन्छन्। यस प्रकारको उपचारलाई 'कार-टी थेरापी' भनिन्छ। जुन रक्त क्यान्सरमा निकै फाइदाजनक साबित भएको छ।

अर्को हो क्यान्सर कोषिकालाई मार्न असमर्थ भएका हाम्रा शरीरका टी-कोषिकालाई बाहिरबाट एन्टिबडीमा आधारित औषधि पठाएर फेरि क्यान्सरलाई मार्न सक्ने बनाइन्छ। यस्तो प्रकारको इम्युनोथेरापीलाई 'इम्युन चेकप्वाइन्ट ब्लकेड थेरापी' भनिन्छ।

पारेर क्यान्सरको विस्तार र वृद्धिमा प्रयोग गर्छ।

खासगरी क्यान्सर कोषको सतहमा पाइने पिडी वन प्रोटिनसँग टी-कोषिकाको सतहमा पाइने पिडी वन प्रोटिनले अन्तर्क्रिया गर्दा टी-कोषिकाले अवरोध सङ्केत पाउँछन्। जसले टी-कोषिकामा निष्क्रियता निम्त्याउँछ। 'इम्युन चेकप्वाइन्ट ब्लकेड थेरापी' मा टी-कोषिकाको सक्रियतामा अवरोध सङ्केत सिर्जना गर्ने प्रोटिनलाई बाह्य एन्टिबडीको सहयोगमा अन्तर्क्रिया गर्न दिइँदैन र टी-कोषिकाको क्यान्सर विरोधी कार्य पुनः स्थापित गरिन्छ।

कार-टी सेल थेरापी : कार-टी सेल एक विशेष उपचार पद्धति हो। जुन रक्तक्यान्सरका बिरामीमा निकै प्रभावकारी देखिएको छ। यसमध्ये 'कार' को विस्तृत रूप काइमेरिक एन्टिजेन रिसेप्टर हो भने 'टी' चाहिँ एक

कार-टी सेल एक विशेष उपचार पद्धति हो। जुन रक्तक्यान्सरका बिरामीमा निकै प्रभावकारी देखिएको छ। यसमध्ये 'कार' को विस्तृत रूप काइमेरिक एन्टिजेन रिसेप्टर हो भने 'टी' चाहिँ एक प्रकारको श्वेत रक्तकोषिका हो।



प्रकारको श्वेत रक्तकोषिका हो।

रगतमा पाइने तीन प्रकारका कोषिका (रातो, श्वेत र प्लेटलेट्स) मध्ये श्वेत रक्तकोषिका शरीरको प्रतिरक्षा प्रणालीसँग सम्बन्धित छ। कार-टी सेल थेरापी बिरामीकै शरीरभित्र रहेको 'टी' नामक प्रतिरक्षक कोषको प्रयोग गरेर उपचार गरिने प्रविधि हो।

जतिखेर पनि टी-कोषिका सक्रिय हुनु शरीरका लागि हानिकारक हुन्छ। यस्तो अवस्थामा प्रतिरक्षा प्रणालीले आफ्नै शरीरका सामान्य कोषिकाविरुद्ध स्वतः प्रतिक्रिया देखाएर तिनलाई मार्न थाल्छन्। प्रतिरक्षा प्रणालीको अधिक सक्रियता रोकी सन्तुलनमा राख्न हाम्रो शरीरले एक संयन्त्र विकास गरेको छ। क्यान्सर कोषले त्यो संयन्त्रलाई बसमा

शरीरभित्र खासगरी रक्त प्रणालीमा हुने 'टी' कोषलाई निकालेर प्रयोगशालामा जेनेटिक इन्जिनियरिङ गरी क्यान्सर चिनेर त्यसविरुद्ध क्रियाशील हुन सक्ने बनाएर बिरामीको शरीरभित्र पठाइन्छ र त्यसले क्यान्सरलाई मार्न सक्छ ।

हर्मोन थेरापी : केही क्यान्सर शरीरमा उत्पादन हुने हर्मोनमा भर पर्ने हुन्छन् । त्यस्ता प्रकारका क्यान्सरमा हर्मोनको प्रयोग गरिन्छ । जसले गर्दा ती क्यान्सरको वृद्धि रोकिन्छ । यो उपचारले शरीरमा हर्मोनको मात्रा बदल्छ ।

हर्मोन शरीरमा स्वाभाविक रूपले उत्पादन हुन्छ । यसले केही कोष वा अङ्गको गतिविधिलाई नियन्त्रण गर्नमा मद्दत गर्छ । हर्मोनको स्तरले कैयौँ प्रकारको क्यान्सरलाई नियन्त्रित गर्ने भएकाले चिकित्सकले हर्मोन थेरापी उपयोग गर्छन् । यसमा केही स्तन र प्रोस्टेट क्यान्सर समावेश छन् ।

बोनम्यारो प्रत्यारोपण : रोगको प्रकृति हेरी कुनै रोगलाई औषधि चलाउनु पर्छ भने कुनै रोगलाई बोनम्यारो प्रत्यारोपण नै गर्नु पर्छ । केमोथेरापीबाट निको नहुने रक्तक्यान्सरको उपचार बोनम्यारो (हड्डीभित्र हुने मासी) प्रत्यारोपणबाट गरिन्छ । शरीरमा भएको क्यान्सर आक्रान्त बोनम्यारोलाई नष्ट गरेर अर्को स्वस्थ बोनम्यारो राख्ने प्रक्रिया नै बोनम्यारो प्रत्यारोपण हो । ■

चित्र र अक्षरको मेल

कलाले समय बोल्छ, तात्कालिक सामाजिक, आर्थिक, वातावरणीय अवस्थालाई देखाउन, जान्न र बुझ्न मद्दत गर्छ। विशेषतः पुराना जीवनशैली र सामाजिक अध्ययनमा पनि कलाको निकै महत्त्व रहने गर्छ। प्रस्तुत चित्रले लामा गुरुको जीवन र अक्षरको विशेषता अनि सुन्दरतालाई प्रतिनिधित्व गरेको छ।

प्रस्तुत चित्रमा कलाकारले तीन पुस्ताअघिका लामा गुरुको चित्र उतारेकी छन्। सिन्धुपाल्चोकको पाँचपोखरी, थाङपाल, नागीघ्याङ गाउँपालिकामा रहेको ह्योल्मो नागी टासी छ्योलिङ गुम्बाका लामा फुर्वा ठिलेनको मुहार चित्र हो यो। गुरुह्मणी (प्रार्थना प्रमुख) का रूपमा रहेका लामा गाउँमा इमानदार, सहयोगी, दयालु व्यक्तिका रूपमा परिचित थिए। यसैकारण पनि कलाकारले उनको अनुहार चित्रण गरेकी हुन्। चित्रको अर्को विशेषता भनेको लामाले माला बोकेको देखाइएको छ र चित्रको पृष्ठभूमिमा तिब्बतीयन भाषामा र रञ्जना लिपिमा ओम मणि पद्मे हुँ लेखिएको छ। यो शब्दलाई कलाकारले पुनर्लेखन गरेर मन्त्रोत्चारणको आभास दिन सफल छन्। अक्षरहरूले चित्रमा बयन (टेक्स्चरको) पनि काम गरेका छन्। चित्र साधारण छ तर यसले तामाङ लामाको पहिरन, पहिचान र अक्षरलाई चित्रमा दस्तावेजीकरण गर्न कलाकार सफल भएको देखिन्छ।

कलाकार : मनरा प्रजापति
शीर्षक : ओम मणि पद्मे हुँ
माध्यम : क्यानभासमा एक्रेलिक
आकारः २० इन्च X ३० इन्च
सृजना वर्ष : २०८२ साल

केशवराज खनाल

मौलिक सम्पदा फेरी प्रथा

■ कमल सुवेदी

आफूलाई गुरु गोरखनाथका चेला अर्थात् नाथ सम्प्रदायका अनुयायी बताउने यी कनफट्टा जोगीलाई मध्यरातको समयमा अर्काको घरमा पसेर लामो समयसम्म शङ्ख बजाउँदै विभिन्न मन्त्र ठूलो स्वरले भट्याउँदा पनि कुकुरले टोक्दैन भन्ने विश्वास छ ।

विशेष गरेर कात्तिक र चैत महिनामा राति कनफट्टा अर्थात् कान चिरेका जोगीहरू घर घरमा गएर बराँठको सिङ वा शङ्ख बजाउँदै गीतिशैलीमा भट्याउँदै भोलिपल्ट बिहान भिक्षाटन गर्ने हाम्रो पुरानो परम्परा रहेको छ। विभिन्न शैलीमा मन्त्रोच्चारण गर्दै नाद गरी तीन पटक फुकेर आफ्ना गुरु गोरखनाथको स्मरण गर्दै फेरी लगाउने गरिन्छ ।

नेपालमा मात्र होइन नेपालीभाषी भारती, भुटानी र बर्माका केही भागमा पनि फेरी लगाउने चलन आज पनि रहेको छ। हरेक कनफट्टा जोगी परिवारमा विवाह भई अंशबन्डा हुँदा बराँठको सिङसमेत बन्डा गरी आफ्नो पेशागत निरन्तरता कायम रहोस् भन्ने जनविश्वास रहेको पाइन्छ। जीवनशैलीका रूपमा रहेको नेपाली संस्कृति फेरी भूमिको पूजन गरेपछि मात्र गरिन्छ ।

फेरी लगाएको घरमा भूतप्रेत र पिशाचको बास नहोस् र त्यहाँ अन्नबालीको अनिकाल कहिल्यै नलागोस् भन्ने जनविश्वास रहेको छ। आफूलाई गुरु गोरखनाथका चेला अर्थात् नाथ सम्प्रदायका अनुयायी बताउने यी कनफट्टा जोगीलाई मध्यरातको समयमा अर्काको घरमा पसेर लामो समयसम्म शङ्ख बजाउँदै विभिन्न मन्त्र ठूलो स्वरले भट्याउँदा पनि कुकुरले टोक्दैन भन्ने विश्वास छ। अचम्मको कुरा के पनि छ भने कुकुरले टोकेको घटना

सुनिएको पनि छैन। फेरी लगाउँदा जोगीहरू कसैसित बोल्नु हुँदैन भन्ने विश्वास रहेको छ। नियम अनुसार हरेक घरका चार सुर र मूल ढोकामा बराँठ फुकेर लगाउनुपर्ने फेरी अचेल शहरीकरणका कारण हरेक घर कम्पाउन्डले घेरिएकाले बजार क्षेत्रमा कम्पाउन्ड बाहिरैबाट लगाउने गरिएको पाइन्छ।

राति फेरी लगाएर बिहान भिक्षाटन गर्दा यस्ता जोगीले १० थान झोली बोकेका हुन्छन्। पुरानो जमानामा १२ थान झोलीको प्रयोग भए पनि दुई थान झोली जोगीले बाहुन र सन्न्यासीलाई दान दिएको लोकविश्वास रहेको छ।

राति फेरी लगाएर बिहान भिक्षाटन गर्दा यस्ता जोगीले १० थान झोली बोकेका हुन्छन्। पुरानो जमानामा १२ थान झोलीको प्रयोग भए पनि दुई थान झोली जोगीले बाहुन र सन्न्यासीलाई दान दिएको लोकविश्वास रहेको छ।

सबै जातिको घरमा फेरी लगाइए पनि धिमाल जातिका घरमा भने उनीहरू यो कार्य गर्दैनन्। धिमाल र उनीहरूको गोत्र एउटै रहेकाले फेरी नलाउने र दानदक्षिणा नलिने उनीहरूको मान्यता रहिआएको छ। चामल, धान, मकै, कोदो, बेसार, कालो कपडा, फलामको हतियार वा कुनै सामग्री, भटमास, आलु, घिउ, नुन, तेल तथा दक्षिणा आदि उनीहरूलाई दिने चलन रहेको छ।

अचेल आधुनिकीकरणले गर्दा चामल र पैसा मात्र दिई बिदा गर्ने चलन आएको छ। पृथ्वीनारायण शाहले कुनै सन्देशवारक दूतका रूपमा र विपक्षीहरूको जासुसी

गर्न नियुक्ति गरेका तर पछि उनीहरू फेरी लाउँदै भिक्षाटन गर्ने पेशातिर लागेको समाजशास्त्री तथा मानवशास्त्रीहरू बताउँछन्। उनले काठमाडौँ उपत्यकाका राज्यसित लडाइँ गर्ने योजना सफल बनाउन जासुसका रूपमा गोरखाबाट उपत्यकामा जोगीहरूलाई खटाएको इतिहासकारहरू बताउँछन्। यसरी नेपालको पश्चिमी भूभागबाट आएका जोगी बसाइँसराइका क्रममा अचेल देश र विदेशका नेपाली बाहुल्य भएका क्षेत्रमा पुगेका हुन्। यही भिक्षाटन गर्ने प्रथाले मौलिक संस्कृतिको रूप लिएको छ।

पेशागत आत्मसम्मानको कमी, बाह्रै महिना यो कार्य नचल्नु, आधुनिक भनिने समाजले यो संस्कृतिलाई हेयका दृष्टिले हेर्नु र युवापुस्ताले यो काम गर्दा लाज मान्नु आदि कारणले यो पेशा सङ्कटमा पर्न लागेको सम्बद्ध कनफट्टा जोगी बताउँछन् ।

नेपालको सुदूर पूर्वका जोगी फेरी लाउन भारतको कालिम्पोङ, दार्जिलिङ, डुवर्स, सिक्किम, आसाम तथा मणिपुरसम्म पुग्ने गरेको पाइन्छ भने त्यताबाट आर्थिक रूपमा पनि राम्रै आम्दानी गर्न सक्षम हुन्छन् । अचेल वैदेशिक रोजगारीका कारण नयाँ पुस्ता यो सांस्कृतिक विरासतबाट विमुख बन्दै गइरहेको देखिन्छ । आधुनिकीकरणको प्रभाव र पितापुर्खाको पेशा आफूले अँगाल्न सङ्कोच मान्ने परिपाटीले पनि यो पेशा लोपोन्मुख अवस्थामा रहेको छ । धार्मिक आस्थासित जोडिएको यो संस्कृतिको प्रवर्धनमा सम्बद्ध पक्षको चासो आज अपेक्षित छ ।

फेरी लगाएको घरमा दुःखबिमार नहोस्, खेतीपाती सप्रियोस्, भूतप्रेतको बास नहोस् र सदा सहकाल कायम रहोस् भन्ने मान्यतामा आधारित हरेक कनफट्टा जोगी परिवारका पुरुष सदस्यले एक पटक मात्र भए पनि यो कार्य गर्नैपर्ने मान्यता छ । फेरी लाउन तथा सिदा र दक्षिणा ग्रहण गर्न मङ्गलबार र शनिबार उत्तम मानिन्छ । घरमा भइपरिआउने ग्रहदशाको निरूपण हुन्छ भन्ने जनविश्वास पनि फेरी प्रथासित जोडिएको छ ।

मुख्य रूपमा कात्तिक र चैतमा फेरी लगाइए पनि यी दुई महिनाबाहेक ठाउँ अनुसार साउन, भदौ र असोजमा पनि फेरी लगाइन्छ । जोगीको बाहुल्य रहेको क्षेत्रमा फेरी लाउने महिनामा घरमा प्रायः पुरुष हुँदैनन्, महिला र केटाकेटी मात्र हुन्छन् । अचेल रातिको समयमा यो संस्कार चल्ने हुनाले सुरक्षाको प्रश्न पनि उठ्ने गरेको छ । साथै जाडो महिनामा स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्ने प्रश्न पनि टड्कारो छ ।

पेशागत आत्मसम्मानको कमी, बाह्रै महिना यो कार्य नचल्नु, आधुनिक भनिने समाजले यो संस्कृतिलाई हेयका दृष्टिले हेर्नु र युवापुस्ताले यो काम गर्दा लाज मान्नु आदि कारणले यो पेशा सङ्कटमा पर्न लागेको सम्बद्ध कनफट्टा जोगी बताउँछन् । घरपरिवारमा सुखशान्तिको कामना गरी गरिने फेरी प्रथा जोगी समुदायको बाहुल्य रहेका क्षेत्रमा भूगोलका आधारमा लक्षित क्षेत्र निर्धारण गरिन्छ ।

आफूलाई गुरु गोरखनाथका चेला बताउने जोगीहरूले कायम राखेको हाम्रो मौलिक संस्कृतिलाई लोप हुनबाट जोगाउन उनीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक उन्नयनमा स्थानीय निकायदेखि माथिल्लो तहसम्म चेतना आउनु पर्दछ । ■

अङ्कजाल प्रतियोगिता, असार-२०८२

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोऱ्याई भर्नुपर्नेछ।
४. समाधान २०८२ साउन १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।
५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।
६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

	१						२	
५			६		४			७
		७	२			८		
	८			९		१	६	
			५		२			
	३	९		१			५	
		३			८	६		
१			९		३			५
	६						९	

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान वैशाख अङ्कको उत्तर

समूह क : १. पाँच २. कोशी/नदी ३. ब्ल्यु जे
समूह ख : १. अपि हिमाल २. ४४ वर्ष ३. २० वर्ष
समूह ग : १. असन-इन्द्रचोक २. जार्भिक-७ ३. २०८१ माघ १८
समूह घ : १. आँला पड्काउने काम २. बझाङ, बाजुरा, अछाम, डोटी ३. म्यासिडोनिया
समूह ङ : १. विसं १८१९ २. सन् १९८० मा ३. इटाली
समूह च : १. आर्किटेक्चर कम्पनी एटकिन्स २. दुबसु क्षेत्री ३. क्युनिफर्म
समूह छ : १. २०५० साल मङ्सिर २८ २. सन् १९७९ ३. मेसोपोटामिया

अङ्कजाल वैशाख अङ्कको उत्तर

गोलाप्रथाद्वारा विजयी

देवेन्द्र बलामी, थाहा नगरपालिका-६, मकवानपुर
प्रविना वज्राचार्य, लगन-२१, काठमाडौँ

सही जवाफ पठाउने सहभागी :

निर्मला श्रेष्ठ, विराटनगर, उमेशकुमार मास्के, विराटनगर, उपान्शु थापा, गोल्डेन बड्स एकेडेमी, टोखा, काठमाडौँ, उपासना थापा, सेन्ट जेभियर्स स्कुल, ललितपुर, मनोज थापा, जानकी गापा-८, कैलाली, रोजन चालिसे, लालबन्दी, सर्लाही, तारा शर्मा अधिकारी, ज्वालादेवी प्रावि, धनकुटा, रामकृष्ण कायस्थ, खौमा, भक्तपुर, सिद्धार्थ पासवान, जलेश्वर, महोत्तरी, करुणा घिमिरे, बत्तीसपुतली, माया रेग्मी, सिनामङ्गल, काठमाडौँ, कृपा घिमिरे, बत्तीसपुतली, खेमराज घिमिरे, बत्तीसपुतली, पदमबहादुर खत्री, धरान, सुनसरी, राजकुमार लामा, कालीमाटी, काठमाडौँ, सौरव गिरी, शिवसताक्षी, झापा, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो, काठमाडौँ, सोलार श्रेष्ठ, कुमारीपाटी, ललितपुर, पवनकुमार श्रेष्ठ, नीलवाराही मावि, काठमाडौँ, बुद्धिमान श्रेष्ठ, कुमारीमार्ग, त्रिपुरेश्वर, काठमाडौँ, दिवस भट्टराई, काठमाडौँ, खेमराज घिमिरे, बत्तीसपुतली।

वैशाख अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

दिनेशराज पौडेल, बालाजु
गरिमा भण्डारी, गोरखा-१४

सही उत्तर मिलाउने अन्य सहभागी

कुमारी निर्मला गिरी, कञ्चनपुर, खगेन्द्रनाथ, बागबजार, काठमाडौँ, निर्मला श्रेष्ठ, विराटनगर, सरस्वती पाठक, धनकुटा-६, उमेशकुमार मास्के, विराटनगर, उज्ज्वलविलास वज्राचार्य, म्हैंपी, नयाँबजार, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो, काठमाडौँ, सीताकुमारी न्यौपाने, मध्यपुर थिमी, रोजन चालिसे, लालबन्दी, सर्लाही, पार्वती, चिसापानी, रामेछाप, लुनार श्रेष्ठ, कुमारीपाटी, ललितपुर, किशोर बस्याल, चावहिल, मिर्मिरे टोल, पदमबहादुर खत्री, धरान, सुनसरी, मैयाँकेशरी कोजू, भक्तपुर, जुरा प्रजापति, भक्तपुर, कमला राजभण्डारी, ऐंसेलुखर्क, खोटाङ, कृष्णप्रसाद लामिछाने, सिन्धुपाल्चोक, जगदीश्वर कोइराला, काभ्रेपलाञ्चोक, दीपकप्रसाद न्यौपाने, पैयूँ, पर्वत।

सामान्य ज्ञान प्रतियोगिता वैशाखको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	राजकुमार लामा	कालीमाटी, काठमाडौँ	१००
विजेता	असीम श्रेष्ठ	शंकरदेव क्याम्पस, काठमाडौँ	१००
विजेता	रामकृष्ण कायस्थ	भक्तपुर	१००
४	विज्ञान अधिकारी	धनकुटा-६	१००
५	उपासना थापा	सेन्ट जेभियर्स स्कुल, जावलाखेल	१००
६	कुमारी निर्मला गिरी	कञ्चनपुर	१००
७	उमेश थापा	प्राइम बैङ्क, कमलपोखरी	१००
८	मदनमोहनलाल श्रेष्ठ	घट्टेकुलो, काठमाडौँ	१००
९	खगेन्द्र नाथ	काठमाडौँ	१००
१०	पदमबहादुर खत्री	धरान, सुनसरी	१००

अङ्कजाल, कोठेपद र सामान्यज्ञान संयोजकः पुष्पराज जोशी

◆ निर्मल

युवामञ्च कोठेपद प्रतियोगिता, असार-२०८२



सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८२ साउन १५ भित्र आइपुग्नुपर्ने छ ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्ने छ ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन ।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ । दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिने छ ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुने छ ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

२. लोग्ने, श्रीमान्, पोइ
३. झझल्को, आभास
४. एकथरी बाजा
५. एक देश
७. चिठी, पत्र ल्याउने, लैजाने सरकारी कार्यालय, डाँक
९. कविता सिर्जना गर्ने मान्छे
१०. र, एवं, अनि
११. हकवाला, रोलावाला/कसैको कार्यकाल समाप्त भएपछि पद वा सम्पत्ति पाउने व्यक्ति
१३. आर्यहरूको प्राचीन ग्रन्थ/ज्ञान, विद्या
१५. पानीभित्र रहने एकथरी जीव
१७. टाढा
१८. एक प्रकारको फल
१९. राय, विचार/भोट
२१. कठिन, दुरुह, दुर्बोध्य
२३. किन्तु, परन्तु
२४. खराब बानी, दुर्व्यसन

तेर्सो

१. कसैमाथि लगाइने दोष, अभियोग
३. छिमेकी एक देश
६. तरकारी, सागसब्जी
८. भिन्न, पृथक्
१०. पोखरी
१२. असल, खराब छुट्याउन सक्ने क्षमता, बुद्धि, समझ
१४. सधैँ रहने, अविनाशी, निरन्तर
१६. पाट वा धागोबाट बुनिएको थैलो
१८. एक जिल्ला
२०. दृष्टि, हेराइ
२२. कुनै काम गर्ने विधि, ढङ्ग, शैली
२३. ठोसको विपरीतार्थक शब्द
२५. पानीमा हावा चल्दा देखिने तरङ्ग
२६. कुनै समूहमा नलागेको, असंलग्न

कोठेपद प्रतियोगिता, वैशाख अङ्कको उत्तर

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : सानु अर्याल
ठेगाना : कागेश्वरी मनहरा, काठमाडौँ
जन्ममिति : २०४६ भदौ २२ गते
जन्मसमय : बेलुकी ७:१० बजे

कानुनी क्षेत्र के कस्तो देखिन्छ ? आर्थिक अवस्था कहिले सुधार होला ? वैवाहिक सम्बन्ध र सन्तानको योग के कस्तो छ ? कृपया बताइदिनुहोला ।

तपाईंको साढेसात शनिको दशा ओरालो लागेर गएको छ । रोकिएका काम आगामी जन्मदिनपछि क्रमशः बन्दै जाने छन् । भाग्य नभएर होइन, समय केही प्रतिकूल चलेकाले सफलतामा बाधाअड्चन देखिएको हो । भाग्य राम्रै छ, चिन्ता गर्नु पर्दैन । गरिखाने अवसर धेरै छन् । कानुनी क्षेत्र पनि ठिकै छ, परिवर्तन गर्नु पर्दैन । विद्याबुद्धि राम्रो देखिन्छ । कुम्भ लग्नमा जन्म भएकाले जीवन केही सङ्घर्षमय पक्कै छ तर सफलताको योग पनि छ । माङ्गलिक कुण्डली भएकाले दाम्पत्य सुखसम्बन्धमा केही झमेला आइपर्न सक्ने देखिन्छ । माङ्गलिक दोष निवारणका शास्त्रीय उपाय गर्दा राम्रो हुने छ । साथै मङ्गलबारको दिनमा मुगाको औँठी धारण गर्दा पनि लाभ मिल्ने छ ।

नाम : असीम श्रेष्ठ
ठेगाना : काठमाडौँ
जन्ममिति : २०६३ असार २२ गते
जन्मसमय : अपराह्न ५:४५ बजे

मेरो एउटै मात्र छोराको भाग्य, भविष्य, विद्या, आयु आरोग्यका बारेमा जानकारी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

बाबुको जन्म विशाखा नक्षत्रको दोस्रो चरणमा पर्न गएकाले तुला राशि पर्दछ । शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ । धेरै बलिया ग्रहयोग रहेकाले भविष्यमा राम्रो सफलता प्राप्त गर्ने सम्भावना देखिन्छ । चिनामा गजकेशरी योग पर्न गएकाले भविष्यमा राम्रो आर्थिक उन्नति प्रगतिसमेत गर्नेछन् । बृहस्पतिको अनुकूलताले गर्दा विद्यामा उच्च सफलता प्राप्त होला । कर्मक्षेत्र बलियो भएकाले राम्रो काम गरेर बाबुआमाको इज्जत बढाउने छन् । विद्या विनयताका साथै राम्रा चारित्रिक गुण रहेको देखिन्छ । भविष्यमा ठूलो मानपद प्रतिष्ठासमेत प्राप्त हुने ग्रहयोग रहेको छ ।

नाम : बलराम रेग्मी
ठेगाना : भरतपुर–१५, चितवन
जन्ममिति : २०७४ असार ६ गते
समय : बेलुकी ७:४० बजे

मेरो नातिको नाम नक्षत्र, आयु आरोग्य, वर्तमान ग्रहदशा, भाग्य, कर्म, विद्याका बारेमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु ।

नातिको जन्म अश्विनी नक्षत्रको दोस्रो चरणमा पर्न गएकाले मेष राशि पर्दछ । शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ । विद्यामा उच्च सफलता प्राप्त गर्ने ग्रहयोग रहेको छ । निडर, साहस अनि सफल व्यक्तित्वको योग पर्न गएको छ । चलाख अनि बुद्धिमानी देखिन्छन् । चिनामा ग्रहयोगहरू राम्रा रहेकाले जीवन आनन्दमय सुखमय देखिन्छ । कर्म स्थानमा बसेको बृहस्पतिले गर्दा भविष्यमा राम्रो सफलता प्राप्त हुने छ । मान प्रतिष्ठा कमाउने देखिन्छ । बौद्धिक क्षमता राम्रो रहेको छ । बाबु केही जिद्दी र रिसाहा स्वभावको समेत देखिन्छ ।

नाम : शिव प्रधान
ठेगाना : राजविराज
जन्ममिति : २०३१ साल भदौ ११ गते
जन्मसमय : दिवा ११:२२ बजे

मेरो वर्तमान समयका ग्रहदशा र भविष्यका बारेमा बताइदिनुहोला ।

तपाईंका लागि ५१ वर्षसम्मका लागि उल्कादशाले मनले सोचेका योजना सम्पन्न हुन मुस्किल छ । नयाँ लगानी एवं लेनदेनसम्बन्धी कारोबारमा सावधानी अपनाउनुपर्ने समय रहेको छ । गरेको काम बिग्रनुका साथै ढिलासुस्तीसमेत गराएको देखिन्छ । अनावश्यक विवादमा समेत पार्ने देखिएकाले बोलीचालीमा विचार पुऱ्याउनु पर्ला । पारिवारिक झैझमेलाले केही सताउने छ । सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ । आगामी जन्मोत्सवपछि सफलताको समय प्रारम्भ हुने छ । देशविदेशको भ्रमणको अवसर प्राप्त होला । आर्थिक पक्षका कारोबारमा सफलता प्राप्त हुनुका साथै घर जग्गाजमिन तथा वाहनको लाभ हुने छ । शारीरिक आरोग्यताका साथै मनोरञ्जनका अवसरसमेत प्राप्त होला । भाग्य राम्रो भएकाले भविष्य पनि राम्रो छ ।

नाम : अमृत दाहाल
ठेगाना : धुलिखेल नपा–२, काभ्रे
जन्ममिति : २०५३ वैशाख ५ गते
जन्मसमय : बिहान १:३५ बजे

वर्तमान समयका ग्रहदशा र भविष्यका बारेमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु ।

सफलताको समय प्रारम्भ भएको छ । मनले सोचेका योजना क्रमशः बन्दै जाने छन् । जन्म चर लग्नमा भएकाले स्वदेशभन्दा विदेशमा सफलता मिल्ने ग्रहयोग रहेको छ । वर्तमान समयमा सिद्धाको दशा चलेकाले आँटेका काम सफल हुने, मानसिक प्रसन्नताका साथै शारीरिक आरोग्यता समेत अनुकूल रहने, आर्थिक पक्ष बलियो भएर जाने, रमाइलो ठाउँको भ्रमणका साथै मनोरञ्जनका अवसरसमेत मिल्ने समय देखिन्छ । नयाँ कामको अवसर मिल्नुका साथै गरेको काममा समेत राम्रो सफलता मिल्ने देखिन्छ । नोकरीमा पदोन्नतिको सम्भावना देखिन्छ । कमाउने, रमाउने र घुम्ने अवसर प्राप्त हुने छ । विवाहका लागि पनि शुभ समय प्रारम्भ भएको छ ।

२०८२ साल असार महिनाको राशिफल

◆ ज्यो. हरिप्रसाद पौडेल

मेष स्थान परिवर्तन एवं यात्राको सम्भावना रहेको छ । ग्रहयोग अनुकूल रहेकाले सोचेका योजना क्रमशः बन्दै जाने छन् । उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ । रोकिएका काम क्रमशः बन्दै जाने छन् । आर्थिक पक्षका काममा सफलता प्राप्त होला । प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता मिल्ने देखिन्छ । आत्मीयजन एवं आफन्तसँगको भेटघाटले मन रमाउने छ । रमाइलो ठाउँको भ्रमणका साथै मनोरञ्जनका अवसर मिल्ने छन् । पठनपाठनमा गहिरो अभिरुचि बढेर जाने छ । धार्मिक एवं सामाजिक कार्यमा समेत सहभागी हुनुपर्ने देखिन्छ । महिनाको उत्तरार्धमा धनागमको योग रहेको छ ।

वृष शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहला । आर्थिक पक्षका कारोबारमा सफलताको योग रहेको छ । पठनपाठनमा गहिरो अभिरुचि लाग्ने छ । धार्मिक एवं सामाजिक कार्यमा समेत सक्रिय सहभागिताको सम्भावना रहेको छ । आर्थिक पक्षका कामबाट राम्रै लाभ मिल्ने छ । महिनाको पूर्वार्धमा घरायसी खर्चको मात्रा बढेर जानुका साथै दाम्पत्य सम्बन्धमा समेत खटपट पर्न जाला । महिनाको उत्तरार्धमा धनागमका साथै मनोरञ्जनका अवसरसमेत मिल्ने छन् ।

मिथुन अनायासै नसोचेका समस्या आइपर्दा दिक्दारी गराउला । सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुऱ्याउनुपर्ने छ । यात्रा एवं सवारी चलाउँदा विशेष होसियारी अपनाउनु पर्ला । आफन्त एवं पारिवारिक भेटघाटले मन रमाउने छ । अध्ययन अध्यापनमा अनावश्यक बाधाअड्चन देखापर्नेछन् । आर्थिक लेनदेनका साथै ठूलो लगानी नगर्दा नै राम्रो होला । महिनाको पूर्वार्धमा सामान्य आकस्मिक यात्राका साथै सामान्य अस्वस्थताको योग रहेको छ भने उत्तरार्धमा मनोरञ्जन, एवं धनागमको सम्भावना रहेको छ ।

कर्कट खर्चको मात्रा बढेर जाला । व्यर्थको दौडधुपले गर्दा शारीरिक ताप केही बढी नै पर्ने छ । सामान्य अस्वस्थता एवं चोटपटकको योग रहेकाले सवारी चलाउँदा विशेष होसियारी अपनाउनु पर्ला । घरायसी खर्चको मात्रा बढेर जाने छ भने लेनदेनसम्बन्धी आर्थिक कारोबारमा हानिनोक्सानीको सम्भावना देखिन्छ । महिनाको पूर्वार्धमा अनावश्यक विवाद, आर्थिक हानिनोक्सानीका साथै पठनपाठनमा बाधा अड्चन आइपर्ने देखिन्छ भने उत्तरार्धमा सफलता, मनोरञ्जन एवं धनागमका अवसर मिल्ने छन् ।

सिंह उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ । मनले सोचेका योजनामा क्रमशः सफलता मिल्दै जाने छ । प्रतिस्पर्धामा सफलताको सम्भावना रहेको छ । मानसम्मान तथा पद प्रतिष्ठा बढेर जाला । अध्ययन अध्यापनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि लाग्ने छ । धार्मिक एवं सामाजिक काममा सहभागी हुनु पर्ला । आर्थिक पक्षका काममा राम्रै लाभ गराउने देखिन्छ । महिनाको पूर्वार्धमा काममा सामान्य बाधा अड्चन आइपर्ने देखिए पनि उत्तरार्धमा सफलता एवं मनोरञ्जनका अवसर मिल्ने छन् ।

कन्या सफलताको महिना रहेको छ । मनले सोचेका योजना तथा आँटेका काम सफल बन्ने छन् । सामाजिक तथा धार्मिक कार्यमा अभिरुचि लाग्ने छ । नोकरीमा पद प्रतिष्ठा वृद्धि गराउने सम्भावना रहेको छ । पठनपाठनमा सामान्य बाधाअड्चन आइपर्ने देखिन्छ । स्थान एवं काम परिवर्तनको सम्भावना रहेको छ । घरायसी खर्चको मात्रा बढेर जाने छ भने सन्तानको चिन्ताले सताउने छ । सुमधुर दाम्पत्य सम्बन्धका साथै पारिवारिक सुखको अनुभूति हुनेछ । आफन्त एवं इष्टमित्रसँगको भेटघाटले मन रमाउने छ । महिनाको उत्तरार्धमा धनागमको योग रहेको छ ।

तुला आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ । कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाने छ । सामान्य विवादको सम्भावना देखिएकाले बोलीचालीमा विचार पुऱ्याउनु पर्ला । खर्चको मात्रा बढेर जानाले व्यावहारिक कठिनाइ आइपर्ला ।

धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। सन्तान एवं परिवारका तर्फबाट सन्तोष गराउला। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाने छ। महिनाको पूर्वार्धमा आएका बाधाअड्चन उत्तरार्धतिर क्रमशः हटेर जाने छन्।

वृश्चिक सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विशेष ख्याल गर्नु पर्ला। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाने छ। सामान्य विवादको सम्भावना रहेकाले बोलीचालीमा विचार पुऱ्याउनुपर्ने छ। घरायसी विषयलाई लिएर दम्पतीमा केही खटपट पर्न जाने देखिन्छ। खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति देखा पर्ला। पठनपाठनमा अनावश्यक बाधाअड्चन देखा पर्ने छन् । महिनाको उत्तरार्धमा धनागमका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

धनु आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। सामान्य अस्वस्थताको योग रहेकाले खानपानमाा विचार पुऱ्याउनु पर्ला। व्यर्थको दौडधुपले शारीरिक ताप पर्न जाने देखिन्छ। गर्न आँटेका काममा ढिलासुस्ती गराउनुका साथै अनावश्यक बाधा अड्चनसमेत आइपर्ने देखिन्छ। घरायसी एवं पारिवारिक सम्बन्ध अनुकूल रहला। ठूला लगानी एवं लेनदेनसम्बन्धी कारोबार नगर्दा नै राम्रो होला। पठनपाठनमा सफलताको योग रहेको छ भने घरपरिवारमा धार्मिक कार्यको आयोजना हुने योग रहेको छ। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

मकर शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहला। उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ। पारिवारिक सुखसम्बन्ध अनुकूल रहला। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। भाग्यले साथ दिनाले गर्न आँटेका काम बन्ने छन्। प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता हात पर्ला। आर्थिक पक्ष बलियो भएर जाने छ। इष्टमित्र एवं आफन्तसँगको भेटघाटले मन रमाउने छ।

कुम्भ मानसिक अस्थिरता एवं दुबिधा बढेर जाला। अध्ययन अध्यापनमा सफलताको योग रहेको छ। आँटेका योजनामा ढिलासुस्ती गराउने समय रहेको छ। स्वास्थ्यमा उतारचढावको परिस्थिति देखा पर्ने छ। गलत व्यक्तिको सङ्गतले पश्चात्ताप पर्न जाने देखिएकाले सङ्गतमा विचार पुऱ्याउनु पर्ला। लेनदेन तथा ठूला आर्थिक कारोबार नगर्दा नै बेस होला। महिनाको उत्तरार्धमा नयाँ कामको सम्भावनाका साथै धनागमका अवसरसमेत मिल्ने छन्।

मीन आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप पर्न जाने देखिन्छ। परिवारमा माङ्गलिक कार्यको सम्भावना रहेको छ। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्। धार्मिक एवं सामाजिक काममा सहभागी हुनु पर्ला। दाम्पत्य सम्बन्धमा विश्वासको अभाव देखा पर्न जाला। घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति देखा पर्न सक्ने छ। साथीभाइ तथा आफन्तको भेटघाटले मन रमाउने छ।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

जन्म समय अनिवार्य छ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला। तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ।

सामान्यज्ञान प्रतियोगिता असार २०८२

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ । यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ । प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ । सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ । उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन् । ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुने छ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुने छैन । जस्तो समूह 'क' मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुन सक्छ ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्ने छ । सही उत्तरमा अङ्क प्राप्त हुने छ । यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइने छ । अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइने छ ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिने छ ।

प्रश्न

युवामञ्च २०८२ जेठ अङ्कमा यी प्रश्नको उत्तर खोज्न सकिन्छ ।

समूह (क), कुल अङ्क भार– ६

१) मल्लकालमा पेसेवर योद्धालाई के भनिन्थ्यो ? [१]

२) ताप वा चिसो रोक्न सक्ने असाधारण क्षमता भएको पदार्थ के हो ? [३]

३) आधुनिक चिकित्सा विज्ञानका प्रणेता भनेर कसलाई चिनिन्छ ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) शुद्धता, स्वच्छता र विश्वासको प्रतीक कुन रङलाई मानिन्छ ? [३]

२) राष्ट्रिय कोडेक्स समितिको अध्यक्ष को रहने प्रावधान छ ? [३]

३) विश्वको सबैभन्दा पुरानो होटेल कुन हो ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) नेपालका मेचे जातिलाई बङ्गलादेशमा के भनेर चिनिन्छ ? [५]

२) विसं २०८२ का लागि कति वटा पात्रोले नेपाल पञ्चाङ्ग निर्णायक समितिबाट स्वीकृति पाएका थिए ? [३]

३) पेरियोडिक टेबलका जन्मदाता को हुन् ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) फोहोरादरबार, सेतोदरबार र लालदरबारको मध्यमा रहेको आकर्षक बगैँचालाई मासेर कुन सडक (मार्ग) बनाइयो ? [७]

२) आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले कति वटा जातिलाई लोपोन्मुख समूहमा राखेको छ ? [३]

३) प्रधानमन्त्री केपी शर्मा ओलीले थाइल्यान्डको बैङ्ककमा बिम्स्टेकको छैटौँ सम्मेलनलाई कहिले सम्बोधन गर्नुभयो ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) हस्पिस सेवा कहिले कहाँबाट सुरु भयो ? [६]

२) ऋग्वेदमा कति ऋचा रहेका छन् ? [६]

३) एकमुखी रुद्राक्षलाई केको स्वरूप मानिएको छ ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) 'नदी किनाराका माझी' कृतिका लेखक को हुन् ? [६]

२) नेपालमा कहिलेदेखि छापा पात्रो प्रकाशित हुन थाल्यो ? [६]

३) 'रेता' को शाब्दिक अर्थ के हो ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) प्रिन्टिङ प्रेसका आविष्कारक को हुन् ? [८]

२) 'बिग जर्ज' उपनामले परिचित अन्तर्राष्ट्रिय बक्सिङ खेलाडी को हुन् ? [६]

३) महिला कबड्डी खेलको राष्ट्रिय टिमकी कप्तान अहिले को छन् ? [८]

२०८२ वैशाख अङ्कको परिणाम पृष्ठ ७४ मा

उत्तर २०८२ साउन १५ गतेसम्म प्राप्त भइसक्नुपर्ने छ ।

२०८२ साल असारको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]

२) .... [३]

३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]

२) .... [३]

३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]

२) .... [३]

३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]

२) .... [३]

३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]

२) .... [६]

३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]

२) .... [६]

३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]

२) .... [६]

३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८२ वैशाख १ देखि ३१ गतेसम्मका राष्ट्रिय घटना

वैशाख २ गते :	सर्वोच्च अदालतद्वारा नेपाल राष्ट्र बैङ्कको गभर्नर नियुक्तिसम्बन्धी संशोधित मापदण्ड तत्काल कार्यान्वयन नगर्न अल्पकालीन आदेश ।
वैशाख ५ गते :	विगतमा आफूले दायर गरेका पाँच मुद्दामा विशेष अदालतबाट फैसलाप्रति चित्त नबुझेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा सर्वोच्च अदालतमा पुनरावेदन ।
वैशाख ७ गते :	राष्ट्रपति रामचन्द्र पौडेलद्वारा गणतन्त्र टर्कीएका लागि नेपालको गैरआवासीय राजदूतमा रीता धिताल नियुक्त ।
वैशाख ८ गते :	शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईद्वारा राजीनामा ।
–	अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालयमा अमिन (करार) पदमा कार्यरत दिनेश यादवविरुद्ध तीन करोड २९ लाख ४५ हजार रुपियाँ बिगो मागदाबी ।
वैशाख ११ गते :	शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का नेता रघुजी पन्त नियुक्त ।
–	सर्वोच्च अदालतद्वारा आन्दोलनरत शिक्षकलाई तीन दिनभित्र नियमित पठनपाठनमा फर्किने वातावरण सुनिश्चित गर्न आदेश ।
वैशाख १२ गते :	संसद्को कार्यतालिका– वैशाख १९ मा नीति तथा कार्यक्रम र २८ गते 'प्रिबजेट' ।
वैशाख १३ गते :	पूर्वस्वास्थ्य राज्यमन्त्री एवं नेपाली कांग्रेस काठमाडौंका पूर्वसभापति तीर्थराम डङ्गोलको ७७ वर्षको उमेरमा निधन ।
वैशाख १५ गते :	स्वास्थ्य सामग्री खरिदमा अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव इमनारायण श्रेष्ठसहित यस कार्यमा संलग्न अन्यविरुद्ध भ्रष्टाचार मुद्दा दायर ।
वैशाख १७ गते :	पेसागत विभिन्न माग राखेर २९ दिनदेखि राजधानी केन्द्रित सडक आन्दोलनमा उत्रेका शिक्षक तथा कर्मचारी र सरकारबीच नौबुँदे सहमति ।
–	राष्ट्रपति रामचन्द्र पौडेलद्वारा खमबहादुर गर्बुजालाई राज्यमन्त्री नियुक्त ।
वैशाख २१ गते :	नेपाल विश्वविद्यालयको उपकुलपतिमा डा. अर्जुन कार्की र रजिस्ट्रारमा डा. सूर्यराज आचार्य नियुक्त ।
–	विशेष अदालतद्वारा सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी विकल पौडेल र म्याक्स इन्टरनेसनल कम्पनीका सिइओ अकवर हुसेनलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर ।
वैशाख २३ गते :	वामपन्थी नेता प्रदीप नेपालको ७१ वर्षको उमेरमा निधन ।
वैशाख २५ गते :	राष्ट्रिय भुक्तानी प्रणाली (नेसनल पेमेन्ट गेटवे) खरिद प्रणालीमा अनियमिततासम्बन्धी मुद्दामा विशेष अदालतबाट भएको फैसलाप्रति असन्तुष्टि जनाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा सर्वोच्च अदालतमा पुनरावेदन ।
वैशाख २८ गते :	सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम पारित ।
वैशाख २९ गते :	प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा लुम्बिनीमा २५६९ औँ बुद्ध जयन्ती तथा लुम्बिनी दिवस २०८२ मूल समारोहको उद्घाटन । ■

– सरस्वती खत्री, क्षेत्री